"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख, नमूना गाउँपालिका"

भिमसेनथापा गाउँपालिका

मध्यमकालीन खर्च संरचना, (आ.व. २०८०/८१- २०८२/८३)

Medium-Term Expenditure Framework, FY 2023/24 - 2025/26

भिमसेनथापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खान्चोक, गोरखा, गण्डकी प्रदेश, नेपाल।

२०८०

मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१ — २०८२/८३)

प्रकाशक : भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खान्चोक गोरखा
सर्वाधिकार : प्रकाशकमा
प्रकाशन मिति : २०८०
सम्पर्कका लागि : गाउँ कार्यपालिकाको कार्यालय
खान्चोक गोरखा, गण्डकी प्रदेश, नेपाल
फोन नं. :
ईमेल :
प्राविधिक सहयोग : सपोर्ट फर डेभलपमेन्ट इनिसियटिभ्स कन्सल्टेन्सी प्रा लि, काठमाँडौ ।

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खान्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

ईमेल :
bhimsenthapagaupalika@gmail.com;
info@bhimsenthapamun.gov.np;
website- www.bhimsenmun.gov.np

पत्र संख्या : २०७९/८०
चलानी नं :

मन्तब्य

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै भिमसेनथापा गाउँपालिकाले आफ्नै पहलमा यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने अवशर जुटेकोमा हामीलाई खुशी लागेको छ।

जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयमका लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यस गाउँपालिकाले आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुँदा उक्त योजना गाउँपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा सङ्घ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकाल आरम्भको रुपमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, र यस दस्तावेजले गाउँपालिकाबाट परिचालन हुने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु तथा गाउँपालिका परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

....

लोक प्रसाद बन्जारा (अक्कल)

अध्यक्ष

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खान्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

ईमेल :
bhimsenthapagaupalika@gmail.com;
info@bhimsenthapamun.gov.np;
website- www.bhimsenmun.gov.np

पत्र संख्या : २०७९/८०
चलानी नं :

मन्तब्य

सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी ब्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त ब्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही अनुरुप भिमसेनथापा गाउँपालिकाले यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र गाउँपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ। मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु ।

मध्यकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरू, लैगिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ ।

अन्त्यमा, यो गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागिपर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

....

अमृता देवि वस्ती (भट्ट)

उपाध्यक्ष

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खान्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

ईमेल :
bhimsenthapagaupalika@gmail.com;
info@bhimsenthapamun.gov.np;
website- www.bhimsenmun.gov.np

पत्र संख्या : २०७९/८०
चलानी नं :

दुई शब्द

गाउँपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक भिमसेनथापा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुरयाउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

विगत दशकहरूमा विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट गाउँपालिकाबाट गरिने सार्वजनिक खर्चलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु ।

अन्तमा, भिमसेनथापा गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि प्राविधिक सहयोग प्रदान गर्ने संस्था सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रा.लि. एवम् संलग्न विज्ञहरुलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

....

चित्र बहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

परिच्छेद १ : परिचय 1

१.१ पृष्ठभूमि 1

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा 1

१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य 1

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू 2

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया 2

१.५.१ परामर्शदाता छनौट तथा प्राविधिक सहयोग परिचालन २

१.५.२ सन्दर्भ सामग्रीको समीक्षा २

१.५.३ मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तयारी २

१.५.४ अभिमुखीकरण गोष्ठीको आयोजना २

१.५.५ विषयगत समिति तथा शाखासँग परामर्श ३

१.५.६ श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण ३

१.५.७ विषय क्षेत्रगत योजना तर्जुमा ३

१.५.८ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी ३

१.५.९ मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी ३

१.५.१० मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा सुझाब संकलन ३

१.५.११ मध्यमकालीन खर्च संरचनाको अन्तिम प्रतिवेदन तयारी र प्रतिवेदनहरू पेश ४

परिच्छेद २: मध्यमकालीन खर्च संरचना 5

२.१ पृष्ठभूमि 5

२.२ अवसर तथा चुनौती 5

२.३ सोच, उद्देश्य तथा रणनीति 6

२.३.१ दीर्घकालीन सोच ६

२.३.२ लक्ष्य ६

२.३.३ उद्देश्य ६

२.३.४ रणनीति ६

२.४ मध्यमकालीन आर्थिक खाका 6

२.५ मध्यमकालीन नतिजा खाका 7

२.६ मध्यमकालीन बजेट खाका 8

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट 9

२.८ विषय उपक्षेत्रगत बाँडफाँट 11

परिच्छेद ३ : आर्थिक क्षेत्र 13

३.१ कृषि खाद्य सुरक्षा तथा सिचाई 13

३.१.१ पृष्ठभूमि १३

३.१.२ समस्या तथा चुनौती १३

३.१.३ सोच १३

३.१.४ उद्देश्य १४

३.१.५ रणनीति १४

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १४

३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १४
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण १५
३.१.९ जोखिम पक्ष तथा अनुमान १५
३.२ पशु विकास 15
३.२.१ पृष्ठभूमि १५
३.२.२ समस्या तथा चुनौती १५
३.२.३ सोच १६
३.२.४ उद्देश्य १६
३.२.५ रणनीति १६
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १६
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १६
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण १७
३.२.९ जोखिम पक्ष तथा अनुमान १७
३.३ उद्योग, व्यापार तथा व्यवसाय 17
३.३.१ पृष्ठभूमि १७
३.३.२ समस्या तथा चुनौती १७
३.३.३ सोच १७
३.३.४ उद्देश्य १७
३.३.५ रणनीति १८
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १८
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १८
३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण १८
३.३.९ जोखिम पक्ष तथा अनुमान १९
३.४ पर्यटन तथा संस्कृति 19
३.४.१ पृष्ठभूमि १९
३.४.२ समस्या तथा चुनौती १९
३.४.३ सोच १९
३.४.४ उद्देश्य 19
३.४.५ रणनीति २०
.३.४६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २०
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २०
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २०
३.४.९ जोखिम पक्ष तथा अनुमान २१
३.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी 21
३.५.१ पृष्ठभूमि २१
३.५.२ समस्या तथा चुनौती २२
३.५.३ सोच २२
३.५.४ उद्देश्य २२
३.५.५ रणनीति २२

३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २२
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २३
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २३
३.५.९ जोखिम पक्ष तथा अनुमान २३
३.६ श्रम, रोजगारी तथा गरिबी निवारण 23
३.६.१ पृष्ठभूमि २३
३.६.२ समस्या तथा चनौती २३
३.६.३ सोच २४
३.६.४ उद्देश्य २४
३.६.५ रणनीति २४
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २४
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २४
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २४
३.६.९ जोखिम पक्ष तथा अनुमान २५
परिच्छेद ४ : सामाजिक क्षेत्र 26
४.१ शिक्षा, विज्ञान तथा प्रविधि 26
४.१.१ पृष्ठभूमि २६
४.१.२ समस्या तथा चुनौती २६
४.१.३ सोच २६
४.१.४ उद्देश्य २६
४.१.५ रणनीति २७
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २७
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २७
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २७
४.१.९ अनुमान तथा जोखिम २८
४.२ स्वास्थ्य तथा पोषण 28
४.२.१ पृष्ठभूमि २८
४.२.२ समस्या तथा चुनौती २८
४.२.३ सोच २९
४.२.४ उद्देश्य २९
४.२.५ रणनीति २९
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २९
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३०
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३०
४.२.९ जोखिम पक्ष तथा अनुमान ३०
४.३ खानेपानी तथा सरसरफाई 31
४.३.१ पृष्ठभूमि ३१
४.३.२ समस्या तथा चुनौती ३१
४.३.३ सोच ३१

४.३.४ उद्देश्य ३१
४.३.५ रणनीति ३१
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३१
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३२
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३२
४.३.९ जोखिम पक्ष तथा अनुमान ३२
४.४ महिला, बालबालिका तथा लक्षित वर्ग 32
४.४.१ पृष्ठभूमि ३२
४.४.२ समस्या तथा चुनौती ३३
४.४.३ सोच ३३
४.४.४ उद्देश्य ३३
४.४.५ रणनीति ३३
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३३
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३४
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३४
४.४.९ जोखिम पक्ष तथा अनुमान ३५
४.५ युवा तथा खेलकुद 35
४.५.१ पृष्ठभूमि ३५
४.५.२ समस्या तथा चुनौती ३५
४.५.३ सोच ३५
४.५.४ उद्देश्य ३६
४.५.५ रणनीति ३६
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३६
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३६
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३६
४.५.९ जोखिम पक्ष तथा अनुमान ३७
४.६ सामाजिक सुरक्षा र पञ्जीकरण 37
४.६.१ पृष्ठभूमि ३७
४.६.२ समस्या तथा चुनौती ३७
४.६.३ सोच ३७
४.६.४ उद्देश्य ३७
४.६.५ रणनीति ३७
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३७
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३८
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३८
४.६.९ जोखिम पक्ष तथा अनुमान ३८
परिच्छेद ५ : पूर्वाधार विकास 39
५.१ आवास, भवन तथा वस्ती विकास 39
५.१.१ पृष्ठभूमि ३९

५.१.२ समस्या तथा चुनौती ३९
५.१.३ सोच ३९
५.१.४ उद्देश्य ३९
५.१.५ रणनीति ३९
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४०
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४०
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४०
५.१.९ जोखिम पक्ष तथा अनुमान ४०
५.२ सडक, पुल तथा यातायात 41
५.२.१ पृष्ठभूमि ४१
५.२.२ समस्या तथा चुनौती ४१
५.२.३ सोच ४१
५.२.४ उद्देश्य ४१
५.२.५ रणनीति ४१
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४२
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४२
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४२
५.२.९ जोखिम पक्ष तथा अनुमान ४३
५.३ जलस्रोत, विद्युत तथा उर्जा 43
५.३.१ पृष्ठभूमि ४३
५.३.२ समस्या तथा चुनौती ४३
५.३.३ सोच ४३
५.३.४ उद्देश्य ४३
५.३.५ रणनीति ४३
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४३
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४४
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४४
५.३.९ जोखिम पक्ष तथा अनूमान ४४
५.४ सूचना तथा सञ्चार 44
५.४.१ पृष्ठभूमि ४४
५.४.२ समस्या तथा चुनौती ४४
५.४.३ सोच ४५
५.४.४ उद्देश्य ४५
५.४.५ रणनीति ४५
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४५
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४५
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४५
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ४६
परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन 47

६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण 47
६.१.१ पृष्ठभूमि ४७
६.१.२ समस्या तथा चुनौती ४७
६.१.३ सोच ४७
६.१.४ उद्देश्य ४७
६.१.५ रणनीति ४७
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४८
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४८
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४८
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ४८
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन 49
६.२.१ पृष्ठभूमि ४९
६.२.२ समस्या तथा चुनौति ४९
६.२.३ सोच ४९
६.२.४ उद्देश्य ४९
६.२.५ रणनीति ४९
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४९
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय ५०
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५०
६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ५०
६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन 50
६.३.१ पृष्ठभूमि ५०
६.३.२ समस्या तथा चुनौती ५१
६.३.३ सोच ५१
६.३.४ उद्देश्य ५१
६.३.५ रणनीति ५१
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५१
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५२
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५२
६.३.९ जोखिम पक्ष तथा अनुमान ५२
परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन 53
७.१ नीति, कानून, न्याय तथा सुशासन 53
७.१.१ पृष्ठभूमि ५३
७.१.२ समस्या तथा चुनौती ५३
७.१.३ सोच ५३
७.१.४ उद्देश्य ५३
७.१.५ रणनीति ५३
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५३
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५४

७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५४
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ५४
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह 54
७.२.१ पृष्ठभूमि ५४
७.२.२ समस्या तथा चुनौती ५५
७.२.३ सोच ५५
७.२.४ उद्देश्य ५५
७.२.५ रणनीति ५५
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५५
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५५
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५५
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ५६
७.३ राजस्व तथा स्रोत परिचालन 56
७.३.१ पृष्ठभूमि ५६
७.३.२ समस्या तथा चुनौती ५६
७.३.३ सोच ५६
७.३.४ उद्देश्य ५६
७.३.५ रणनीति ५६
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५६
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५७
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५७
७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ५७
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन 57
७.४.१ पृष्ठभूमि ५७
७.४.२ समस्या तथा चुनौती ५७
७.४.३ सोच ५८
७.४.४ उद्देश्य ५८
७.४.५ रणनीति ५८
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५८
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५८
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५८
७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान 59
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन 61
अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण 68
अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा तस्वीरहरु 71

तालिका सूची

तालिका २.1 : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) ६
तालिका २.2: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ७
तालिका २.3 : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ८
तालिका २.4: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रकम रु. हजारमा) ९
तालिका २.5: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा) १०
तालिका २.6: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा) १०
तालिका २.7: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा) ११
तालिका २.8: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु) ११
तालिका २.9: आगामी तीन आ(हजारमा .रकम रु) को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण.व ११

परिच्छेद १ : परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने परिकल्पना गरेको छ। स्थानीय तहमा स्थानीय सरकारले जनताको सबैभन्दा नजिकैको सरकारका रुपमा शासन सञ्चालन गर्दछ। संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम स्थानीय सरकारले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार रहेको छ । कानूनी, नीतिगत एवम् व्यावहारिक दृष्टिले आवधिक योजना, मध्यमकालीन खर्च संरचना एवम् वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमालाई अनिवार्य दायित्वका रुपमा रहेको छ।

नेपालमा मध्यमकालीन खर्च संरचना तयारी अभ्यासको थालनी राष्ट्रियस्तरमा दशौं पञ्चवर्षीय योजनासँगै भएको हो। संघीयताको कार्यान्वयनसँगै हाल सबै तहको सरकारले मध्यमकालीन खर्च संरचना अनिवार्य तयारी गर्नुपर्ने कानूनी प्राबधान रहेको छ। संघीय ऐन अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय–व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) ले मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रकृयालाई स्पष्ट गरेको छ।

भिमसेनथापा गाउँपालिकाले प्रथम आवधिक योजना, विद्यमान कानूनी व्यवस्था र स्थानीय आवश्यकता बमोजिम पहिलो पटक मध्यमकालीन खर्च संरचना तयारीको सुरुवात गरेको छ । यस दस्तावेज तयारीमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था, स्थानीय आवधिक विकास योजना तथा वार्षिक बजेट तथा कार्यक्रम र सरोकारवालासँगको छलफलको निष्कर्शलाई आधारका रूपमा लिइएको छ।

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना वित्तीय सुशासन एवम् योजना अनुशासन कायम गर्ने सार्वजनिक वित्त व्यवस्थापनको औजार हो। यसले सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गरी सार्वजनिक श्रोतको व्यवस्थापनमा सुधार ल्याउन मद्दत गर्दछ। मध्यमकालीन खर्च संरचनाले सीमित श्रोतलाई त्रिवर्षीय चक्रीय खर्च योजनाका रुपमा बाँडफाँट गर्दछ। यसले आवधिक योजनालाई वार्षिक योजनासँग जोडने पुलका रुपमा कार्य गर्दछ। आवधिक योजनाले लिएको सोच, लक्ष्य तथा उद्देश्य बमोजिमको नतिजा हासिल गर्न सार्वजनिक श्रोतको विनियोजन तथा परिचालनलाई प्रभाबकारी गराउँछ। आवधिक योजनाले लिएको प्राथमिकता क्षेत्रमा आवश्यक खर्चको सुनिश्चितता गरी नतिजा हासिल सहयोग गर्दछ। मध्यमकालीन खर्च संरचनाले सार्वजनिक खर्चको प्रभाबकारी व्यवस्थापनमार्फत वित्तीय स्थायित्व कायम गर्न सहयोग गर्दछ।

मध्यमकालीन खर्च संरचनाले सरकारको वार्षिक बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक बनाउन महत्वपूर्ण भूमिका खेल्दछ। यसमा आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकालाई समावेश गर्नु पर्दछ। त्यसैगरी, विषय उप–क्षेत्रगत खर्च, कार्यक्रम तथा आयोजना, प्रति एकाई लागत, प्राथमिकता क्षेत्र र खर्चका श्रोतहरुलाई उल्लेख गरिएको हुन्छ। आर्थिक वर्षको वास्तविक स्रोत पूर्वानुमान तथा खर्चको आधारमा बजेट वर्षको लागि बजेट अनुमान र आगामी दुई आर्थिक वर्षको लागि बजेट प्रक्षेपणलाई पनि समावेश गरिएको हुन्छ। आगामी आर्थिक वर्षमा बजेट कार्यान्वयन पश्चात् प्रगति समीक्षा गरी पुनः आगामी दुई वर्षको बजेट संसोधनमा आवश्यक देखिएमा परिमार्जन समेत गनु पर्ने हुन्छ।

१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभाबकारी गराइ विकासको नतिजा हासिल गर्नु मध्यमकालीन खर्च संरचना तयारीको प्रमुख उद्देश्य रहेको छ। यसका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

(क) आवधिक योजनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यलाई सहयोग पुर्याउनु,

(ख) सार्वजनिक खर्च व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्नु,

(ग) प्राथमिकता क्षेत्रमा आवश्यक स्रोतको सुनिश्चितसहित त्रिवर्षीय श्रोत, खर्च तथा उपलब्धिको यथार्थपरक अनुमान तथा प्रक्षेपण गर्नु,

(घ) आवधिक योजनाका आधारमा त्रिवर्षीय बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु,

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

यस मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू देहायबमोजिम रहेका छन्ः

- नेपालको संविधान
- अन्तर–सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०३०–२०१५)
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८१/८२)
- गण्डकी प्रदेशको पहिलो आवधिक विकास योजना (२०७६/७७–२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७८/७९)
- भिमसेनथापा गाउँपालिकाको प्रथम आवधिक विकास योजना (२०७८–०८३)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- स्थिति पत्र (प्रोफाईल)

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) भएको व्यवस्था र स्थानीय विशिष्ठता तथा आवश्यकताका आधारमा यस मध्यमकालीन खर्च संरचना तयारीको विधि तथा प्रक्रिया तय गरिएको छ । मध्यमकालीन खर्च संरचना तयारीको विधि तथा प्रकृयालाई निम्न बमोजिम रहेका छन्ः

१.५.१ परामर्शदाता छनौट तथा प्राविधिक सहयोग परिचालन

मध्यमकालीन खर्च संरचना तयारी कार्यमा विशेषज्ञ सहयोगका लागि विद्यमान प्रावधान बमोजिम परामर्शदातृ संस्थाको छनौट गरिएको थियो । विधिवत रुपमा छनौट भई जिम्मेवारी प्राप्त गरेको परामर्शदातृ संस्था सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रालि काठमाण्डौंलाई तोकिएको कार्यादेशअनुसार कार्य सम्पन्न गर्ने गरी प्राविधिक सहयोग परिचालन गरिएको थियो । गाउँ कार्यपालिकाको नेतृत्वमा प्राविधिक सहयोग टोली र सरोकारवाला सबैको सहयोग, पृष्ठपोषण र परामर्शका आधारमा मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरिएको छ।

१.५.२ सन्दर्भ सामग्रीको समीक्षा

मध्यमकालीन खर्च संरचना तयारीका लागि सान्दर्भिक कानून, योजना, नीति, कानून, दिग्दर्शन र कार्यविधि सहितका दस्तावेजहरु अध्ययन गरिएको थियो। अध्ययनका आधारमा मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा रहेका प्रावधान एवम् आवश्यक सूचना पहिचान गरिएको थियो । सङ्घीय तथा प्रदेश तहका कानून, नीति, योजना तथा उपयोगी दस्तावेज सहित स्थानीय तहको आवधिक योजना, वस्तुगत विवरण र वार्षिक बजेट तथा कार्यक्रमहरुबाट आवश्यक सूचना तथा विवरण संकलन गरिएको थियो ।

१.५.३ मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तयारी

मध्यमकालीन खर्च संरचना तयारीको प्रकृया, ढाँचा, औजार र कार्ययोजनालाई प्राविधिक सहयोग टोलीको सहयोगमा तयार गरियो । यस प्रयोजनका लागि स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था र स्थानीय विशिष्ठता एवम् आवश्यकतालाई आत्मसात गरिएको थियो ।

१.५.४ अभिमुखीकरण गोष्ठीको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारण, आवश्यकता, कानूनी प्रावधान, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा समान बुझाइ कायम गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना तयारी अभिमुखीकरण गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीको सहजीकरण सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रा. लि.का विषय विज्ञद्धारा गरिएको थियो । सो कार्यशालामा गाउँ

कार्यपालिकाका पदाधिकारीहरु, विषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु एवम् अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । उक्त कार्यशालामा मध्यमकालीन खर्च संरचना तयारीको समग्र पक्षहरुमा स्पष्टता एबम् समान बुभाई कायम गरिएको थियो । कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र कार्य योजनाको स्वीकृति गरी जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरिएको थियो ।

१.५.५ विषयगत समिति तथा शाखासँग परामर्श

विषयगत रुपमा आवश्यक सूचना तथा जानकारी हासिल गर्ने उद्देश्येले विषयगत समिति तथा विषयगत शाखा÷एकाइसँग परामर्श तथा छलफल गरिएको थियो । यस क्रममा विगतको उपलब्धि समीक्षाका लागि शाखागत अभिलेख एवम् छलफलको निष्कर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली कार्यक्रम तथा आयोजना, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण समेत तयार गरिएको थियो । परामर्श एबम् छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी र आयोजनाको श्रोत आवश्यकता निर्धारण गरिएको थियो ।

१.५.६ श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण

श्रोत अनुमान तथा प्रक्षेपणका लागि विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धता एवं भावि सम्भाव्यतालाई आधार मानिएको थियो । आन्तरिक श्रोत, राजस्व बाँडफाँटबाट प्राप्त श्रोत, अन्तर–सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त श्रोत लगायतका विभिन्न श्रोत समेतलाई बजेट वर्षको लागि अनुमान तथा आगामी दुई आर्थिक वर्षको प्रक्षेपण गरिएको थियो । खर्चको अनुमान तथा प्रक्षेपणका लागि पनि विगत आर्थिक वर्षहरूको खर्चको प्रवृति, चालु तथा बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोतलाई मुख्य आधार मानिएको थियो । यसरी, श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरी विषयगत शाखा÷एकाइमा विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइएको थियो ।

१.५.७ विषय क्षेत्रगत योजना तर्जुमा

विषय क्षेत्रगत योजना तर्जुमाका लागि विषयगत शाखा÷एकाईका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूसँग छलफल तथा परामर्श गरिएको थियो । छलफलबाट उप–क्षेत्रगत रुपमा आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना र कार्यक्रमको पहिचान, लागत अनुमान र आगामी तीन आर्थिक वर्षको लागि स्रोतको निर्धारण गरिएको थियो । त्यसैगरी, विषयगत रूपमा प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्य, लैङ्गिक एवम् जलवायु सङ्केतका आधारमा कार्यक्रम्आयोजनाको साङ्केतीकरण समेत गरिएको थियो ।

१.५.८ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

विषय क्षेत्रगत योजना तर्जुमा सम्बन्धी छलफल र परामर्शको निष्कर्ष र बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो । उप–क्षेत्रगत रुपमा तयार भएको मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचनाको मस्यौदा तयार गरिएको थियो । विषय क्षेत्रगत रुपमा तयार गरिएको मध्यमकालीन संरचनाको मस्यौदा दस्तावेजलाई विषयगत समितिमा पृष्ठपोषण तथा सुझाबका लागि पेश गरिएको थियो ।

१.५.९ मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचना तयारीमा विषयगत समितिको छलफलको सुझाब र कार्यदल एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्शका आधारमा मस्यौदा दस्तावेज तयार गरिएको थियो । स्वीकृत ढाँचामा विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज तयार गरियो ।

१.५.१० मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा सुझाब संकलन

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजलाई सरोकारवालाहरुमाझ प्रस्तुत गरी सुझाब तथा पृष्ठपोषण हासिल गरिएको थियो । मध्यमकालीन खर्च संरचना सुझाब तथा पृष्ठपोषण हासिल गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना सुझाब संकलन कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीमा गाउँ कार्यपालिका एबम् विषयगत समितिका पदाधिकारीहरू, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु र स्थानीय विकासका सरोकारवालाहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा मस्यौदा दस्तावेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना, प्राथमिकता, स्रोत बाँडफाँट, स्रोत विनियोजन तथा साङ्केतीकरण र मध्यमकालीन खर्च संरचनाको समग्र मस्यौदा दस्तावेजमाथी सुझाव र पृष्ठपोषण हासिल गरिएको थियो ।

१.५.११ मध्यमकालीन खर्च संरचनाको अन्तिम प्रतिवेदन तयारी र प्रतिवेदनहरू पेश

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरी दस्तावेजलाई अन्तिम स्वरुप दिइएको गरियो । यस क्रममा विषयगत शाखाहरूबाट आवश्यक सूचना तथा विवरण संकलन गरिएको थियो । मध्यमकालीन खर्च संरचनाको अन्तिम दस्तावेजलाईस्वीकृतिको लागि कार्यदलमार्फत गाउँ कार्यपालिकामा पेश गरिएको थियो ।

परिच्छेद २: मध्यमकालीन खर्च संरचना

२.१ पृष्ठभूमि

गाउँपालिकाले विकास, समृद्धि र आर्थिक–सामाजिक रुपमान्तरणको आकांक्षालाई मुर्त रुप दिनका लागि सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभाबकारी गराउनु आवश्यक हुन्छ। मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो। मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्न मद्दत पुर्याउँछ। यसका अतिरिक्त प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गरी सरकारले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न उपयुक्त परिवेश तयार गर्दछ। दीर्घकालीन सोच र योजनाले लिएको लक्ष्य हासिल गर्न प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजनको सुनिश्चितता र सो अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु जरुरी हुन्छ।

नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच तथा गण्डकी प्रदेश सरकारले लिएको "समृद्ध प्रदेश र सुखी नागरिक" को दीर्घकालीन सोचलाई मध्यनजर गर्दै भिमसेनथापा गाउँपालिकाले दीर्घकालीन सोचका रुपमा "कृषि, पर्यटन र पूर्वाधार: भिमसेनथापा गाउँपालिका समृद्धिको मूल आधार" लिएको छ। नेपालले लिएको दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजना र गण्डकी प्रदेशको प्रथम आवधिक योजनाको अनुकूल हुने गरी गाउँपालिकाको विकास प्रकृयालाई अगाडी बढाएको छ। कोभिड १९ को आर्थिक–सामाजिक दुस्प्रभाब, विश्वव्यापी मुल्यवृद्धिको दवाब र स्वदेशी अर्थतन्त्रमा देखिएको जोखिमका बावजुद गाउँवासीको समृद्धि र रुपान्तरणको आकांक्षालाई सम्बोधन गर्न सहयोग पुग्नेगरी यस मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

२.२ अवसर तथा चुनौती

भिमसेनथापन गाउँपालिकामा बुढीगण्डकी नदीले निर्माण गरेका टार तथा मध्यपहाडी धरातलका कारण बनेका बेशी तथा फाँटहरूमा रहेका उर्वर जमिन सहित गाउँपालिकाको ५१.०४ प्रतिशत जमिन खेतीपातीका लागि योग्य रहेको छ। ऐतिहासिक तथा धार्मिक क्षेत्रहरुका कारण प्रसिद्ध रहेको छ। राष्ट्रिय विभूति भीमसेन थापा तथा राम शाह कालीन दुल्लभ लामिछाने जस्ता व्यक्तित्वको ऐतिहासिकतासँग गाँसिएको क्षेत्रका रुपमा रहेको छ। निर्माणाधिन बुढीगण्डकी जलविद्युत आयोजनाले सृजना गर्ने आर्थिक अवसरहरु यस क्षेत्रमा रहेका छन्। नदी तटीय उर्वर भूमि, समशीतोष्ण हावापानी, जैविक विविधता र जलश्रोतले अवसर सृजना गरेको छ। मध्यपहाडी लोकमार्गको आरुघाट–मसेल–निबेल खण्ड, बेनीघाट–आरुघाट सडकको क्यामुनटार–अमिलिचौर खण्ड तथा गोरखा बजार– आरुघाट सडकको झिँगटे–घ्याम्पेसाल–टारीखेत खण्ड जस्ता रणनीतिक सडक सञ्जालसँग गाउँपालिका आवद्ध रहेको छ। बुढीगण्डकी नदी, दरौँदी नदी, स्तुल खोला लगायतका २८ वटा नदी तथा खोलाहरू रहेका छन् भने कुल क्षेत्रफलको ३६ प्रतिशत क्षेत्रमा वन रहेको छ।

गाउँपालिकाको समग्र विकासमा अन्तर–सरकार चासो र सहकार्यमा वृद्धि हुँदै गएको छ। स्थानीय सरकारको नेतृत्व अनुभवी तथा परिपक्व हुँदै गएको तथा विकास निर्माणप्रति जनचासो बढ्दै गएको छ। तीन वटै तहमा समन्वय, सहकार्य तथा सह–अस्थित्वका आधारमा निर्वाचित सरकारहरू क्रियाशिल रहनु र नीति, कानून, योजना तथा मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु महत्वपूर्ण अवसरका रूपमा रहेको छ। स्थानीय सरकारहरू बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुँदै गएको छ।

गाउँ विकासका मुख्य चुनौतीहरुमा जनशक्ति पलायत रोक्नु, गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सेवा सुबिधाको सहज पहुँच कायम गर्नु, चालु खर्चमा कटौती गर्नु तथा पुँजीगत खर्चमा वृद्धि गर्नु, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि गर्नु, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्नु रहेका छन्। विद्यमान विकासको प्रवृति अनुरूप दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, प्रादेशिक योजना र स्थानीय आवधिक विकास योजनाको उद्देश्य हासिल गर्नु पनि चुनौतीहरुका रूपमा रहेका छन्। यसका साथै विश्वव्यापी रूपमा देखा परेको आर्थिक सिथिलताको प्रभाब कम गर्नु र वातावरणीय ह्रास तथा जलवायु परिवर्तनको कम गर्नु पनि चुनौतीका रुमा देखिएका छन्।

वैज्ञानिक भू–उपयोग नीति कार्यान्वयन, खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा, पर्यटनका आधारभूत पूर्वाधारका, राष्ट्रिय राजमार्ग प्रणालीसम्मको सुद्धढ तथा सहज पहुँच, कुरिती तथा कुप्रथा, बढ्दो बसाई सराई, बढ्दो आयात र अनुत्पादक खर्चका कारण सिर्जना गरेको आर्थिक तथा सामाजिक प्रभाब कम गर्नु कठिनाइका रुपमा रहेको छ। व्यवस्थित बस्ती विकास, स्वच्छ खानेपानी तथा उर्जाको सहज उपलब्धता, गुणस्तरीय सरसफाई सुबिधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोगमा आशातित उपलब्धि हासिल हुन सकेको छैन। प्राकृतिक श्रोतहरूको दिगो परिचालन, युवा स्वरोजगारीका अवसरको सिर्जना र दिगो पूर्वाधार निर्माणको कमी रहेको छ

। वित्तीय सङ्घीयतको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संसाधन र संस्थागत क्षमता अभिवृद्धिका कार्य यथोचित रूपमा अगाडी बढाउन कठिनाइ रहेको छ । सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभाबकारी वित्तीय अनुशासन कायम गर्नु चुनौतीपूर्ण रहेको छ ।

२.३ सोच, उद्देश्य तथा रणनीति

गाउँ विकासको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिमका उप–शिर्षकहरूमा प्रस्तुत गरिएको छः

२.३.१ दीर्घकालीन सोच

भिमसेनथापा गाउँपालिकाको दीर्घकालीन सोच देहाय बमोजिम रहेको छः
"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमूना गाउँपालिका"
प्राकृतिक र साँस्कृतिक सम्पदाको उच्चतम सदुपयोगमार्फत तीब्र उत्पादनमुखी व्यावसायिक कृषि, पर्यटन र पूर्वाधारको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने ।

२.३.२ लक्ष्य

भूमिको वैज्ञानिक उपयोग तथा साँस्कृतिक धरोहरहरूको उच्चतम सदुपयोग गरी आधुनिक र व्यवसायिक कृषिको विकासमार्फत कृषिमा आधारित उद्योगको स्थापना साथै पर्यटन प्रर्वद्धन गरी आर्थिक क्रान्ति गर्ने ।

२.३.३ उद्देश्य

(क) कृषि, उद्योग, पर्यटनलगायत आर्थिक सम्भावनाका क्षेत्रहरूको विकासमार्फत आर्थिक सम्वृद्धि हासिल गर्नु ।
(ख) न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु ।
(ग) विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु ।
(घ) पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु ।
(ङ) सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु ।

२.३.४ रणनीति

गाउँपालिकाको आवधिक विकास योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीति (रणनीतिक स्तम्भ) हरू अवलम्बन गरिएका छन् **:**

१) आर्थिक क्षेत्रका मूल स्तम्भहरू जस्तै कृषि, वन, पर्यटन र उद्योग क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरूलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने।
२) हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रूपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिँचाइ, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने।
३) सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धानतर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने।
४) सामाजिक न्याय स्थापित गरी समावेशिकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागिता मूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने।
५) विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवद्र्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने।
६) जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरूमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरूप अनुशरण गर्ने।

२.४ मध्यमकालीन आर्थिक खाका

भिमसेनथापा गाउँपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा नतिजा सूचक निर्धारण मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य तयार गरी गरिएको छ । मध्यमकालीन आर्थिक लक्ष्यलाई तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।
तालिका २.1 : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)

क्रस	सूचक लक्ष्य	एकाई	२०७८/७९ सम्मको लक्ष्य	२०७९/८० सम्मको उपलब्धी	मध्यमकालीन लक्ष्य		
					२०८०/८१	२०८१/८२	२०८२/८३
१	कुल बार्षिक उत्पादन	रु लाखमा	२२०००	३८०००	४४०००	६००००	७६०००
१.१	*कृषि क्षेत्र*	रु लाखमा	२००००	३५०००	४००००	५५०००	७००००
१.२	*गैर कृषि (उद्योग र सेवा) क्षेत्र*	रु लाखमा	२०००	३०००	४०००	५०००	६०००
२	औषत पारिवारिक आय	रु लाखमा	१.५	१.८	२	२.५	३
३	उद्योग, ब्यापार र व्यवसाय	संख्या	८००	८५०	९००	१०००	१२००
४	औपचारिक क्षेत्रमा रोजगारी श्रृजना	संख्या	४५००	५०००	५७५०	६३५०	७०००
५	आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	७०	७२	७५	८०	८५

स्रोत : गाउँपालिकाको आवधिक योजना २०७६

२.५ मध्यमकालीन नतिजा खाका

मध्यमकालीन नतिजा खाकालाई नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा भिमसेनथापा गाउँपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न सहयोग पुग्ने तयार गरिएको छ। आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको खाकामा विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आर्थिक वर्ष २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक योजना, वार्षिक योजना र विगतको प्रवृति र वर्तमानको सामर्थका आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २.2: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

क्रस	सूचक लक्ष्य	एकाई	२०७८/७९ सम्मको लक्ष्य	२०७९/८० सम्मको अनुमानित उपलब्धी	मध्यमकालीन लक्ष्य		
					२०८०/८१	२०८१/८२	२०८२/८३
१	प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी)	के.जी.	२५०	३००	३४०	४००	५००
२	आफनो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या	प्रतिशत	१०	९	८	७	६
३	आफ्नो उत्पादन र आयले वर्षभरी खानपुग्ने परिवार	प्रतिशत	६०	६४	६८	७३	७८
४	कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन	प्रतिशत	७५	८०	८५	९०	९५
५	साक्षरता दर	प्रतिशत					
६	आधारभूत तह (१–८) खुद भर्ना दर	प्रतिशत					
७	माध्यमिक तह (९–१२) खुद भर्ना दर	प्रतिशत					
८	संस्थागत सुत्केरी गराउने गर्भवती महिला	प्रतिशत					
९	५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा	जना					
१०	कुपोषण दर	संख्या					
११	आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार	प्रतिशत	४५	५०	६०	७५	८५
१२	जीवनमा शारिरीक तथा यौन हिंसा भोगका महिला	प्रतिशत	२५	२८	३२	३५	४०
१३	विषयगत समितिमा महिला प्रतिनिधित्व	प्रतिशत					
१४	भवनसहिंता अनुसार निर्माण भएका आवास घर	प्रतिशत					
१५	सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या	प्रतिशत					
१६	स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार	प्रतिशत					
१७	इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या	प्रतिशत					
१८	हरियाली क्षेत्र	प्रतिशत					

क्रस	सूचक लक्ष्य	एकाई	२०७८/७९ सम्मको लक्ष्य	२०७९/८० सम्मको अनुमानित उपलब्धी	मध्यमकालीन लक्ष्य		
					२०८०/८१	२०८१/८२	२०८२/८३
१९	गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही	प्रतिशत	३०	४०	५०	६०	६५
२०	कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा	प्रतिशत					
२१	कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु	संख्या	४०	१००	१००	१००	१००
२२	नीति, कानून, कार्यविधि र मापदण्ड पालना	प्रतिशत	३०	४०	५०	६०	७५
२३	निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा तथा एकाइ	प्रतिशत	४०	१००	१००	१००	१००

२.६ मध्यमकालीन बजेट खाका

आवधिक योजना, दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित प्रथम आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधारका रुपमा लिइ गाउँपालिकाको त्रिवर्र्षीय बजेट खाका तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाले सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रुपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ । यसका साथै आर्थिक सिथिलताको दुस्परिणामलाई प्राथमिकता दिएको छ ।
गाउँपालिकाका विशेष आयोजना, क्रमागत आयोजना, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुनेगरी बजेट खाका तर्जुमा गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगतको प्रवृत्ति, अर्थतन्त्रमा देखापरेको सिथिलता र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची - २ मा प्रस्तुत गरिएको छ ।
गत आर्थिक वर्षको राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलव्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ ।
आगामी तीन वर्षको अवधिमा गाउँपालिकाको कुल बजेट रु. १ अर्व ८६ करोड ८४ लाख १७ हजार हुने अनुमान तथा प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २.3 : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

क्रस	बजेटका स्रोतहरु	२०७६/७७ को यथार्थ	२०७७/७८ को यथार्थ	२०७८/७९ को यथार्थ	२०७९/८० को प्रस्तावित	अनुमान तथा प्रक्षेपण			३ बर्षको प्रक्षेपण जम्मा
						२०८०/८१	२०८१/८२	२०८२/८३	
क	आय अनुमान	४६६७६५	५७९२७५	५९३१९४	६४००३२	५५८४३०	६३०९४३	६७९०४४	१८६८४१७
१	आन्तरिक आय	४११२	५७५४	४०६७	४४८०	७०००	७८४०	८६२४	२३४६४
२	राजस्व बाँडफाँट बाट प्राप्त रकम	४९७४२	६४३६४	७२३५३	८९७३१	८८६१५	९७४७७	१०७२२४	२९३३१६
	क. नेपाल सरकार	४६७९२	५८७८६	६७९४७	८४४६८	८२७६७	९१०४४	१००१४८	२७३९५९
	ख. प्रदेश सरकार	२९५०	५५७८	४४०६	५२६३	५८४८	६४३३	७०७६	१९३५७

क्रम	बजेटका स्रोतहरु	२०७६/७७ को यथार्थ	२०७७/७८ को यथार्थ	२०७८/७९ को यथार्थ	२०७९/८० को प्रस्तावित	अनुमान तथा प्रक्षेपण			३ बर्षको प्रक्षेपण जम्मा
						२०८०/८१	२०८१/८२	२०८२/८३	
३	रोयल्टी बाँडफाँट	०	१२	१८	२०	०	३०	४०	७०
	क. वन रोयल्टी	०	१२	१८	२०	०	३०	४०	७०
	ख. खानी रोयल्टी	०	०	०	०	०	०	०	०
	ग. विद्युत् रोयल्टी	०	०	०	०	०	०	०	०
	घ. पर्वतारोहण रोयल्टी	०	०	०	०	०	०	०	०
	ङ. पानी तथा अन्य रोयल्टी	०	०	०	०	०	०	०	०
४	नेपाल सरकार वित्तीय हस्तान्तरण	३२२७०८	३३४३९१	३६०१११	४००७७४	४०१०००	४४११००	४८५२१०	१३२७३१०
	क. वित्तीय समानीकरण अनुदान	१३१४००	१३१९००	१३५७००	१४४५००	१२६३००	१३८९३०	१५२८२३	४१८०५३
	ख. सशर्त अनुदान	१९१३०८	२०२४९१	२२४४११	२५६२७४	२६१७००	२८७८७०	३१६६५७	८६६२२७
	ग. समपूरक अनुदान	०	०	०	०	८०००	८८००	९६८०	२६४८०
	घ. विशेष अनुदान	०	०	०	०	५०००	५५००	६०५०	१६५५०
५	प्रदेश सरकार वित्तीय हस्तान्तरण	१२८१९	१२५७७	१६७३२	२७७५७	२६८१५	३४४९७	३७९४६	९९२५८
	क. वित्तीय समानीकरण अनुदान	१२२०५	१२२२४	१६७३२	१७७५७	१७८१५	१९५९७	२१५५६	५८९६८
	ख. सशर्त अनुदान	०	३५३	०	५०००	३०००	३३००	३६३०	९९३०
	ग. समपूरक अनुदान	०	०	०	०	६०००	६६००	७२६०	१९८६०
	घ. विशेष अनुदान	६१४	०	०	५०००	०	५०००	५५००	१०५००
६	आन्तरिक ऋण	०	०	०	०	०	०	०	०
७	अन्य अनुदान	०	०	०	०	०	०	०	०
८	जनसहभागिता	०	०	०	०	०	०	०	०
९	अन्तर स्थानीय तह साझेदारी रकम	०	०	०	०	०	०	०	०
१०	मौज्दात रकम	७७३८४	१६२१७७	१३९९१३	११७२७०	३५०००	५००००	४००००	१२५०००
ख	कुल	३०४५८८	४३९३६२	४७५९२४	६४००३२	५५८४३०	६३०९४३	६७९०४४	१८६८४१७
१	खर्च अनुमान								
२	चालु खर्च	२४१४५१	२८७३७२	३०३०२८	४४८४०७	३३५०५८	३४७०१९	३३९५२२	१०२१५९९
३	पुँजीगत खर्च	६३१३७	१५१९९०	१७२८९६	१९१६२५	२२३३७२	२८३९२४	३३९५२२	८४६८१९
	बचत (–) न्यून (+)	-१६२१७७	-१३९९१३	-११७२७०	०	०	०	०	०

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेकोछ।

क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

तालिका २.4: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रकम रु. हजारमा)

रणनीतिक स्तम्भ	कार्यक्रम संख्या	२०८०/८१ को अनुमान		२०८१/८२ को प्रक्षेपण		२०८२/८३ को प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
आर्थिक क्षेत्र	१९	५१३४७	९%	५८०१४	९%	६२४३९	९%
पुर्वाधार क्षेत्र	१०	८३४९६	१५%	९४३३९	१५%	१०१५३०	१५%

रणनीतिक स्तम्भ	कार्यक्रम संख्या	२०८०/८१ को अनुमान		२०८१/८२ को प्रक्षेपण		२०८२/८३ को प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
सामाजिक क्षेत्र	१२	२९८०३४	५३%	३३६७३४	५३%	३६२४०७	५३%
समावेशीकरण	६	१५०८	०%	१७०४	०%	१८३३	०%
वातावरण सन्तुलन	४	३९९९	१%	४५१७	१%	४८६१	१%
सुशासन तथा सेवा प्रवाह	५	१२००४६	२१%	१३५६३५	२१%	१४५९७४	२१%
जम्मा	**५६**	**५५८४३०**	**१००%**	**६३०९४३**	**१**	**६७९०४४**	**१००%**

ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

तालिका २.5: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा)

प्राथमिकताक्रम	आयोजना/ कार्यक्रम संख्या	२०८०/८१ को खर्च अनुमान		२०८१/८२ को खर्च प्रक्षेपण		२०८२/८३ को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
प्राथमिकता पहिलो (P1)	३०	३३३६१४	६०%	३५५७९५	५६%	३६४२५७	५४%
प्राथमिकता दोश्रो (P2)	२६	२२४८१६	४०%	२७५१४८	४४%	३१४७८७	४६%
जम्मा	**५६**	**५५८४३०**	**१००%**	**६३०९४३**	**१००%**	**६७९०४४**	**१००%**

ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

तालिका २.6: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा)

सङ्केत नम्बर	दिगो विकास लक्ष्य	आयोजना कार्यक्रम संख्या	२०८०/८१ को व्यय अनुमान		२०८१/८२ को खर्च प्रक्षेपण		२०८२/८३ को खर्च प्रक्षेपण	
			रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	गरिबीको अन्त्य	७	३८७२१	७%	४४६००	७%	४८५५०	७%
२	शून्य भोकमरी	२	३९७५	१%	४०००	१%	४०००	१%
३	स्वस्थ जीवन	४	६७९२२	१२%	७५७६८	१२%	८०९७३	१२%
४	गुणस्तरीय शिक्षा	४	२२५६०६	४०%	२५४९०१	४०%	२७४३३४	४०%
५	लैङ्गिक समानता	२	५००	०%	७५०	०%	७५०	०%
६	स्वच्छ पानी र सरसफाइ	२	२४०५	०%	३७५२	१%	४५८०	१%
७	आधुनिक ऊर्जामा पहुँच	१	५०००	१%	५०००	१%	५०००	१%
८	समावेशी आर्थिक वृद्धि,मर्यादित काम	८	५८९७	१%	६२९१	१%	६८८७	१%
९	उद्योग नविन खोज र पूर्वाधार	३	३३९९७	६%	३८१०१	६%	४२१४८	६%
१०	असमानता न्यूनीकरण	४	१२०८	०%	१०५४	०%	११८३	०%
११	दिगो शहर र बस्ती	५	४३००२	८%	४९५४८	८%	५२५६२	८%
१२	दिगो उपभोग र उत्पादन	३	३६५०	१%	४२००	१%	४२००	१%
१३	जलवायु परिवर्तन अनुकुलन	२	१८००	०%	२१२९	०%	२२१५	०%
१४	सामुद्रिक स्रोतको उपयोग	०	०	०%	०	०%	०	०%
१५	भूसतह स्रोतको उपयोग	१	१५०२	०%	१६९७	०%	१८२७	०%
१६	शान्ति, न्याय र सबल संस्था	४	३११४	१%	३८११	१%	४४०६	१%
१७	दिगो विकासको लागि साझेदारी	४	१२०१३१	२२%	१३५३४१	२१%	१४५४२९	२१%
	कुल जम्मा	**५६**	**५५८४३०**	**१००%**	**६३०९४३**	**१००%**	**६७९०४४**	**१००%**

घ. लैङ्गिक संकेतका आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

तालिका २.7: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा)

लैङ्गिक संकेत	आयोजना, कार्यक्रम संख्या	२०८०/८१ को व्यय अनुमान		२०८१/८२ को खर्च प्रक्षेपण		२०८२/८३ को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
निर्दिष्ट	१०	२३१११	४%	२१८८९	३%	२३४६५	३%
सहयोगी	२२	२२८६९१	४१%	२६२२०६	४२%	२८४०५८	४२%
तटस्थ	२४	३०६६२८	५५%	३४६८४८	५५%	३७१५२१	५५%
जम्मा	**५६**	**५५८४३०**	**१००%**	**६३०९४३**	**१००%**	**६७९०४४**	**१००%**

ङ. जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

तालिका २.8: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)

जलवायु परिवर्तन संकेत	आयोजना, कार्यक्रम संख्या	२०८०/८१ को व्यय अनुमान		२०८१/८२ को खर्च प्रक्षेपण		२०८२/८३ को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
अत्यन्त सान्दर्भिक	६	६५०१	१%	७३४३	१%	७९०३	१%
सान्दर्भिक	१४	२३९५४	४%	२८२२९	४%	३११००	५%
तटस्थ	३६	५२७९७५	९५%	५९५३७१	९४%	६४००४१	९४%
जम्मा	**५६**	**५५८४३०**	**१००%**	**६३०९४३**	**१००%**	**६७९०४४**	**१००%**

२.८ विषय उपक्षेत्रगत बाँडफाँट

तालिका २.9: आगामी तीन आ(हजारमा .रकम रु) को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण.व.

उपक्षेत्र	२०८०/८१ को व्यय अनुमान			२०८१/८२ को खर्च प्रक्षेपण			२०८२/८३ को खर्च प्रक्षेपण		
	कूल	चालु	पुँजीगत	कूल	चालु	पुँजीगत	कूल	चालु	पुँजीगत
कृषि खाद्य सुरक्षा तथा सिचाई	९३४८	६८८२	२४६६	१०५६२	७८५०	२७१२	११३६७	८४९४	२८७३
पशुपंक्षी सेवा	८८५०	६१९५	२६५५	१०००१	७००१	३०००	१०७६४	७५३५	३२२९
उद्योग र व्यापार ब्यवसाय	१५७९८	४७३९	११०५९	१७८४९	५३५५	१२४९४	१९२१०	५७६३	१३४४७
पर्यटन तथा संस्कृति	५५०१	३८५१	१६५०	६२१४	३६३२	२५८२	६६८९	४०३६	२६५३
भूमि सहकारी र वित्तसेवा	३६५२	३१०४	५४८	४१२६	३५०७	६१९	४४४१	३७७५	६६६
श्रम, रोजगारी	८१९८	६९६८	१२३०	९२६२	७८७३	१३८९	९९६८	८४७३	१४९५
शिक्षा, कला, भाषा साहित्य	२२५६०६	१८९४८६	३६१२०	२५४९०१	२०१४५५	५३४४६	२७४३३४	२०५३४२	६८९९२
स्वास्थ्य तथा पोषण	६०४२२	१५६०९	४४८१३	६८२६८	१९०२८	४९२४०	७३४७३	२३४५२	५००२१
खानेपानी तथा सरसफाई	९६०५	५७५०	३८५५	१०८५२	६९३४	३९१८	११६८०	७७२१	३९५९
महिला बालिका समावेशी	१५०८	६१	१४४७	१७०४	७४	१६३०	१८३३	७८	१७५५
युवा तथा खेलकुद	१३९६	१५९	१२३७	१५७७	१८७	१३९०	१६९८	२०५	१४९३
सामाजिक सुरक्षा, पञ्जीकरण	१००५	१०१	९०५	११३६	११४	१०२२	१२२२	१२२	११००
बस्ती विकास भवन शहरी	३३९९७	२३३९७	१०६००	३८४१२	२६४९१	११९२१	४१३४०	२९२७३	१२०६७
सडक तथा यातायात	४६९९७	४१९३७	५०६०	५३१०१	४७५९१	५५१०	५७१४८	५१२३३	५९१५
जलश्रोत विद्युत् र स्वच्छ ऊर्जा	१०००	९००	१००	११२९	१०१६	११३	१२१५	१०९४	१२२
सूचना, सञ्चार प्रविधि	१५०२	१२०२	३००	१६९७	१३५८	३३९	१८२७	१४६२	३६५
वन हरियाली, भूसंरक्षण नदी	१०००	३५९८	४००	११२९	४०६६	४५२	१२१५	४३७६	४८६
वातावरण फोहोरमैला व्यवस्थापन	१०००	८००	२००	११२९	९१६	२१३	१२१५	९९४	२२२

उपक्षेत्र	२०८०/८१ को व्यय अनुमान			२०८१/८२ को खर्च प्रक्षेपण			२०८२/८३ को खर्च प्रक्षेपण		
	कूल	चालु	पुँजीगत	कूल	चालु	पुँजीगत	कूल	चालु	पुँजीगत
विपद जलवायु परिवर्तन	१९९९	१५९९	४००	२२५९	१८०७	४५२	२४३१	१९४५	४८६
नीति, कानून, सुशासन	३९९८	३४९८	५००	४५१८	३९१४	६०४	४८६२	४१९०	६७२
संगठन, मानव संशाधन	११४६२९	१०३१६६	११४६३	१२९५१४	११६५६३	१२९५१	१३९३८७	१२५४४८	१३९३९
राजस्व सुधार परिचालन	५०३	४०२	१०१	५६८	४५४	११४	६११	४८९	१२२
तथ्याङ्क, योजना विकास	९१६	८२४	९२	१०३५	९३२	१०४	१११४	१००३	१११
कुल जम्मा	**५५८४३०**	**४२४२३०**	**१३७१९८**	**६३०९४३**	**४६८११७**	**१६६२१५**	**६७९०४४**	**४९६४९९**	**१८६१९२**

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

परिच्छेद ३ : आर्थिक क्षेत्र

यस परिच्छेदमा कृषि तथा सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समेटिएको छ।

३.१ कृषि खाद्य सुरक्षा तथा सिचाई

३.१.१ पृष्ठभूमि

मध्यपहाडी हावापानी, उर्वरशील जमिन, २८ वटा खोलानाला र यातायात सुबिधाको उपलब्धता रहेको यस क्षेत्र कृषि उत्पादनका हिसाबले महत्वपूर्ण रहेको छ। गाउँपालिकाको वडा नं. ३, ४, ७ र ८ मा बुढीगण्डकी नदीले बनाएका समथर टार क्षेत्रहरू पर्ने हुँदा प्रशस्त पाँगो मिश्रित बलौटे माटो युक्त मलिलो जमिनको प्रधानता रहेकोले गाउँपालिकाको सम्बृद्धिको मुख्य संवाहक मध्ये कृषि क्षेत्र पनि एक हो। कूल १०१.३१ वर्ग कि.मी क्षेत्रफल मध्ये ५१.७१ वर्ग कि.मी अर्थात ५१.०४ प्रतिशत जमिन खेतीयोग्य रहेको छ। त्यसैगरी ३६.४८ क्षेत्रफल अर्थात ३६.०१ प्रतिशत भू–भाग वनजंगलले ओगटेको छ। हाल खेतीपाती भैरहेको क्षेत्र, विशेषत मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो गाउँपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ।

गाउँपालिकामा अधिकांश मानिसहरू कृषि पेशामा संलग्न रहेकोले गाउँपालिकाको दीर्घकालीन विकास र सम्वृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायीकरण तर्फ अग्रसर रहेको छ। यहाँका प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ, कोदो, हुन भने नगदेबालीमा आलु, कफि, केरा र केही मात्रामा कुरिलो तथा अलैंची पर्दछन्। मेवा, अनार, अम्बा, सुन्तला, आरुबखडा, आरु, कागती, केरा जस्ता फलफूल पाइने यस गाउँपालिकामा उच्च उत्पादकत्व रहेका कृषि क्षेत्रहरूमा वडा नं १ को निबेल, असिमुरे फाँट, दशमुरे खेत, मसेल, वडा नं २ को काउले, बगुवाखेत, पौवा, सुनारबस्ती आदि, वडा नं. ३ को टारीफाँट, बेलबोटे, मुलपानी फाँट आदि, वडा नं. ४ को विलेटार, बालिमटार, बालुवाटार, सिम्लेफाँट, वडा नं ५ को खान्चोक, फुलबारी, आलडाँडा, लामाचौर आदि, वडा नं. ६ को ज्यादुल, आकासेफाँट आदि, वडा नं ७ को क्यामुनटार, पिपलटार, सिमलटार, सातविसे टार र वडा नं. ८ को घाटवेशी, पिपलटार र महादेवटार पर्दछन्।

यस गाउँपालिकामा पाइने मुख्य जडीबुटीहरूमा सिस्नु, तितेपाती, असुरो, सिमाली, रतिजर्रा, रिठ्ठा, भ्याकुर, गिठ्ठा, कुरिलो, निम, हर्रो, वर्रो, पानी अमला, अमला, हाडे उनिउ, उणालु, मुसेखरी, सिरु काँस, दूवो, खर, निगुरो, थाकल, भलायो, जामुनो, क्यामुनो, नारेखर, छतिवन, टुनी, खमारी, तुलसी, ऐसेलु, चुत्रो, फुर्के, घुँगे, अर्थुङ्गे, वनमासा, पाण्डे उनिउ, काली निगुरो आदि पाइन्छन्। यद्यपि यस्ता जडीबुटीहरूको व्यवसायिक उत्पादन भने हुन सकेको छैन। वडा नं ८ को घाटवेशीमा व्यवसायिक रुपमा मौरीपालन शुरु भएको छ। यस्तै वडा नं. १, वडा नं ३ को सुवेदी गाउँ, वडा नं ४, वडा नं ५ र वडा नं. ७ को नारायणपुरमा परम्परागत रुपमा मौरीपालन गरिएको छ।

३.१.२ समस्या तथा चुनौती

गाउँपालिकाको कृषि प्रणाली परम्परागत तथा निर्वाहमुखी हुनु, सिँचाइको सुविधको कमी, कृषि सामग्री, मल, वीउ, किटनाशक औषधि, औजार, प्राविधिक ज्ञान र सीपमा कमी, उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरूलाई आर्कषण गर्न नसक्नु, कृषि प्राविधिकहरूको कमी र युवा पलायन मुख्य समस्याका रुपमा रहेका छन्।त्यसैगरी, कृषिको बजारीकरणको कमी, कृषि उपजको उचित भण्डारण तथा सडक पहुँचको कमी, रासायनिक मलखाद तथा किटनासक विषादीको अधिक उपयोग, वन्यजन्तुबाट क्षति, नतिजामुखी अनुदानको कमी र चेतनाको कमी समस्याका रुपमा रहेका छन्।

बढदै गएको बाँझो जग्गालाई कृषि उपयोगमा ल्याउनु, वडा स्तरमा कृषि उत्पादन संकलन केन्द्र स्थापना गर्नु, दिगो कृषि विकासका लागि जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्नु, साना तथा मझौला किसानको ब्यावसायिक क्षमता विकास गरी कृषि क्षेत्रको ब्यवसायीकरण गर्नु, कृषि भूमिको अब्यवस्थित ब्यवस्थापनलाई ब्यवस्थित गर्नु, श्रमशक्तिको अभाव परिपूर्ति गर्नु, जैविक विविधतालाई जोगाउनु र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप, पूँजी तथा प्रविधिलाई ब्यवसायिक कृषिमा उपयोग गर्नु चुनौतीका रुपमा रहेका छन्।

३.१.३ सोच

"कृषिको व्यवसायीकरण, आधुनिकिकरण र यान्त्रिकरणः भिमसेनथापा गाउँपालिकाको सबलीकरण"

३.१.४ उद्देश्य

१. व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित हुनु।
२. नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु।
३. वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु।
४. व्यवसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु।

३.१.५ रणनीति

१. व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने।
२. उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अबलम्बन गर्ने।
४. कृषि पकेट क्षेत्रको विकास गर्ने।
५. अत्यावश्यकीय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने।
६. मल तथा विषादिको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने।
७. सहुलियत पूर्ण कृषि कर्जाको व्यवस्था गर्ने।
८. कृषि बीमालाई प्रभावकारी बनाउने।
९. असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने।
१०. सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने।
११. कृषिको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमश विकास गर्दै नमूना कृषि क्षेत्र बनाउने।
१२. वातावरणमैत्री दिगो कृषिसम्बन्धी अभिमुखीकरण गर्ने।
१३. गाउँपालिकामा निरन्तर उत्पादन हुनसक्ने कृषिजन्य कच्चा पदार्थको पहिचान गर्ने।
१४. निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने।
१५. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने।
१६. कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने।

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ३.१: कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
प्रतिव्यक्ति खाद्यान्न उत्पादन	केजी	२५०	३००	३४०	४००	५००
कृषि क्षेत्रको उत्पादन वृद्धि दर	प्रतिशत	१०	९	८	७	६
बाँझो जमिन	प्रतिशत	३५	३२	२५	२०	१८
खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिन	प्रतिशत	७५	८०	८५	९०	९५
व्यवसायिक कृषि नर्सरी	संख्या	६०	१००	१२०	१५०	२००
व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल	हेक्टर	५०	५५	६५	७०	७५
कृषि पकेट जोन÷सुपर जोन	संख्या	१०	१२	१५	२०	३०
कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी	प्रतिशत	२५	२८	३०	४५	६०

३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ३.२: कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	९३४८	६०७६	३२७२	०	०	९३४८	०	०
२०८१/८२	१०५६२	६८६५	३६९७	०	०	१०५६२	०	०
२०८२/८३	११३६७	७३८९	३९७९	०	०	११३६७	०	०

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ३.३: कृषि खाद्य सुरक्षा तथा सिचाई उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	मकैबाली प्रवर्द्धन कार्यक्रम	कृषि सम्बन्धी आधुनिक एवं वैज्ञानिक प्रविधि वारे शिप दिने, नयाँ प्रविधिको यन्त्र तथा शिप प्रदान गर्ने, विभिन्न विषयमा छलफल गरि निर्णय गर्ने।	२०८०।०८१ देखि २०८२।२०८३	२९७५	
२	सुन्तलाजात पकेट विकास कार्यक्रम	कृषि सम्बन्धी आधुनिक एवं वैज्ञानिक प्रविधि वारे शिप दिने, नयाँ प्रविधिको यन्त्र तथा शिप प्रदान गर्ने, विभिन्न विषयमा छलफल गरि निर्णय गर्ने।	२०८०।०८१ देखि २०८२।२०८३	९०००	
३	कृषि उपज वजार प्रवर्द्धन, सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	कृषकहरुले उत्पादन गरेको बस्तुहरको बजारीकरणमा सहयोग गर्ने।	सालबसाली	९०००	
४	सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	साना सिचाई आयोजनाहरुको निर्माण मर्मत तथा निरन्तरता सहयोग गर्ने।	सालबसाली	१०३०२	

३.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका व्यवसायिक कृषकहरुको संख्या वृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ। कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, भरपर्दो सिंचाई प्रणाली, बजार प्रणालीमा सुधार भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

३.२ पशु विकास

३.२.१ पृष्ठभूमि

गाउँपालिकामा गाई, भैसी, बाख्रा, कुखुरा, बङगुर, कुखुरा, हाँस, बट्टाई लगायतका पशुपंक्षीहरूको परम्परागत तथा व्यवसायिक उत्पादन हुने गरेको छ। घाँस उत्पादनका लागि प्रसस्त क्षेत्र रहेको छ। व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, कुखुरा, बाख्रा, हाँस, पालनको अभ्यास रहेको छ। पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण तर्फ सहज परिवेश तयार हुँदै गएको छ। मध्य पहाडी क्षेत्रमा पशुपालनको राम्रो सम्भावना भएकोले व्यावसायिक गाईतथा भैसी पालन मार्फत दुग्ध उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ। नेपाली बजारमा नै वाख्रा तथा लोकल कुखुराको उच्च माग रहेकोले सोको समेत यहाँ राम्रो सम्भावना रहेको छ। गाउँपालिकाको खोलाहरूमा गडेली, बुदुना, फगेटा, सर, भित्ते, असला, बाम, वालिम, झिंगेमाछा, कत्ले, हुटी आदि जातका माछा पाइन्छ भने वडा नं १ को निवेलमा बृहत् स्तरको व्यावसायीक माछापालनको अभ्यास रहेको छ। बुढी गण्डकी नदी, ठूलो तटीय क्षेत्र साथै मुल फुटेर बनेका ससाना खोल्सा/खोलाहरूमा जलश्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायु अनुकुल माछा पालन गर्न उपयुक्त देखिन्छ।

३.२.२ समस्या तथा चुनौती

पशुपंक्षी, मत्स्य तथा मौरीपालन व्यवसायको व्यवसायीकरण र आधुनिकिकरणमा कमी रहेको छ। पशुपालन सम्बन्धी आधारभुत ज्ञान तथा पूर्वाधारको विकासमा कमी रहेको छ। पशुपालन निर्वाहमूखी तथा परम्परागत रहेको छ भने दक्ष प्राविधिकहरूको पर्याप्त व्यवस्था तथा सीप विकासका अवसरमा कमी रहेको छ। पशुपक्षीजन्य उत्पादनको पर्याप्त बजारीकरणको कमी रहेको छ। व्यावसायिक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, पशुपालनमा आधुनिक प्रविधि र सामाग्री भित्रिन नसक्नु, बजारसँगको पहुँच न्यून हुनु तथा

बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, कृषि सहकारीको विकास हुन नसक्नु, मूल्य सूचना वारे जानकारी नहुनु, कृषि कर्जा, वीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।
व्यावसायिक बाख्रा फर्मको विकास, उन्नत नश्लका दिगो कृषि विकासका लागि जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्नु, साना तथा मझौला किसानको ब्यावसायिक क्षमता विकास गरी पशुपालन क्षेत्रको व्यावसायीकरण गर्नु र थप दुग्ध डेरीहरुको विस्तार गर्नु तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप, पूँजी तथा प्रविधिलाई व्यावसायिक पशुपालनमा उपयोग गर्नु चुनौतीका रुपमा रहेका छन् ।

३.२.३ सोच

"व्यावसायिक पशुपन्छी तथा मत्स्यपालन मार्फत समृद्धि"

३.२.४ उद्देश्य

१. पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु।
२. पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु।
३. माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

३.२.५ रणनीति

१. पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने ।
२. युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने ।
३. पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता बृद्धि गर्ने ।
४. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने ।
५. पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने ।
६. माछापालनमा इच्छुक कृषक पहिचान गर्ने ।
७. माछाका भूरामा अनुदान दिने ।
८. माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने ।
९. पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने ।

३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ३.४: पशुपालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
व्यावसायिक पशुपालनमा संलग्न कृषक	संख्या	१२०	२००	४००	५००	६५०
व्यवसायिक फर्मको संख्या	संख्या					
बार्षिक दुधको उत्पादन	मे.टन					
बार्षिक मासु उत्पादन	मे.टन					
बार्षिक अण्डा उत्पादन (हजारमा)	संख्या					

३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ३.५: पशुपालन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	८८५१	७०८१	१७७०	०	०	८८५१	०	०
२०८१/८२	१००००	८०००	२०००	०	०	१००००	०	०
२०८२/८३	१०७६३	८६१०	२१५३	०	०	१०७६३	०	०

३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ३.६: पशुपालन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	कृतिभ गर्भाधान मिसन कार्यक्रम	कृषकहरुलाइ उत्पादन बढाउन प्रोत्साहन गर्ने, स्वस्थ पशुजन्य उपभोग्य बस्तु उत्पादन गर्ने।	२०८०।०८१ देखि २०८२।२०८३	५५०	
२	पशुपक्षी उपज बजार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	उत्पादित पशुजन्य सामाग्रीहरुको सहज बजारीकरण गर्ने।	सालबसाली	२९०६५	

३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुलालन क्षेत्रमा पूर्वाधार, प्रविधि तथा सीप विकास गर्न सकिनेछ। नयाँ व्यवसायीहरुबाट पशुलापन व्यवसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उचित स्याहार, आहार तथा गोठका लागि पर्याप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

३.३ उद्योग, व्यापार तथा ब्यवसाय

३.३.१ पृष्ठभूमि

यस क्षेत्रमा कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा रहेका छन्। वडा नं २ थलाथुम्कोमा फलाम खानी, वडा न. ८ को महादेव थानको छेउमा तामाखानी रहेको छ। त्यसैगरी वडा नं २ काउलेमा, वडा नं ३ को डाँडाबेशीमा ग्रिल उद्योग, वडा नं २ पौवा, ओख्ले र रातमाटे, वडा नं. ५ बगुवा तथा वडा नं ७ को क्यामुनटारमा फर्निचर उद्योगहरू रहेका छन्। वडा नं १, २, ३, ५, ६ र ७ का विभिन्न ठाँउमा कालीमाटी खानी, रातोमाटो खानी, कमेरोमाटो खानी रहेका छन्। कुटानी पिसानी मिलहरू भने प्राय सबै वडाका टोलहरूमा सञ्चालनमा रहेका छन्। यस गाउँपालिकाका सवै वडाहरुमा साना बजार केन्द्रहरु क्रमशः विकास भै रहेका छन्। मनकामना भगवतीको मन्दिरसँग जोडिएर गरिएको व्यापार व्यवसाय यहाँको उल्लेखनीय व्यावसायिक क्षेत्र हो। यसैगरी बुंकोट बजार, नाम्जुङ बजार, घैरुङक्षेत्रमा रहेको बजार र अन्य वडामा रहेका साना साना बजारहरुले यहाँको आवश्यकता पुरा गर्दछन्। यहाँ दैनिक उपभोग्य वस्तु सम्बन्धी आपूर्ति, सेवामूलक व्यवसाय, उत्पादनमूलक व्यवसाय, वित्तीय संस्था आदि गरी आर्थिक गणना २०७६ अनुसार ५८५ वटा व्यापार व्यवसाय तथा उद्यम सञ्चालनमा रहेको पाइन्छ।

३.३.२ समस्या तथा चुनौती

उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति तथा उन्नत प्रविधिको कमी रहेको छ। स्थानीय बजार केन्द्रहरूमा ठूलो स्तरको आर्थिक गतिविधि नहुनु, निजी क्षेत्रको लगानी आर्कषणमा कमी रहेको छ।उद्योग सञ्चालनका लागि उपयुक्त परिवेशको निर्माण हुन सकेको छैन भने उद्योग विकासको लागि सडक, यातायात, विद्युत्त तथा अन्य भौतिक पूर्वाधारको विकासमा कमी रहेको छ।

अर्थतन्त्रमा देखा परेको सिथिलताको प्रभाब कम गर्नु र औद्योगिक वातावरण तयार मुख्य चुनौतीका रुपमा रहेको छ।उद्योग ग्रामको स्थापना तथा सञ्चालन गर्नु, स्थानीय बैंक तथा वित्तीय संस्था एवम सहकारीहरुलाई घरेलु तथा साना उद्योगमा लगानी गर्न आकर्षित गर्नु, डेरी उद्योग, कृषि उपज प्रशोधन उद्योग, आदिमा युवालाई आकर्षित गर्नु, र बैदेशिक रोजगारीबाट फर्केका वा फर्कने क्रममा रहेका युवाको सीप, पूँजी तथा प्रविधिलाई उद्योग ब्यवसायमा लगाउन उत्प्रेरित गर्नु र महिला तथा सीमान्तकृत समूहलाइ घरेलु तथा साना उद्यममा संलग्न गराउनु यस क्षेत्रका मुख्य चुनौती हुन्।

३.३.३ सोच

"गाउँपालिकाको आर्थिक वृद्धिदर कृषि, वन र पर्यटनमा आधारित उद्योगको भर"

३.३.४ उद्देश्य

१ उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु।

२ गाउँपालिकामा उत्पादन हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्नु ।

३ स्थानीय बजार प्रबर्द्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु

३.३.५ रणनीति

१. नीतिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने।
२. प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने।
३. निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने।
४. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने।
५. खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने।
६. बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने।
७. स्थानीय बजार प्रर्वद्धन तथा नियमन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ३.७: उद्योग, व्यापार तथा ब्यवसाय उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति	जना	१०००	१२००	१५००	२०००	२५००
नगरपालिकामा दर्ता भएका उद्योग व्यवसायहरु	संख्या	३००	३३५	४००	५००	६५०
व्यवसाय करबाट संकलित राजस्व	रु. हजारमा					
सञ्चालित औद्यौगिक तथा व्यापार मेला	पटक	२	२	२	३	४
व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि)	रु. लाखमा	२०००	३०००	४०००	५०००	६०००

३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ३.८: उद्योग, खनिज तथा व्यापार उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१५७९८	११०५९	४७३९	०	८४०९	७३८९	०	०
२०८१/८२	१७८४९	१२४९५	५३५५	०	९४७७	८३७२	०	०
२०८२/८३	१९२१०	१३४४७	५७६३	०	१५४४	१७६६६	०	०

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ३.९: उद्योग, खनिज तथा व्यापार उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१.	उद्यम विकास कार्यक्रम	लघु, घरेलु, साना तथा मझौला, कृषि, वन, खानी र खनिजजन्य उद्योग र व्यवसायको सिर्जना र विकास गर्नु	सालबसाली	३९००	१८ वटा उद्योग स्थापना भइ वस्तु तथा उत्पादन सूचारू हुनेछ
२.	गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)	लघु उद्यमको सिर्जना र विकासद्धारा न्यून आय भएका तथा विपन्न वर्गको गरिबी घटाउनु	सालबसाली	४८९५८	६० वटा नयाँ र चालु उद्यम व्यवसायको सिर्जना, विकास र स्तरोन्नति हुने

३.३.९ जोखिम पक्ष तथा अनुमान

आर्थिक सिथिलताको प्रभाब निस्तेज भएको हुनेछ । गाउँपालिकाको पहलमा उद्योग ब्यापार प्रवद्र्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन सक्नेछ । उत्पादनमुखी उद्योगमा लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन्छ ।

३.४ पर्यटन तथा संस्कृति

३.४.१ पृष्ठभूमि

भिमसेनथापा गाउँपालिकामा नेपालका राष्ट्रिय विभूति भीमसेन थापाको जन्म तथा आश्रयस्थल तथा गोरखनाथका अवतार मानिने राम शाहकालीन विख्यात्तान्त्रिक ज्योतिष दुल्लभको पनि क्रिडास्थलको रुपमा रहेको छ । विशेष गरी यो गाउँपालिकालाई ऐतिहासिक, धार्मिक पर्यटन, पर्यापर्यटन, पदयात्रा पर्यटन, साहसिक पर्यटन, जल पर्यटन र कृषि पर्यटनका बलिया आधारहरु रहेको देखिन्छ । गाउँपालिकामा रहेका हिन्दू देवालय तथा मन्दिरहरूसाथै वौद्ध मार्गीहरूका विहार र गुम्बाहरू, मुस्लिमका मश्जिद र क्रिश्चियनका चर्चहरू समेत रहेका छन्, । साहसिक पर्यटन अन्र्तगत बुढिगण्डकी नदीमा राफ्टिङका साथै ट्रेकिङको समेत सम्भावना रहेको छ । क्षेत्री/बाहुन, दलित, नेवार, घर्ती, तामाङ, मुश्लिम, बारामु, गुरुङ र मगरहरूको वाहुल्यता रहेको छ ।

यस क्षेत्रमा राष्ट्रिय विभूति भीमसेन थापासँग सम्बन्धित धरोहरहरू सत्यरुपा स्मृति उद्यान (महादेवटार), जर्नेली पौवा, भीमसेन थापा धारा, हिटी, चौतारा तथा राम शाहकालीन प्रख्यात तान्त्रिक ज्योतिष दुल्लभसँग सम्बन्धित इट्लापोखरी, डाँडागाउँ, मुडुलेथुम्को,तान्द्राङ कोट जस्ता स्थलहरू रहेका छन् । वडा नं. ३ को दुल्लभको घडेरी मानिएको मुडुले थुम्को र सात पत्रे गुफालाई समावेश गरी नेपालको पुरातत्व विभागले विस्तृत परियोजना प्रतिवेदन तयार गरिसकेको छ ।कयपानीदेखि तान्द्राङकोट कालिका मन्दिर(सिद्धकालिका मन्दिर)सम्म पुग्ने धार्मिक पदमार्ग निर्माण गर्ने क्रममा काशी चौतारादेखि सिद्धकालिक मन्दिरसम्म पदमार्ग निर्माण भइसकेको छ । गाउँपालिका क्षेत्रभित्र वडा नं. १ मा ठूलो पोखरी, विन्द्रावती मन्दिर, वडा नं २ मा तान्द्राङकोट कालिका (सिद्धकाली मन्दिर), ओख्ले शिवालय मन्दिर, वडा नं. ३ मा अमिलीचौर शिव मन्दिर, डाँडागाउँ मुडुले थुम्को, दुग्धेश्वर शिवालय, वडा नं. ४ मा महादेव स्थान, सेरा पालिङ गुम्बा, कटारे ढुङ्गा, काशीधाट आदि, वडा नं. ५ मा शिवमन्दिर, देवीस्थान, कृष्ण मन्दिर, वडा नं. ६ मा थरिचौतारो शिवालय मन्दिर, हर्राविसौना सल्लाघारी, झिँगटे जामे मस्जिद, गुफा भञ्ज्याङ शिव मन्दिर, वडा नं. ७ मा क्यामुनटार भिमसेन थापा बगैँचा, कमल पोखरी, नारायणपुर नारायणस्थान र वडा नं. ८ मा डाँडागाउँ कोटकाली मन्दिर, महादेवटार जागेश्वर मन्दिर, अमलाभञ्ज्याङ कृष्ण मन्दिर आदि क्षेत्र लगायतका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरू रहेका छन् ।

३.४.२ समस्या तथा चुनौती

मध्यपहाडी जटिल भूधरातल हुनुका साथै सवै सडक कच्ची अवस्थामा रहेकोले यातायातको भरपर्दो सुविधाको कमी रहेको छ । घ्याम्पेसालका सिमित संख्यामा रहेका सामान्य होटेल बाहेक पर्यटक बस्न पर्याप्त र सुविधा सम्पन्न होटल तथा रेष्टुरेन्ट आदिको सुविधामा कमी रहेको छ । पर्यटन सूचना केन्द्र, पर्यटक प्रहरी र आपतकालीन उद्धारको उचित व्यवस्थामा कमी रहेको छ । एकीकृत पर्यटन विकासको योजना हालसम्म तयार हुन सकेको छैन । पर्यटकीय पूर्वाधारको कमी हुनुका साथै गाउँपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसारमा कमी रहेको छ । गाउँपालिकाको सिमित आयश्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्नु, निजी क्षेत्रलाई आर्कषण गर्नु, बाह्य पर्यटकका गतिबिधि विस्तार गर्नु चुनौतीका रुपमा रहेको छ।त्यसैगरी अर्थतन्त्रमा देखिएको सिथिलताको प्रभाब कम गर्नु, गाउँपालिका क्षेत्रमा होमस्टे र होटेलको उचित ब्यवस्था गर्नु तत्कालिन चुनौतीका रूपमा रहेका छन् ।

३.४.३ सोच

"पर्यटन पूर्वाधार विकासः आर्थिक, सामाजिक र सांस्कृतिक सम्बृद्धिको आधार"

३.४.४ उद्देश्य

१. आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु ।
२. कृषि पर्यटनको आधार विकास गर्नु ।
३. जल पर्यटनको विकास गर्नु ।
४. ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्नु ।
५. साहसिक, पदयात्रा तथा पर्यापर्यटनको विकास गर्नु ।

३.४.५ रणनीति

१. प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरूको स्तरोन्नति गर्ने ।
२. सघन कृषि क्षेत्रको विकास गर्ने ।
३. जल पर्यटन पूर्वाधार विकास गर्ने ।
४. गाउँपालिकाका पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्ने ।
५. गाउँपालिका भर संञ्चालन गर्न सकिने सम्पुर्ण पदमार्गहरूको संम्भाव्यता अध्ययन तथा साहसिक पर्यटन पुर्वाधार विकास गर्ने ।
६. पर्यटन सूचना व्यवस्थापन तथा सूचना केन्द«लाई पूर्वाधार सम्पन्न बनाउने ।
७. बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने ।
८. पर्यटन क्षेत्र स्तरिय योजना र पर्यटन विकास समिति निर्माण गर्ने ।
९. धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने ।

.३.४६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ३.१०: पर्यटन तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
भ्रमण गर्ने पर्यटक	सख्या	५०००	६५००	८०००	९०००	१००००
पर्यटकको औषत बसाइ अवधि	दिन	१	१	१	१	१.५
आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तब्य	सख्या	४	४	५	६	७
तालिम प्राप्त पर्यटनसँग सम्बन्धित जनशक्ति	सख्या	१०	२०	३०	४५	६०

३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका 3.११: पर्यटन तथा संस्कृति उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	५५०१	१६५०	३८५०	०	१०००	४५०१	०	०
२०८१/८२	६२१५	१८६४	४३५०	०	२२१५	४०००	०	०
२०८२/८३	६६८९	२००७	४६८२	०	१५००	५१८९	०	०

३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ३.१२: पर्यटन तथा संस्कृति उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	भीमसेन थापा स्मृतिपार्क तथा संग्राहलय निर्माण आयोजना (गौरव), वडा नम्बर ८	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय पूर्वाधारको विकास गर्नु	२०७८/७९ -	**२५००**	ऐतिहासिक स्थलको संरक्षण र विकास र पर्यटकीय गन्तव्यको रूपमा विकास हुने
२	तान्द्राङकोट तथा मुडुलो थुम्को संरक्षण तथा प्रवर्द्धन आयोजना (गौरव), वडा नम्बर २, ३, ४	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय आगमन बृद्धि गर्नु	२०७५/७६ - २०८२/८३	२५००	ऐतिहासिक तथा पर्यटकीय गन्तव्यको रूपमा विकास हुने
३	ठूलीपोखरी क्षेत्र संरक्षण तथा सतीडाँडा पिकनिक स्थल निर्माण आयोजना, वडा नम्बर १	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय आगमन बृद्धि गर्नु	२०७७/७८ -	२५००	दृश्यावलोकन तथा पर्यटकीय गन्तव्यको रूपमा विकास हुने
४	पशुपती धार्मिक क्षेत्र विकास आयोजना, वडा नम्बर ५	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय आगमन बृद्धि गर्नु	२०७८/७९ -	२५००	पर्यटकीय गन्तव्यको रूपमा विकास हुने
५	एकीकरण पदमार्ग निर्माण आयोजना (१२ कि.मि.) गौरव, वडा नं. ६, ७, ८	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय आगमन बृद्धि गर्नु	२०७९/८० -	२५००	ऐतिहासिक मार्गमा १२ कि.मि. पदमार्ग निर्माण हुने
६	सल्लाघारी पार्क तथा पिकनिक, वडा नं. ६	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय आगमन बृद्धि गर्नु	२०७८/७९ -	२५००	पार्क तथा पिकनिक स्थल व्यवस्थित हुने
७	शहिद स्मारक पार्क तथा जनयुद्ध संग्रहालय, वडा नम्बर २	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय आगमन बृद्धि गर्नु	२०७९/८० -	२५००	युद्ध पर्यटनको रूपमा विकास हुने
८	पर्यटन तथा संस्कृति प्रवर्द्धन अन्य सालबसाली कार्यक्रम	ऐतिहासिक तथा राष्ट्रिय महत्वको स्थल संरक्षण र पर्यटकीय आगमन बृद्धि गर्नु	सालबसाली	९०४	पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार हुने

३.४.९ जोखिम पक्ष तथा अनुमान

पर्यटनको विकासमा अन्तर सरकार साझेदारी र सहकार्यको विस्तार भएको हुनेछ। गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। कोभिड १९ लगायतका महामारी, विश्वव्यापी आर्थिक सिथिलता र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

३.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी

३.५.१ पृष्ठभूमि

गाउँपालिकाको बेसी क्षेत्रमा बालुवा र पाँगो मिश्रित उर्वर माटो पाइन्छ भने विभिन्न वडामा छरिएर रहेका ससाना टार तथा फाँटहरू र गरा खेती गर्न सकिने केही भिरालो खेतीयोग्य जमिनमा केही मात्रामा प्राङगारिक पदार्थ मिश्रित चिम्टाइलो, दोमट तथा चट्टानका टुक्रा मिश्रित माटो पाइन्छ। कूल क्षेत्रफल मध्ये खेतीयोग्य जमिनले उल्लेख्य भाग अर्थात् ५१.०४ प्रतिशत ओगटेको छ भने ८.९८ प्रतिशत भू–भाग झाडी तथा बुट्यानले र वनजंगलले ३६.०१ प्रतिशत भू–भाग ओगटेको छ। त्यसैगरी १.४१ प्रतिशत जमिन बलौटे रहेको छ । व्यवस्थित र वैज्ञानिक भू–उपयोग योजना निर्माण र कार्यान्वयन हुन सकेको छैन।

हाल गाउँपालिकामा मेघा बैङ्क, साङ्ग्रिला विकास बैंक, स्पर्श लघुवित्त, साधना लघुवित्त, जालपा लघुवित्त, सारथी लघुवित्त, सबैको लघुवित्त र एन.एम.वि. लघुवित्त सञ्चालनमा रहेको छन्। ग्रामीण अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विस्तार हुँदै गएको छ।

राष्ट्रिय अर्थतन्त्रका ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रूपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। यस गाउँपालिकामा हाल विधिवत दर्ता भई सञ्चालनमा रहेका ३२ भन्दा बढी सहकारी संस्थाहरू रहेका छन् । यी संस्थाहरू महिला, ऋण तथा बचत, कृषि, दुग्ध, बहुउद्देश्यीय गरी सबै प्रकारका छन्। यी सहकारीहरू मुख्य गरी घना बस्ती भएका मुख्य बजार केन्द्रहरूमा केन्द्रित रहेका छन्। वडा नं ७ माझगाउँमा अवस्थित भीमकुल बचत तथा क्रण सहकारी संस्था लिमिटेड गोरखा जिल्लाकैदोश्रो उत्कृष्ट दरिएको सहकारी हो। वडा नं. १, २, ३ र ४ मा सामुदायिक विद्युत सहकारी सञ्चालनमा रहेको छ।

३.५.२ समस्या तथा चुनौती

भूउपयोग नीतिको कार्यान्वयन तथा भूउपयोग योजना तर्जुमाको कमी रहेको छ। वित्तीय साक्षरता तथा सहकारी साक्षरताको कमी, उद्यमशीलताको कमी, सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यासमा कमी, अपेक्षित रूपमा ससाना वचत परिचालनमा कमी, बढी उत्पादनशील र पुँजी निर्माणको क्षेत्रमा न्यून लगानी यस क्षेत्रका प्रमुख समस्या हुन्।

विश्वव्यापी आर्थिक सिथिलताको सामना गर्दै सहकारी साक्षरता कार्यक्रमलाई लक्षित वर्ग सम्म विस्तार गर्नु, सहकारी संस्थाहरूको क्रियाशीलता बढाउनु, सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, स-साना ऋण र बचत परिचालन गर्नु, निजी क्षेत्र र सहकारी बीच सहकार्य वृद्धि गर्नु, सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नु, स्थानीय सीप तथा प्रविधिकोउपयोग गर्नु, सहकारी संस्थाहरूद्वारा उत्पादित वस्तुहरू बजार सम्मको मुल्य श्रृङ्खलामा आवद्ध गर्नु, बचत तथा ऋण बीचको व्याजदरलाई सन्तुलित तुल्याउनु, बचत तथा ऋणको सुरक्षण सुनिश्चित गर्नु जस्ता कार्यहरु चुनौतीका रूपमा रहेका छन्।

३.५.३ सोच

"भू श्रोतको वैज्ञानिक उपयोग, सहकारीता र वित्तीय सेवामा पहुँच"

३.५.४ उद्देश्य

१. सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रूपमा पूर्ण सदुपयोग गर्नु।
२. सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र बिस्तार गर्नु।
३. सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु।
४. बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु।
५. सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु।

३.५.५ रणनीति

१. राष्ट्रिय र प्रादेशिक भू– उपयोग नीति अनुरूप स्थानीय भू–उपयोग योजना र कृषि नीति निर्माण गर्ने।
२. खेती गर्न इच्छुक तर आफ्नो भूमि नभएका कृषकहरूको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने।
३. जग्गा बाँझो राख्ने कृषकको लगत संकलन गन।
४. जग्गा चक्लाबन्दी गर्ने।
५. सहकारी शिक्षाको माध्यामबाट जनचेतना अभिवृद्धि गर्ने।
६. उचित कार्यविधि तथा निर्देशिका निर्माण गरी नियमन तथा व्यवस्थापन गर्ने।
७. सहकारी नीति परिमार्जन तथा निर्माण गरी ग्रामिण अर्थतन्त्र मैत्री बनाउने।
८. वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पु¥याउने।
९. व्यवसायिक, उत्पादनमूलक ग्रामीण साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने।

३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ३.१३: भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
सहकारीको नेतृत्वमा महिला सहभागिता	प्रतिशत	२२	२२	३१	३१	४०
वित्तीय सेवामा पहुँच	प्रतिशत	३५	३५	४०	४५	५०
सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा)	प्रतिशत	१०	१०	२०	३०	४०

३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ३.१४: भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	३६५२	२९२२	७३०	०	६५२	३०००	०	०
२०८१/८२	४१२६	३३०१	८२५	०	११२६	३०००	०	०
२०८२/८३	४४४१	३५५३	८८८	०	१४४१	३०००	०	०

३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ३.१५: भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	वित्तिय संस्था तथा सहकारी प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	सहकारी तथा वित्तिय संस्थाको क्षमता अभिवृद्वी, वित्तिय साक्षरता तथा नियम पालनामा वृद्धि गर्नु	सालबसाली	१२२१९	सहकारीको क्षमतामा अभिवृद्धि तथा वित्तिय सेवामा सर्वसाधारणको पहुँच हुनेछ।

३.५.९ जोखिम पक्ष तथा अनुमान

स्थानीय भूउपयोग योजना तर्जुमा भइ कार्यान्वयन भएको हुनेछ। गाउँवासीहरुमा वित्तीय सचेतना तथा वित्तीय सेवा विस्तार भएको हुनेछ। वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन्। वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ।

३.६ श्रम, रोजगारी तथा गरिबी निवारण

३.६.१ पृष्ठभूमि

श्रम तथा रोजगारीका लागि स्वदेश मै औपचारिक क्षेत्रमा रोजगारी, वैदेशिक रोजगारी र स्थानीयस्तरमा कृषि, ज्याला मजदुरी तथा उद्यम व्यवसायमा संलग्न हुने गरेको देखिन्छ। वैदेशिक रोजगारीका लागि युरोप, अमेरिका, कोरिया, जापानका अतिरिक्त भारत, मलेसिया, दुबई, कतार आदि देशहरूमा जाने अभ्यास रहेको छ। विप्रेषणबाट यस क्षेत्रको सामाजिक आर्थिक विकासमा सहयोग पुगेको भएता पनि बसाई सराइमा वृद्धि तथा अनुत्पादक कार्यमा बढी खर्च हुने गरेको छ। रोजगारीको प्रवर्द्धनका लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम लागु भएको छ।

नेपालमा वि.स. २०१३ सालमा योजनावद्ध विकासको शुरुवात भएदेखि हालसम्मका आवधिक विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्धाको रुपमा गरिबी निवारण रहेको छ। जति विकासका योजनाहरू बने पनि गरिबी निवारण गर्न सकिएको छैन। दिगो विकास लक्ष्यको पहिलो नं लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए तापनि कुल जनसंख्याको ५ प्रतिशतमा सिमित गर्ने रहेको छ। यस गाउँपालिकामा गरिबी निवारण मुद्दा चुनौतीको रुपमा आउने गरेकोले यसको यथोचित सम्बोधन हुन जरुरी हुन जान्छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्यको १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको हुँदा नेपाल सरकार तथा प्रदेश सरकारसँगै यस गाउँपालिकाले पनि यी लक्ष्यहरुको प्राप्तिका लागि क्रियाशील रहेकोछ।

३.६.२ समस्या तथा चनौती

श्रमको सम्मान गर्ने संस्कृतिको विकासमा कमी, युवा जनशक्तिको पलायन तथा बढ्दो बसाई सराइ यस क्षेत्रको मुख्य समस्याका रुपमा रहेको छ। गरिबीको तथ्याङ्क लिइएको भए तापनि वास्तवित गरिबको पहिचान हुन नसक्नु, बाह्रै महिना खान नपुग्ने परिवार संख्या उल्लेख्य रहनु र सरकारको मूल कार्यक्रमहरूमा गरीब परिवारको वास्तविक पहुँच नपुग्नु समस्याका रुपमा रहेको छ। शिक्षा र जनचेतनामा कमी रहेकोले गरीबी घटाउन कठिन र चुनौतीपूर्ण रहेकोछ।विगतका गरिबी निवारणका कार्यक्रमहरू वास्तविक रूपमा

प्रभावकारी हुन सकेको छैन। रोजगारमूलक शिक्षाको उचित प्रबन्धमा कमी, प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभाबकारीतामा कमी, र चाहना अनुसार यस गाउँपालिकामा र स्वदेशमा रोजगारीको अवसर सृजना गर्न नसक्नु, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचीले यस क्षेत्रमा समस्या निम्त्याएको छ। बैदेशिक रोजगारीबाट घर फर्केका युवाको लागि कृषि र पशुपालन क्षेत्रमा ब्यावसायिक वातावरण सृजना हुन नसक्नु, बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको अभाव हुनु र विप्रेषणको उपयोग (लगानी) उत्पादनमूलक क्षेत्रमा हुन नसक्दा अनुत्पादक क्षेत्रमा वा उपभोगमा खर्च बढ्नुले समस्या सृजना गरेका छन्।

यस क्षेत्रका मुख्य चुनौतीहरुमा अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनः एकीकरणका सवालहरू सम्बोधन नहुनु, युवाहरुको आकर्षण गाउँमा वढाउन सहज अवस्था नहुनु, गाउँमा रोजगारी सृजना गर्नका लागि स्थानीय सम्भावनाहरुको पहिचान र परिचालन गर्नु र वैदेशिक रोजगारको दिगो विकल्प दिनु रहेका छन्।

३.६.३ सोच

"ज्ञान, सीप र उद्यमशिलता विकास गरी शुन्यमा झार्ने गरिबी"

३.६.४ उद्देश्य

१. निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने।

३.६.५ रणनीति

१) गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने।
२) गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने।
३) विपन्न लक्षित सिपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने।

३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ३.१६: श्रम, रोजगारी तथा गरिवी निवारण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना	संख्या	११	२०	२५	३०	३५
कार्यक्रमबाट सिर्जित रोजगारी	कार्य दिन	७८	१००	१००	१३०	१५०
युवा जनशक्तिको सीप अभिवृद्धि	जना	०	०	२०	४०	१००

३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ३.१७: श्रम, रोजगारी तथा गरिवी निवारण उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	८१९८	४०९९	४०९९	०	०	८१९८	०	०
२०८१/८२	९२६२	४६३१	४६३१	०	०	९२६२	०	०
२०८२/८३	९९६८	४९८४	४९८४	०	०	९९६८	०	०

३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ३.१८: श्रम, रोजगारी तथा गरिवी निवारण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	प्रधानमन्त्री रोजगार कार्यक्रम	सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु	२०८०।०८१ देखि २०८२।२०८३	२४६००	न्युन आय भएका बार्षिक २००० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । तथा वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले परामर्श सेवा प्राप्त गरेका हुनेछन् ।
२	रोजगार प्रवर्द्धन सालवसाली कार्यक्रम	सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु	२०८०।०८१ देखि २०८२।२०८३	२८२८	न्युन आय भएका बार्षिक २००० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । तथा वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले परामर्श सेवा प्राप्त गरेका हुनेछन् ।

३.६.९ जोखिम पक्ष तथा अनुमान

रोजगारीसँग सम्बन्धित कार्यक्रमहरुको प्रभाबकारीतामा वृद्धि भएको हुनेछ । अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ । गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

परिच्छेद ४ : सामाजिक क्षेत्र

सामाजिक विकास अन्तरगत स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

४.१ शिक्षा, विज्ञान तथा प्रविधि

४.१.१ पृष्ठभूमि

शिक्षा मर्यादित जीवन, सम्मानित रोजगार, उद्यमशीलता तथा समग्र विकासको आधार हो। सभ्य र सुसंस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । सक्षम मानव संशाधन नभई कुनै पनि क्षेत्रको विकास सम्भव छैन । विश्वभर अति विकसित मुलुकहरूको समग्र विकासको आधार भनेकै ती मुलुकहरूले शिक्षामा गरेको विशाल लगानिको प्रतिफल हो। नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको मौलिकहकको रुपमा स्थापित गरेको र विशेषगरी आधारभूत तह सम्मको शिक्षा निशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ । ग्रामीण परिवेशको क्षेत्र भएकोले शिक्षाका आधारभूत पूर्वाधारहरूको पर्याप्त विकास हुन नसके तापनि उच्च शिक्षाको सवालमा भने गाउँपालिकाको वडा न. १ स्थित घ्याम्पेसालमा रहेको त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त दुल्लभ क्याम्पसमा शिक्षा र वाणिज्य गरी २ वटा संकायमा स्नातक तहसम्म पठनपाठन सञ्चालित छ । अर्को तर्फ दुल्लभ मा.वि., घ्याम्पेसाल, विन्द्रावती मा.वि., खत्रीथोक, सिद्धकाली मा.वि., ताराखसे, संस्कृत मा.वि., मझिमथोक, प्रभा मा.वि., आमभञ्ज्याङ, शान्ति मा.वि., लामाचौर, नवजागृति चण्डी मा.वि., आश्राङ ठाँटी, सरस्वती मा.वि., ठाँटी, र जागेश्वर मा.वि., महादेवटारमा कक्षा १२ सम्म अध्ययन हुने गर्दछ । गाउँपालिकामा हाल बालविकास, आधारभूत तथा माध्यमिक गरी जम्मा ४२ वटा सामुदायिक विद्यालय, १ वटा मदरसा तथा १ वटा स्नातक तह पढाई हुने क्याम्पस रहेका छन्। गाउँपालिकामा आधारभूत साक्षरता हासिल गर्न समेत पयाप्त काम गर्नु पर्ने देखिन्छ भने अर्को तर्फ उच्च शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्ने देखिन्छ । साथै आधारभूत र माध्यमिक तहमा विद्यालय पाठ्यक्रममा रहेको विज्ञान र प्रविधिको सामान्य औपचारिक अध्यापन बाहेक विज्ञान र प्रविधि विकासमा थप प्रयासहरू हुन सकेका छैनन् ।

४.१.२ समस्या तथा चुनौती

विद्यालय शिक्षामा गुणस्तर, पूर्वाधार र पहुँचको कमी हुनु प्रमुख समस्याका रुपमा रहेको छ । प्राविधिक विद्यालयको कमी, लक्षित समुहका वालवालिकाको विशेष शिक्षामा पहुँचको कमी, विद्यालयमा शैक्षिक सामग्रीको कमी, वाल विकास केन्द्र व्यवस्थापनमा कमी, शिक्षकहरूमा पेशागत दक्षतामा कमी, गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी, शिक्षक तालिमको कमी, मातृ भाषामा शिक्षाको कमी, छात्रा एवं अपाङ्गता मैत्री शौचालय कमी शैक्षिक क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन । शैक्षिक क्यालेण्डरलाई नियमितता, चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था पन र शिक्षक शिक्षिकाहरूलाई नियमित तालिमको व्यवस्था, प्राविधिक तथा सीपमूलक शिक्षा, अभिभावक शिक्षाको कमी रहेको छ ।

गुणस्तरिय तथा प्रतिस्पर्धी शिक्षाको पहुँचको सुनिश्चितता गर्नु, कक्षा छाड्ने र दोहोर्याउने दर घटाउनु, प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु र सिकाई दरमा सुधार गर्नु, विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु, गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु, दरबन्दी अनुसार शिक्षक पदपूर्ति गर्नु, स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु चुनौतीका रुपमा रहेको छ ।

४.१.३ सोच

"गुणस्तरीय शिक्षा र सक्षम जनशक्तिः भिमसेनथापा गाउँपालिका विकासको अग्रगति "

४.१.४ उद्देश्य

१. न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु ।
२. निरक्षरता शून्यमा झार्नू ।
३. व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु ।
४. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
५. विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु।

४.१.५ रणनीति

१. न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने।
२. अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने।
३. सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने।
४. अति विपन्न, दलित र विद्यालय जानबाट बञ्चित विद्यार्थी तथा बस्यक केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने।
५. प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने।
६. नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने।
७. नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने।
८. स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने।
९. विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने क्रयाकलाप नियमित गर्ने।
१०. पाठ्यसामाग्रीको उपलब्धता सुनिश्चित गर्ने।
११. नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने।
१२. विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने।

४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ४.१: शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
पूर्व प्राथमिक तहको खुद भर्ना दर	प्रतिशत					
प्राथमिक तह खुद भर्ना	प्रतिशत					
माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२)	प्रतिशत					
१५देखि २४ वर्ष उमेर समूहको साक्षरता दर	प्रतिशत					
विद्युतमा पहुँच भएका विद्यालयहरू	प्रतिशत	७५	७५	८०	१००	१००
इन्टरनेटमा पहुँच विद्यालयहरू	प्रतिशत	४०	९०	१००	१००	१००
खानेपानी सरसफाइ स्वच्छता सेवा उपलब्ध विद्यालय	प्रतिशत	५०	५०	८०	१००	१००
अपांगमैत्री विद्यालयहरू	प्रतिशत	२५	४५	५५	६५	८०
पेशागत प्रशिक्षण प्राप्त शिक्षक	प्रतिशत	१००	१००	१००	१००	१००
प्राविधिक धार भएका विद्यालयको संख्या	संख्या	१	२	२	२	३

४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.२: शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	२२५६०६	१९१७६५	३३८४१	०	०	२२५६०६	०	०
२०८१/८२	२५४९०१	२१६६६६	३८२३५	०	०	२५४९०१	०	०
२०८२/८३	२७४३३४	२३३१८४	४११५०	०	०	२७४३३४	०	०

४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	विद्यालय शिक्षा कार्यक्रम	विद्यालय शिक्षामा सबैको पहुच पुर्याई विद्यार्थी विद्यालयमा झिकाउने टिकाउने सिकाउने तथा बिकाउनको लागि आवश्यक शैक्षिक कार्यक्रम सञ्चालन गर्नु	२०८०।०८१ देखि २०८२।२०८३	६६५६००	विद्यालयमा सबैको पहुच सुनिष्चितता हुनेछ। शैक्षिक गुणस्तरमा वृद्धि हुनेछ। विद्यालयका भौतिक आवश्यकता सयानुकुल विकास हुनेछ।
२	विद्यालय पुर्वाधार सुधार कार्यक्रम	विद्यालय पुर्वाधारलाई योजनाबद्ध सवल बनाउने	२०८०।०८१ देखि २०८२।२०८३	१५०००	विद्यालय पुर्वाधारहरु सुधार भएका हुनेछन् ।
३	प्राविधिक शिक्षा कार्यक्रम	प्राविधिक शिक्षामा सबैको पहुच पुर्याई विद्यार्थी विद्यालयमा झिकाउने टिकाउने सिकाउने तथा बिकाउनको लागि आवश्यक शैक्षिक कार्यक्रम सञ्चालन गर्नु		४५००	
४	शिक्षा भाषा कला तथा संस्कृति संरक्षण र प्रवर्धन तथा अन्य सालवसाली कार्यक्रम	विद्यालय शिक्षामा सबैको पहुच पुर्याई विद्यार्थी विद्यालयमा झिकाउने टिकाउने सिकाउने तथा बिकाउनको लागि आवश्यक शैक्षिक कार्यक्रम सञ्चालन गर्नु	सालवसाली	६९७४१	

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८०/८१ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

४.१.९ अनुमान तथा जोखिम

शैक्षिक क्षेत्रको विकासमा अन्तरसरकार साझेदारी र सहकार्यमा विस्तार भएको हुनेछ । गाउँपालिकाबाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा बृद्धि र नवीनतम प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ ।

४.२ स्वास्थ्य तथा पोषण

४.२.१ पृष्ठभूमि

संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूकोप्रबन्ध हुन अपरिहार्य छ । हाल यस गाउँपालिकाका ८ वटै वडामा स्वास्थ्य सेवा प्रदान गर्ने इकाइहरू सञ्चालनमा रहेका छन् । गाउँपालिकाको वडा नं. १ को घ्याम्पेसालमा निजी मनासलु अस्पताल रहेको छ । गाउँपालिकामा एउटा निजी अस्पताल, ६ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ सामुदायिक स्वास्थ्य ईकाइ, ६ वटा वर्थीङ सेन्टर र २२ वटा खोप क्लिनिक र १९ वटा गाउँघर क्लिनिक रहेका छन् । सबै वडामा ५४ जना महिला स्वास्थ्य स्वयंमसेविका मार्फत परिवार नियोजनक सेवा, प्रजनन तथा प्रसुती सेवा तथा पोषण सेवा सञ्चालनमा रहेका छन भने स्वास्थ्य सूचना सञ्चार तथा प्रचार प्रसारलाई निरन्तर अगाडि बढाइएको छ । गाउँपालिकामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट सिमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भए तापनि उच्च स्वास्थ्य सेवाको लागि गोरखा बजार, पोखरा, चितवन वा काठमाण्डौ पुग्नु पर्ने बाध्यता रहेको छ । गाउँपालिकामा एउटा मात्र निजी अस्पताल रहेको छ । तथापि वडा नं. ६ सल्लाघारीमा १५ शैयाको अस्पताल निर्माणाधिन रहेको छ ।

४.२.२ समस्या तथा चुनौती

विशिष्टकृत तथा विशेषज्ञ सेवाको कमीका कारण जटिल रोगको उपचार तथा शल्यक्रिया सेवाका लागि काठमाण्डौ, चितवन वा पोखरा जानुपर्ने बाध्यता रहेको छ । गाउँपालिकाका स्वास्थ्य संस्थामा प्रविधियुक्त ल्याव सञ्चालनमा कमी र सहज एम्बुलेन्स सेवा तथा आपतकालीन उपचार सेवाको कमी रहेको छ । स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको कमी तथा उपस्थितिमा नियमिततामा कमी रहेको छ । सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको कमी, २४ सै घण्टा आकस्मिक सेवाको कमी, र सुविधासम्पन्न

अस्पताल तथा विज्ञ डाक्टरहरूको कमी रहेको छ। कोरोना लगायत महामारी प्रतिकार्य इकाई तथा संयन्त्रको व्यवस्था हुन सकेको छैन। कच्ची धुले सडकहरूका कारण वर्षातमा विरामीलाई स्वास्थ्य केन्द्र पु¥याउन सास्ती हुने गरेको छ। स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा परेको देखिन्छ।

गुणस्तरीय तथा विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच कायम गर्नु, आवश्यक पूर्वाधारहरूको विकास गर्नु, पूर्ण खोपको कार्यान्वयन गर्नु, स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु, सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु, निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधी उपलब्ध गराउनु, स्वास्थ्य संस्थाहरूमा औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार उपलब्ध गराउनु प्रमुख चुनौतीका रुपमा रहेको छ। स्वास्थ्य बीमालाई सबै नागरिकको दायरामा पुर्‍याउनु, पोषण सम्बन्धी सचेतना विस्तार तथा आनिवानीमा सुधार गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

४.२.३ सोच

"गाउँपालिकाको शक्तिः स्वस्थ जनशक्ति"

४.२.४ उद्देश्य

१. आकस्मिक र आधारभूत स्वास्थ्य सेवा गाउँपालिकामै उपलब्ध गराउनु।
२. स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु।

४.२.५ रणनीति

१. आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने।
२. स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्न।
३. आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाई बञ्चित हुन नदिने।
४. स्वास्थ्यप्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गर्ने।
५. वैकल्पिक चिकित्सा पद्धतीको विकास र त्यसको अवलम्बन गरी जनस्वास्थ्य सुदृढ गर्ने।

४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ४.४: स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर	जना					
दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात	प्रतिशत					
पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म)	जना					
नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म)	जना					
नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख)	जना					
क्षयरोग लाग्ने दर (प्रतिलाखमा)	जना					
वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्यु	जना					
परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात	अनुपात					
मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा)	प्रतिशत	१००	१००	१००	१००	१००

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत	प्रतिशत	१००	१००	१००	१००	१००
उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या	प्रतिशत					
घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार	प्रतिशत					
स्वास्थ्य बिमामा सहभागी घरपरिवार	प्रतिशत					
राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्तगर्ने लक्षित जनसंख्याको अनुपात	प्रतिशत	१००	१००	१००	१००	१००
कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट	प्रतिशत	१०	१०	११	१२	१३

४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.५: स्वास्थ्य तथा पोषण उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	६०४२२	५१३५९	९०६३	०	०	६०४२२	०	०
२०८१/८२	६८२६८	५८०२८	१०२४०	०	०	६८२६८	०	०
२०८२/८३	७३४७३	६२४५२	११०२१	०	०	७३४७३	०	०

४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ४.६: स्वास्थ्य तथा पोषण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्रस	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	आधारभूत स्वास्थ्य सेवा प्रवाह	स्वास्थ्य संस्थामा निरन्तर रुपमा वितरण गरिने ९८ प्रकारका औषधि उपलब्ध गराई अत्यावश्यक औषधिको बाह्रै महिना उपलब्धता सुनिश्चित गर्ने।	२०८०।०८१ देखि २०८२।२०८३	१७५०००	सबै स्वास्थ्य संस्थामा नि शुल्क प्रदान गरिने औषधि नियमित रुपमा प्रदान गरीएको ले सेवामा प्रभावकारिता हुने
२	स्वास्थ्य संस्था पुर्वाधार निर्माण कार्यक्रम	स्वास्थ्य संस्थाको न्युनतम मापदण्ड अनुसार सेवा प्रदान गर्न।	२०८०।०८१ देखि २०८२।२०८३	१५०००	सल्ले स्वास्थ्य चौकी धितुङ स्वास्थ्य चौकी र शहरी स्वास्थ्य ईकाइ कुदुवा भञ्ज्याङ्ग निर्माण कार्य
३	खोप सेवा र CBIMNCI कार्यक्रम तथा अन्य सालवसाली कार्यक्रम	कोभिड तथा नियमित खोपको पूर्ण खोप सुनिश्चतता गरी खोप लगाउन छुट भए नभएको एकिन गर्नुका साथै छुट भएमा खोप पुरा गर्नु। खोपको कभरेज बढाउनुको साथै ड्रपआउट दर घटाउन।	सालवसाली	१२१६३	

४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य तथा पोषणको प्रवर्द्धनमा अन्तरसरकार साझेदारीमा विकास भएको हुनेछ। स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन भौतिक संरचना, जनशक्ति र गुणस्तरीय सेवाको उचित व्यवस्थापन भएको हुनेछ। दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ। सबै सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्नसक्ने जोखिम रहन सक्दछ।

४.३ खानेपानी तथा सरसरफाई

४.३.१ पृष्ठभूमि

नेपालको संविधानले पनि खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पु¥याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरूनिर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।
गाउँपालिका गौरवको आयोजनाको रुपमा वडा नं १ मसेलको चारधारे पम्पिङ खानेपानी आयोजना, वडा नं २ कोबगुवाखेत पम्पिङ खानेपानी आयोजना तथा वडा नं ७ को विर्खेपानी पम्पिङ खानेपानी आयोजना रहेका छन् । गाउँपालिकाका ८ वटै वडाहरूमा विभिन्न खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन्। यद्यपि यी आयोजनाहरूले सबै गाउँपालिकाबासीलाई यथेष्ट खानेपानीको आपूर्ति गर्न सकिरहेका छैनन्। गाउँपालिकामा पर्याप्त पानीका मुल तथा मुहानहरू रहेका छन् । तर प्राय बस्ती उच्चभागमा तथा पानीको श्रोत गहिरो भागमा रहेका कारण पर्याप्त मात्रामा खानेपानीको सुविधा उपलब्ध हुन सकेको छैन । लिफ्टिङ मार्फत खानेपानीको समस्या समाधान गर्ने प्रयास भए तापनि भरपर्दो विद्युत सेवा उपलब्ध नहुँदा गाउँपालिकाबासी परम्परागत कुवा, पँधेरा तथा मुलबाट पानी पिउन बाध्य छन्। यसकारण उपलब्ध पानीको शुद्धतामा पनि प्रश्न उठ्ने गरेको छ ।
गाउँपालिकामा हालसम्म स्वच्छ पिउने पानीको पहुँच कमजोर रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेको छ । साना मुहान र गुणस्तरीय संरक्षण ट्याङकी नभएकोले विभिन्न वडा क्षेत्रहरूमा हालसम्म खानेपानीको समस्या रहेको छ ।सबै घरधुरीले स्वच्छ पिउनेपानीको उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न गाउँपालिकाले विशेष कार्यक्रमहरू योजनावद्ध रुपमा ल्याउनकासाथै खानेपानी वितरणलाई पूर्णता दिन ठूलो लगानी गर्नुपर्ने अवस्था रहेको छ ।

४.३.२ समस्या तथा चुनौती

अधिकांश खानेपानी आयोजना लिफ्टिङ प्रविधिमा आधारित रहेकोले खर्चिलो तथा विद्युत उर्जामाको आपुर्तिमा निर्भर रहेकोले महँगो र अनिश्चित रहन गएको छ । स्वच्छ खानेपानीमा सबैको सहज पहुँचमा कमी रहेको छ भने सरसफाईको क्षेत्रमा व्यवहारजन्य कमजोरीहरू सुधार हुन सकेको छैन । खानेपानीको श्रोतमा कमी आउनु, जनचेतनाको कमी हुनु, स्वच्छ खानेपानीमा कमजोर पहुँच हुन, व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु तथा स्वच्छ खानेपानीको माग बढ्दै जानु, खानेपानी तथा सरसफाई सम्बन्धी लक्ष्य हासिल गर्न पर्याप्त श्रोत तथा साधनको कमी हुनु खानेपानी सरसफाई क्षेत्रका समस्याका रुपमा रहेका छन् । फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको कमी रहेको छ । सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनमा कमी रहेको छ ।दिगो सरसफाईको अभ्यास कायम गर्नु, स्वच्छ पानीको पहुँच कायम गर्नु, खानेपानीका मूहानको संरक्षण गर्नु, खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, र दिगो सरसफाइको अभ्यास बढाउनु प्रमुख चुनौती हुन् ।

४.३.३ सोच

"एक घर एक धाराः गाउँपालिकाको अभिभारा"

४.३.४ उद्देश्य

१. गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुर्याउनु।
२. गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुर्याउनु

४.३.५ रणनीति

१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने ।
२. मुहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने ।
३. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने ।
४. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने ।
५. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ४.७: खानेपानी तथा सरसफाइ उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार	प्रतिशत	८०	८०	८५	९०	९५
शौचालय भएका परिपरिवार	प्रतिशत	९०	९२	९४	९६	९८
गुणस्तर परिक्षण गरिएको खानेपानी प्रयोग गर्ने परिवार	प्रतिशत	४५	४८	५०	६०	७५
सार्वजनिक शौचालय	संख्या	२	४	५	८	१०
नगरपालिकाबाट नियमित फोहोर संकलन हुने घरपरिवार	प्रतिशत	१०	१५	२०	४०	५०

४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.८: खानेपानी तथा सरसफाइ उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	९६०५	१९२१	७६८४	०	०	९६०५	०	०
२०८१/८२	१०८५२	२१७०	८६८२	०	५४२६	५४२६	०	०
२०८२/८३	११६८०	२३३६	९३४४	०	५४२९	६२५१	०	०

४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ४.९: खानेपानी तथा सरसफाइ उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	कार्यक्रम नथा आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
१	पालिकास्तरीय खानेपानी आयोजना	घरघरमा स्वच्छ खानेपानी सेवा विस्तार गर्ने।	२०८०।०८१ देखि २०८२।२०८३	२२५००	चारधारे पम्पिङ्ग खानेपानी योजना चिउरीफेद बालिमटार पम्पिङ्ग खानेपानी योजना
२	खानेपानी सरसफाइ कार्यक्रम तथा पानी परीक्षण सालबसाली कार्यक्रम	सञ्चालित खानेपानी आयोजनाहरुको मर्मत सम्भार गुणस्तर परीक्षण तथा सेवा प्रवाह।	सालवसाली	९६३७	

४.३.९ जोखिम पक्ष तथा अनुमान

एकघर एक धारा तथा सरसफाइयुक्त गाउँको राष्टिय नीति बमोजिम अन्तर सरकार साझेदारीमा विस्तार भएको हुनेछ। खानेपानी तथा सरसफाइ सुबिधा विस्तार तथा गुणस्तरमा सुधारमा गाउँपालिकाको प्राथमिकता निरन्तर रहेको हुनेछ। जलवायु परिवर्तन तथा खडेरीका कारण खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण हुन नसकेमा अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ।

४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

४.४.१ पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनैतिक चेतनाको परिपक्वता भइ नसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भइ नसकेकोले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान, सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन्। यसर्थ यस गाउँपालिकामा समेत यी सवालहरूको व्यापक सान्दर्भिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ। नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक,

लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। समाजमा सिमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जिवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दासम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन । त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ।

४.४.२ समस्या तथा चुनौती

आर्थिक सामाजिक क्षेत्रमा महिला लगायत लक्षित वर्गको नेतृत्व, भूमिका र पहुँचमा कमी रहेको छ। महिला औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु, लक्षित कार्यक्रमको प्रभाबकारीतामा कमी, महिला, अपाङ्ग तथा वालमैत्री पूर्वाधारको कमी रहेको छ। महिला, दलित, अशक्त तथा जेष्ठ नागरिकलाई विभेदपुर्ण व्यवहार गर्ने प्रवृत्ति कायमै रहेको छ। सामाजिक सुरक्षा भत्ता वितरण बैङ्किङ प्रणाली मार्फत अनिवार्य गर्दा गाउँपालिकामा बैङ्किङ सुविधाको अवस्था कमजोर हुँदा सेवाग्राहीलाई असहजता हुने गरेको छ। गाउँपालिकामा सामुदायिक भेटघाट केन्द्र, दलित सञ्जाल, महिला सञ्जाल, वृद्धाश्राम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको कमी रहेको छ। सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरणका अवसरमा कमी रहेको छ। जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी नहुनाले बाल विवाह, लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पारेको छ।
लक्षित वर्ग तथा पछाडि परेको समुदायको क्षमता विकास र निर्णयमा पहुँच स्थापित गर्नु, वाल मैत्री स्थानीय शासन स्थापना गर्नु, बालबालिका, अपाङ्ग र जेष्ठ नागरिक मैत्री पूर्वाधारको विकास गर्नु, लैङ्गिक समानता कायम गर्नु, पारिवारिक तथा सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, ग्रामीण महिलाको जीवन स्तरमा सुधार ल्याउनु, महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु प्रमुख चुनौती रहेका छन्।

४.४.३ सोच

"भिमसेनथापाको सभ्यता न्यायपूर्ण समाज र समाजिक सौहार्दता"

४.४.४ उद्देश्य

१. लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु।
२. बालबालिका तथा किशोर किशोरीको हक सुनिश्चित गर्ने।

४.४.५ रणनीति

१. महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने।
२. महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ती महिला शसक्तिकरणका कार्यक्रमहरू अभियानको रुपमा सञ्चालन गर्ने।
३. जेष्ठ नागरिकको सामाजिक सूरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने।
४. अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरू संचालन गरी उनीहरूको आत्मबल बढाउने र आत्मसम्मान जगाउने।
५. जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी तथा राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरूका मूल सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहिकरण कार्यनीति निर्माण गर्ने।
६. बाल अधिकार सम्बन्धी जनचेतना जागरण गर्ने।
७. अतिविपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने।
८. बालअधिकार सम्बन्धी नीतिगत सुधार तथा व्यवस्था गर्ने।

४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ४.१०: महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा	संख्या					
पालिकाभित्र रहेका सडक बालबालिका	संख्या					
बाल यौनहिंसामा परेका बालिका	संख्या					
पालिकाभित्र रहेका बालगृह	संख्या					
यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला र किशोरी	प्रतिशत					
बेचविखनमा परेका महिला, किशोरी तथा बालिकाहरू	संख्या					
सभामा महिला सहभागिता	प्रतिशत	३३	३३	३३	३३	३३
कार्यपालिकामा महिला सहभागिता	प्रतिशत	३३	३३	३३	३३	३३
व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात	प्रतिशत	२०	२५	३०	३५	४०
पालिका स्तरीय संघ/महासंघमा महिलाको सहभागिता	प्रतिशत	२५	२८	३२	३५	४०
जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार	प्रतिशत	१५	१८	२२	२५	३०
पालिकाले गठनगरेका संरचनाहरु (महिला, बाल, अपांगता जेष्ठ नागरिक)	संख्या	१२	१२	१५	१८	२४

४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.११: महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१५०८	१२८२	२२६	०	५०८	१०००	०	०
२०८१/८२	१७०४	१४४८	२५६	०	१४६९	२३५	०	०
२०८२/८३	१८३३	१५५८	२७५	०	०	१८३३	०	०

४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ४.१२: महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१.	महिला विकास कार्यक्रम		सालबसाली	११००	... वटा महिला समूह, ८ वटा वडा स्तरीय महिला सञ्जाल र १ गाउँपालिका स्तरीय सञ्जाल गठन भइ लैंगिक हिंसा न्यूनीकरण, महिला सशक्तीकरण र उद्यमशीलतामा क्रियाशील हुने
२.	बालबालिका विकास कार्यक्रम		सालबसाली	१२५०	.... विद्यालयमा बालक्लब, हरेक वडामा वडास्तरीय र गाउँपालिका स्तर बाल सञ्जाल गठन भइ क्रियाशिल हुने
३.	अपाङ्गता भएका व्यक्ति संरक्षण कार्यक्रम		सालबसाली	७५०	... जनाले अपाङ्गता भएका व्यक्ति परिचय पत्र संरक्षण सम्बन्धी सेवा गरेका हुने
४	ज्येष्ठ नागिरक तथा असहाय व्यक्ति संरक्षण कार्यक्रम		सालबसाली	७५०	ज्येष्ठ नागिरक तथा असहाय व्यक्ति सूची तयारी र अद्यावधिक हुने र सूचीकृतले संरक्षणा सुविधा प्राप्त गरेका हुने

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
५.	दलित वर्ग उत्थान कार्यक्रम	जातिय विभेद र छुवाछुतको अन्त्य गरी जीवस्तरमा सुधार गर्नु	सालबसाली	४५०	रैथाने पेशा (आरान, टेलरिङ र छालाको काम) अभिलेख तयार हुने र आधुनीकीकरणा हुने
६.	पिछडिएका र लोपोन्मुख जातजाती अधिकार संरक्षण कार्यक्रम		सालबसाली	७४५	पहिचान तथा सूचीकृत भएका परिवारले कला, भाषा, संस्कृति संरक्षण र आयआर्जन र उद्यम सिर्जना र विकास सम्बन्धी प्याकेज सहयोग उपलब्ध हुने

४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला बालबालिका तथा लक्षित बर्गको हितमा उपलब्धिमूलक कार्यक्रम प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन भएको हुनेछ। विभेद् तथा असमानताको विरुद्धमा नागरिकस्तरमा सचेतना वृद्धि भएको हुनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ।

४.५ युवा तथा खेलकुद

४.५.१ पृष्ठभूमि

युवाशक्ति परिवर्तन तथा विकासको सम्वाहक हो। गुणस्तरीय जनशक्ति उत्पादन गरी श्रम तथा रोजगारमार्फत देशको उत्पादकत्व वृद्धि गर्न युवाको अहम भूमिका रहेको हुन्छ। श्रम तथा रोजगारीको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरको छ भने यसको केन्द्रविन्दुमा युवा रहेका छन्। राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन्।
युवाको सामथ्र्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन्। काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांस हो। जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ वोकेको यस गाउँपालिकाले युवा शक्तिलाई देशमै उपयुक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ।
खेलकुदले व्यक्तिको सर्वाङ्गिण विकासमा महत्वपूर्ण खेलेको हुन्छ। अनुशासन र राष्ट्रिय भाइचारा प्रदर्शन गरी शारीरिक तन्दुरुस्ती, मानसिक सक्षमता, सामाजिक सौहार्दता तथा संवेगात्मक सन्तुलन कायम राख्न खेलकुद विकासको अहम्महत्व रहेको हुन्छ। पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन्किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ। यो गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ।फलस्वरुप वडा नं. १ को ठूलोचौर र सपुङ्गेमा, वडा नं. वडा नं ३ को कुलीगैरा, वडा नं. ५ को देवीथानक्षेत्रीय खेलमैदान) र भदौरैमा खेलमैदान निर्माणाधीन रहेका छन्भने वडा नं ८ मा राष्ट्रिय विभूति भीमसेन थापाको आमाको नाममा सत्यरुपा स्मृति पार्क समेत निर्माणाधीन रहेको छ। यो गाउँपालिकाले खेलकुदको माध्यमबाट सबै वडाहरूबीच भाइचारा सम्बन्ध राख्ने उद्देश्य राखेको छ। खेलमैदान, योग तथा व्यामशालानिर्माणमा तदारुक्तता देखाउनुले गाउँपालिका खेलकुदको विकासमा सम्वेदनशील भएको देखिन्छ।

४.५.२ समस्या तथा चुनौती

युवा शक्तिको पलायन, युवामा व्यावसायिक भावनाको कमी, उत्पादनशील क्षेत्रमा युवाको आक्रषणमा कमी, खेलकुदको विकासका लागि पूर्वाधारको कमी, खेलकुद प्रशिक्षणको कमी, र क्षमता विकासका अवसरहरुमा कमी यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्। युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवामा सकारात्मक सोचको निर्माण नहुनु, स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु, युवालाई खेलकुद प्रति प्रोत्साहित गराउनु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यावसायिक खेलकुदको विकास गर्नु, खेलकुद प्रतियोगिता आयोजना गर्नु चुनौतीका रुपमा रहेका छन्।

४.५.३ सोच

"श्रमशिल, कर्मठ, स्वस्थ र दक्ष युवा शक्ति निर्माण"

४.५.४ उद्देश्य

१. श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सहि सदुपयोग गर्नु।
२. खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु।

४.५.५ रणनीति

१. युवा तथ्याङ्क व्यवस्थापन गर्ने।
२. दक्ष र शिपयुक्त मानव संसाधनको विकास गर्ने।
३. खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने।
४. खेलाडी पहिचान तथा प्रशिक्षण खेलकुद प्रतियोगिता सञ्चालन गर्ने।
५. स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने।

४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ४.१३: युवा तथा खेलकुद उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात	प्रतिशत	०	०	०	०	०
प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक)	संख्या	०	८०	८०	१२०	१२०
सक्रिय युवा परिषद तथा युवा संजाल	संख्या	८	९	९	९	१०
कभर्ड हल र स्तरीय खेलकुद मैदान	संख्या	४	५	६	८	१०
खेल प्रशिक्षणमा सहभागी युवा	संख्या	५००	७००	८००	९००	१०००
आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक	पटक	४	४	४	५	६

४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.१४: युवा तथा खेलकुद उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	**बजेट अनुमान**				**बजेटको स्रोत**			
	कुल	**चालु**	**पुँजीगत**	**वित्तीय व्यवस्था**	**आन्तरिक स्रोत**	**नेपाल सरकार**	**प्रदेश सरकार**	**ऋण तथा अन्य**
२०८०/८१	१३९६	६९८	६९८	०	०	१३९६	०	०
२०८१/८२	१५७७	७८९	७८९	०	०	१५७७	०	०
२०८२/८३	१६९८	८४९	८४९	०	०	१६९८	०	०

४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ४.१५: युवा तथा खेलकुद उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्रस	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
१	राष्ट्रपति रनिङ्ग शिल्ड	खेलकुदको माध्यमबाट सिर्जनशील, स्वरोजगार, व्यावसायिक र जिम्मेवार नागरिक बन्ने वातावरण तयार गर्नु	सालबसाली	१५००	विभिन्न ५ प्रकारका पूर्वाधार र सुविधाको विकास तथा स्तरोन्ति भइ १५० जना युवाहरुमा खेलकुद प्रतिभाको विकास भएको हुने

क्रस	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
२	एक वडा एक खेलकुद कार्यक्रम लगायत खेलकुद विकास तथा आविश्कार कार्यक्रम प्रवर्द्धन कार्यक्रम	युवाको सिर्जनशीलता, स्वरोजगारी, व्यावसायिकता र आत्मविश्वासमा वृद्धि गर्नु	सालवसाली	३१७१	६०० जना युवाहरू विभिन्न उद्यम, व्यवसाय, क्लब, सामाजिक संझ संस्थामा आबद्ध भइ सामाजिक उद्यमशीलतामा क्रियाशिल हुने

४.५.९ जोखिम पक्ष तथा अनुमान

युवाहरुको सामाजिक तथा आर्थिक क्षेत्रमा नेतृत्वदायी भूमिकामा विस्तार भएको हुनेछ। युवा जगतमा पलायन तथा वसाई सराइको प्रवृति कम भइ व्यवासायिकताको भावना अभिवृद्धि भएको हुनेछ। खेलकुद, उद्यमशिलता तथा स्वरोजगारी प्रति आकर्षण बढेको हुनेछ। युवा जगतमा वैदेशिक रोजगारीको आक्रर्षण, युवा दुर्वेसन, क्षमता तथा सीप विकासको अवसर र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ।

४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

४.६.१ पृष्ठभूमि

नागरिकको संरक्षण तथा हक सुनिश्चित गर्न नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। जसअनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी स्पष्ट पारिएको छ। सामाजिक सुरक्षा गरिबी न्यूनीकरणसँग जोडिएको हुनाले दिगो विकास लक्ष्य प्राप्तिमा सामाजिक सुरक्षाको महत्वपूर्ण स्थान रहन्छ। अर्काेतर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वय सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ। नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई पञ्जीकरण अन्तरगत व्यवस्थित गर्ने प्रयास भएको छ।

४.६.२ समस्या तथा चुनौती

सामाजिक सुरक्षाको क्षेत्रमा तोकिएको व्यक्तिको पहिचान तथा सद्उपयोग मुख्य समस्याका रुपमा रहेको छ। लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ। दलित, एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सामाजिक दृष्टिकोण सोचेअनुरुपको हुन सकेको छैन। बालमैत्री, अपाङ्गमैत्री तथा जेष्ठ नागरिकमैत्री पुर्वाधारको कमी रहेको छ। बैंकको सुविधा वडा वडामा सहज नहुँदा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण र नविकरण समयमा नहुने समस्या रहेको छ। सामाजिक सुरक्षालाई स्थानीय आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन्।

४.६.३ सोच

"असक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा"

४.६.४ उद्देश्य

१. सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्धारा सहारा दिनु।

४.६.५ रणनीति

१. सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पुर्ण नागरिकको पहिचान गर्ने संयन्त्र तयार गर्ने।

४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ४.१६: सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा	संख्या					
बेचविखनमा परेका महिला किशोरी र बालिका	संख्या					
५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता	प्रतिशत	९०	९५	९८	९८	९९
सामाजिक सुरक्षामा आवद्ध जनसंख्या	संख्या					

४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.१७: सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१००५	९५५	५०	०	०	१००५	०	०
२०८१/८२	११३६	१०७९	५७	०	०	११३६	०	०
२०८२/८३	१२२२	११६१	६१	०	०	१२२२	०	०

४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ४.१८: सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्रस	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
१	सामाजिक सुरक्षण, क्षमता विकास तथा अन्य सालवसाली कार्यक्रम	सामाजिक सुरक्षा वृत्ती वितरण सहज बनाउनु तथा जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गर्नु	सालबसाली	३३६६	जनप्रतिनिधि, कर्मचारी, सेवा प्रदायक संस्थाका कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरुमा पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी कानूनी व्यवस्था तथा प्राविधिक ज्ञान अभिबृद्धि भई सेवा प्रवाहमा सुधार हुने।

४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन भएको हुनेछ। यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

परिच्छेद ५ : पूर्वाधार विकास

पूर्वाधार विकास क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएकोछ ।

५.१ आवास, भवन तथा वस्ती विकास

५.१.१ पृष्ठभूमि

गाउँपालिकामा आवास तथा बस्ती विकास पेचिलो मुद्दा बनेको छ । विशेषगरी बुढीगण्डकी जलविद्युत आयोजना निर्माण हुँदा बन्ने जलाशयका कारण विस्थापित हुने वडा नं ३, ४, ८ र ७ का टारहरूमा रहेका बस्तीहरूको स्थानान्तरण चुनौतीपूर्ण रहेको छ । यथेष्ट मुआब्जा पाउनेहरूले काठमाडौँ, चितवन लगायतका शहरहरूमा घरघडेरी जोडिसकेका छन्। तर कम मुआब्जा पाएका तथा निम्न आय भएका गाउँपालिकाबासीले पाएको रकम खर्च गरी सकेकाकारण बस्ती व्यवस्थापन अन्योलग्रस्त बनेको छ । अर्कोतिर वि.सं २०७२ सालको भूकम्पले क्षतिग्रस्त वडा नं ५ रिङ्ठेपानी तथा धरमपानी क्षेत्रका बस्तीहरूमा पहिरो तथा भूक्षयको जोखिम रहेकाकारण एकीकृत मिलनबस्तीमा पुनर्वास गरिएको छ । भूकम्पको राहत पाउँनबाट बञ्चित छुटफुट गाउँपालिकाकाबासीको अन्तिम पटकको लगत संकलन आ.व. २०७७÷०७८ सम्पन्न भइसकेको छ । मानव जीवनको आधारभूत आवश्यकताहरू मध्ये आवास पनि एक हो। नेपालको संविधानले सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको सन्दर्भमा गाउँपालिकाले जनता आवासलाई केन्द्र विन्दुमा राख्नु पर्ने देखिन्छ । भूकम्प पश्चात पनि गाउँपालिकाका अधिकांश घरहरू कच्ची तथा विपन्न अवस्थामा रहनुले यस गाउँपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । वातावरणीय संवेदनशीलताको हिसाबले यस गाउँपालिकाका केही क्षेत्रहरूमा पहिरो जाने गरेकोले विद्यालय र केही घरहरू जोखिम साथै विस्तापित भएको छ । व्यवस्थित र वैज्ञानिक भू–उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस गाउँपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ ।

५.१.२ समस्या तथा चुनौती

भवन तथा वस्तीको मापदण्ड तयार भइ लागु हुन सकेको छैन । भवन आचार संहिता लागु हुन सकेको छैन । असुरक्षित तथा जोखिमयुक्त स्थानमा वस्तीहरू रहेका छन् भने व्यवस्थित वस्ती विकासको कमी रहेको छ । भूकम्प पश्चात निर्माण गरिएका अधिकांश नयाँ संरचनाका कारण मौलिक तथा विशिष्टिकृत घर निर्माण ढाँचा लोप भएको छ । बढीगण्डकी जलाशयबाट प्रभावित वडा नं ३,४, ७ र ८ का नदी किनारका बासिन्दाको बस्ती स्थानान्तरण चुनौतीपूर्ण रहेको छ । छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन निर्माण गर्न आवश्यक श्रोत जुटाउन चुनौतीपुर्ण रहेको हुन्छ । सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माण चुनौतीका रुपमा रहेको छ । भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको कमी रहेको छ ।

जोखिम युक्त क्षेत्रको वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, भूकम्पबाट क्षति ग्रस्त सम्रचनाको पूनस्थापन सम्पन्न गर्नु, वाल र महिला मैत्री भौतिक सामाजिक सम्रचनाहरू निर्माण गर्नु, भवन आचार संहिता लागु गर्नु, नयां भवन निर्माणमा मौलिकपना कायम राख्नु आदि प्रमुख चुनौतीका रुपमा रहेका छन ।

५.१.३ सोच

"सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति"

५.१.४ उद्देश्य

१. न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु ।
२. सुरक्षित आवास तथा भवनहरू निर्माण गर्नु ।

५.१.५ रणनीति

१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने ।
२. घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने ।

३. एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने।
४. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने।

५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ५.१: आवास, भवन तथा वस्ती विकास उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन	प्रतिशत	२५	३०	३५	४५	६०
सुरक्षित सार्वजनिक यातायातको उपलब्धता	प्रतिशत	१०	१५	२०	२५	४०
मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन	प्रतिशत	५०	८०	८०	९०	९५
लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवनहरु	प्रतिशत	१०	१५	२०	३०	३५

५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ५.२: आवास, भवन तथा वस्ती विकास उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	३३९९७	१७००	३२२९७	०	०	२२१८२	११८१५	०
२०८१/८२	३८४१२	१९२१	३६४९१	०	०	२८४५६	९९५६	०
२०८२/८३	४१३४०	२०६७	३९२७३	०	०	३४१८६	७१५४	०

५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ५.३: आवास, भवन तथा वस्ती विकास उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्रस	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
१	प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन आयोजना	स्थानीय शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु		३००००	प्रशासकीय भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ।
२	वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्भार	सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु		२८०००	वडा तहमा प्रशासकीय भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ।
३	सार्वजनिक निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम	भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु	सालबसाली	५५७४९	आवास, भवन तथा शहरी विकास सम्बन्धी मर्मत सम्भार तथा स्तरोन्नती सेवा सुचारु हुनेछ

५.१.९ जोखिम पक्ष तथा अनुमान

भूउपयोग योजना तयार भइ कार्यान्वयनमा आएको हुनेछ। आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयारी तथा सोको परिपालनामा भएको हुनेछ। सरकारी भवन, विद्यालय भवन तथा सामुदायिक भवन निर्माणमा अन्तर सरकार साझेदारीमा वृद्धि भएको हुनेछ। सुरक्षित आवास सम्बन्धमा जनचेतनाको स्तर वृद्धि भएको हुनेछ। बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन हुन नसकेमा अपेच्छित प्रतिफल हासिल हुनेमा चुनौतीपूर्ण देखिन्छ।

५.२ सडक, पुल तथा यातायात

५.२.१ पृष्ठभूमि

गाउँपालिका मुख्य चार सडक सञ्जालबाट जोडिएको छः (१) बुढीगण्डकी नदीको किनारै किनार चीनसँग जोड्ने सबभन्दा छोटो नाकाको रुपमा रहेको बेनीघाट–आरुघाट–सिर्दिवास–सामागाउँ–रुइलाभञ्ज्याङ सडकको क्यामुनटार–अमिलिचौर खण्ड, (२) मध्यपहाडी लोकमार्गको अमिली चौर–घ्याम्पेसाल–निबेल खण्ड (३) गोरखा बजार–घ्याम्पेसाल–आरुघाट सडकको झिँगटे–घ्याम्पेसाल–अमिलीचौर खण्ड र (४) घ्याम्पेसाल–बारपाक सुलिकोट गाउँपालिका हुँदै आरुघाट गाउँपालिकाको आरुपोखरी जोड्ने सडक। यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। गाउँपालिकामा सडक विस्तार सन्तोषजनक रुपमा भएको भए पनि अधिकांस सडक कच्ची अवस्थामा रहेका छन्। हिउँदमा धुलो तथा बर्षातमा हिलो र खाल्टाखुल्टी बढ्नाले यातायात सेवा अवरुद्ध हुन्छ। यद्यपि गोरखा बजार–आरुघाट सडकको झिँगटे–घ्याम्पेसाल खण्डमा करिब ५ कि.मि. कालोपत्रे गरिएको छ। साथै मध्यपहाडी लोकमार्गको अमिली चौर–घ्याम्पेसाल–निबेल खण्डको स्तरोन्नति पनि धमाधम भइरहेको छ। बुढीगण्डकी जलविद्युत आयोजनाका कारण ओझेलमा परेको गोरखा जिल्लाको मेरुदण्डको रुपमा रहेको मित्रराष्ट्र चीनसँग जोड्ने सबभन्दा छोटो नाकाको रुपमा रहेको बेनीघाट–आरुघाट–सिर्दिवास–सामागाउँ–रुइलाभञ्ज्याङ सडकको क्यामुनटार–अमिलिचौर सडकखण्ड गाउँपालिकाको महत्वपूर्ण सडक हुँदाहुँदै पनि कच्ची धुले अवस्थामा नै रहेको छ। साथै घ्याम्पेसालबाट बारपाक सुलिकोट गाउँपालिका हुँदै आरुघाट गाउँपालिकाको आरुपोखरी जोड्ने सडक पनि कच्ची धुले अवस्थामै रहेको छ। गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको भिमसेनथापा चक्रपथकोनिर्माण कार्यले तीब्रता पाइरहेको छ भने प्रत्येक वडा जोड्ने सडकहरूको विस्तार तथा स्तरोन्नति तीब्र रूपमा भइरहेको छ। तथापि यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था सन्तोषजनक छैन। सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धिगर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पु¥याउने, रोजगारी श्रृजना गर्ने, गरिबी न्यूनीकरण गर्ने र आर्थिक तथा सामाजिक विकासमा टेवा पु¥याउने हुदाँ यस गाउँपालिकामा सडक तथा यातायात गुरुयोजना तय गरी सोही अनुरूप योजनाबद्ध एवं व्यवस्थित तवरले सडक सञ्जालको विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।

५.२.२ समस्या तथा चुनौती

अध्ययन तथा डिजाइन विना नै सडक खोल्ने प्रवृत्ति बढ्दो रहेको यस क्षेत्रमा गुणस्तरीय यातायात सेवाको कमी रहेको छ। सडक निर्माण कार्य योजनावद्ध रुपमा हुन नसकेकोले महत्वका सडक निर्माणलाई प्राथमिकतामा राख्न सकिएको छैन।सडक निर्माण प्रक्रिया बढी खर्चिलो भई स्थानीय श्रोतले मात्र धान्न कठिन रहेको छ।गोरखा जिल्ला र चीनको नाका जोड्ने सडक तथा मध्यपहाडी लोकमार्ग जस्ता सडकहरूको स्तरोन्नति कार्य सुस्त रहेको छ।कच्ची सडक वर्षातको समयमा हिलाम्मे हुने र अन्य समयमा धुलाम्मे हुने हुँदा आवागमन जोखिमपूर्ण र कष्टप्रद हुने गरेको छ।गाउँपालिकाभित्र दैनिक आवतजावतका लागि आवश्यक भरपर्दो यातायातको असुविधा रहेको छ।

सडक निर्माणका क्रममा भूक्षय रोक्नु, सबै निर्माणाधीन सडकहरू समयमै सम्पन्न गर्नु, वडा केन्द्रहरू, महत्वपूर्ण टोल बस्तीहरू र पर्यटकीय केन्द्रसम्म सडक पुर्याउनु, वैकल्पिक पदमार्गहरू निर्माण गर्नु, सडक पुल निर्मा गर्नु, पदमार्गहरू स्तरोन्नति गरी मापदण्ड अनुसार वनाउनु, निर्मित सडकहरूको स्तरोन्नति गर्नु, अध्ययन नगरी जथाभावी सडक खोल्ने प्रवृत्ति रोक्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

५.२.३ सोच

"भिमसेनथापाको विशिष्टताः सहज, सुरक्षित र भरपर्दा सडक र यातायात सेवाको सुनिश्चितता"

५.२.४ उद्देश्य

१. गाउँपालिकावासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पु¥याउनु।
२. गाउँपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।

५.२.५ रणनीति

१. गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र बजार केन्द्रमा सडक सञ्जाल बिस्तार गर्ने।
२. विद्यमान सडकको स्तरोन्नती तथा विस्तार गर्ने।
३. सार्वजनिक यातायात प्रणालीको विकास गर्ने।

४. हेलिप्याड निर्माण गर्ने ।
५. सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने ।
६. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने ।
७. दिगो तथा वातावरणमैत्री प्रविधिमा जोड दिने ।

५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ५.४: सडक तथा यातायात उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
१२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात	प्रतिशत					
सडक घनत्व (किमि, वर्ग किमि)	कि.मि.					
कंक्रिट सडक	कि.मि.					
कालोपत्रे सडक	कि.मि.					
ग्राभेल सडक	कि.मि.					
कच्ची सडक	कि.मि.					
कुल सडक लम्माई	कि.मि.					

५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ५.५: सडक तथा यातायात उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	**४६९९७**	**१४१०**	**४५५८८**	**०**	०	३१९९७	१५०००	०
२०८१/८२	**५३१००**	**१५९३**	**५१५०७**	**०**	०	२८५६०	२४५४०	०
२०८२/८३	**५७१४८**	**१७१४**	**५५४३४**	**०**	०	२६३५६	३०७९२	०

५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ५.६: सडक तथा यातायात उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	भिमसेनथापा चक्रपथको तेस्रो खण्ड	यातायात सुविधा व्यवस्थित र सहज बनाउनु		२८०००	संरचना समेत २४ कि.मि. पक्की सडक निर्माण भइ चक्रपथ निर्माण पुरा हुने
२	बोर्लाङ्ग-ऐरिभञ्याङ्ग-महादेवटार सडक स्तरोन्नती	यातायात सुविधा व्यवस्थित र सहज बनाउनु		३००००	संरचना समेत १८ कि.मि. पक्की सडक निर्माण हुने
३	लामाचौर-काशीघाट सडक स्तरोन्नती	यातायात सुविधा व्यवस्थित र सहज बनाउनु		१५०००	संरचना समेत ७ कि.मि. पक्की सडक निर्माण हुने
४	सडक निर्माण मर्मत सम्भार सालवलासी कार्यक्रम	यातायात सुविधा व्यवस्थित र सहज बनाउनु		६९२४६	संरचना समेत ७ पक्की सडक मर्मत सम्भार तथा निर्माण हुने
५	पक्की झोलुङ्गे पुल निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम	यातायात सुविधा व्यवस्थित र सहज बनाउनु		१५०००	पुल निर्माण भई सडक सञ्जाल विस्तार हुने

५.२.९ जोखिम पक्ष तथा अनुमान

सडक विस्तार तथा यातायात सुबिधाको सहजताका लागि अन्तरसरकार, निजी क्षेत्र र समुदाय बीच समन्वय र सहकार्यमा वृद्धि भएको हुनेछ । आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ । गाउँपालिकाले विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गरेको हुनेछ । सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ ।

५.३ जलस्रोत, विद्युत तथा उर्जा

५.३.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रभित्र भएर वग्ने साना ठूला गरी २८ वटा नदी तथा खोला र जलाधार क्षेत्र तथा पानी मुहानहरु रहेका छन् ।यस क्षेत्रमा उपयोग हुने उर्जाको श्रोतका रुपमा विद्युत दाउरा पेट्रोलियम पदार्थ सोलार रहेका छन् ।यस क्षेत्रमा व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत लाइन जडान हुनसकेको छैन ।त्यसैगरी घरायसी प्रयोजनका लागि प्रयोग हुने विद्युतमा समेत न्यून भोल्टका कारण समस्या आउने गरेको पाइन्छ भने सामान्य हावाहुरी चल्दा तथा बर्षा हुनेसंकेत मिल्नासाथ विद्युत सेवा अवरुद्ध हुने गरेको छ । घरायसी खाना पकाउन प्रयोग गरीने इन्धनको स्रोतको रूपमा मूलतः काठ दाउरामा निर्भर यस गाउँपालिकामा विद्युत, बायोग्याँस, एलपी ग्यासको प्रयोग सिमित मात्रामा मात्र गरेको पाइन्छ । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरू मध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन्। अतः यस गाउँपालिकामा अल्पकालीन रूपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलविद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ ।

५.३.२ समस्या तथा चुनौती

जलाधार क्षेत्रको सरक्षणमा कमी, स्वच्छ उर्जाको उपयोगमा कमी, आयातित पेट्रोलियम पदार्थको उपयोगमा वृद्धि र गुणस्तरीय विद्युत सेवाको कमी प्रमुख समस्याका रुपमा रहेका छन् । हावाहुरी तथा वर्षातको समयमा विद्युत सेवा अवरुद्ध हुने गरेको छ । मुख्य प्रसारण लाइन बाहेक गाउँपालिकामा विद्युतीकरणका लागि प्रयोग भएका काठका पोलहरू जीर्ण तथा असुरक्षित रहेका छन् । विद्युतको संरचना तथा सुबिधामा कमी रहेको छ । सार्वजनिक सडक बत्तीहरूको पर्याप्त प्रबन्धमा कमी रहेको छ ।
गाउँपालिकाको विद्युत लाइन थप गर्ने र गुणस्तरीय सेवा उपलब्ध गराउने कार्य खर्चिलो तथा चुनौतीपूर्ण रहेको छ । जलवायु परिवर्तनको जलश्रोतमा प्रभाब कम गर्नु, गुणस्तरीय विद्युतको सुबिधा उपलब्ध गराउनु, बुढी गण्डकी जलविद्युत आयोजनाको प्रभाब कम गर्नु र स्वच्छ इन्धनको सहज उपलब्धता प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

५.३.३ सोच

"ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका"

५.३.४ उद्देश्य

१. ऊर्जामा सबै गाउँपालिकाबासीको पहुँच पु¥याउनु ।
२. ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।

५.३.५ रणनीति

१. विद्युतीकरण नभएका स्थानहरूमा विद्युत सेवा विस्तार गर्ने ।
२. विद्युत क्षमता वृद्धि गर्ने तथा विद्युत्उपयोग बढाउने ।
३. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने ।
४. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ५.७: जलस्रोत, विद्युत तथा उर्जा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
विद्युतमा पहुँच भएको जनसंख्या	प्रतिशत	६०	७०	७५	८०	८५
खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार	प्रतिशत	९५	९०	८०	७०	६५
खाना पकाउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार	प्रतिशत	२८	३०	४०	४५	४०
खाना पकाउन विद्युत प्रयोग गर्ने घरपरिवार	प्रतिशत	२	५	१०	१५	२०
खाना पकाउन वैकल्पिक उर्जा उपयोग गर्ने घरपरिवार	प्रतिशत	२	२	३	५	८

५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ५.८: जलस्रोत, विद्युत तथा उर्जा उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१०००	५०	९५०	०	०	१०००	०	०
२०८१/८२	११२९	५६	१०७३	०	०	११२९	०	०
२०८२/८३	१२१५	६१	११५५	०	०	१२१५	०	०

५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ५.९: जलस्रोत, विद्युत तथा उर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	नविकरणिय उर्जा प्रविधि तथा विद्युतिय चुलो सुधारिएको चुलो लगायत वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन सालवसाली कार्यक्रम	कार्वन उत्सर्जन न्यूनिकरण गर्नु।	सालबसाली	३३४४	कार्वन उत्सर्जन बार्षिक १० प्रतिशतले कम हुने।

५.३.९ जोखिम पक्ष तथा अनूमान

विद्युत तथा वैकल्पिक उर्जाको उपलब्धता र उपयोग सहज भएको हुनेछ। घरेलु तथा उद्यम क्षेत्रमा उर्जाको उपयोग सम्बन्धी सचेतना वृद्धि भएको हुनेछ। विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ।

५.४ सूचना तथा सञ्चार

५.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। यस क्षेत्रमा हुलाक, रेडियो, पत्रपत्रिका, मोमाइल फोन, टेलिभिजन र इन्टरनेट सूचना तथा सञ्चारको प्रमुख साधनका रुपमा रहेका छन्। यस गाउँपालिकामा नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छन्। गाउँपालिकामा रेडियो नेपालको प्रसारण र विभिन्न स्थानीय एफएमहरू—गोरखा एफ.एम, रेडियो विहानी, रेडियो मनास्लु, धादिङ्ग एफ.एम आदिकोप्रसारण सुन्न पाइन्छ। यस गाउँपालिकामा विभिन्न राष्ट्रिय दैनिक उपलब्ध हुने गरेके छ। गोरखा बजारबाट प्रकाशन हुने "दरौंदी" यहाँको स्थानीय पत्रिकाको रूपमा रहेको छ। आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ।

५.४.२ समस्या तथा चुनौती

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। गाउँपालिका क्षेत्रमा टेलिभिजन तथा इन्टरनेट जस्ता आधुनिक सञ्चारका साधनसँग न्यून पहुँच रहेको छ। इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा कमी रहेको

छ। ल्याण्डलाइन टेलिफोन तथा अप्टिकल फाइबरबाट इन्टरनेट सेवा पहुँचको कमी रहेको छ। पर्याप्त मात्रामा टेलिफोन तथा मोबाइल टावरहरूको कमीका कारण सेवाको गुणस्तर कमजोर रहेको छ। विद्यालय तथा सार्वजनिक स्थानहरूमा इन्टरनेट सुविधा तथा उपयोगको कमी रहेको छ।साइवर अपराध सम्बन्धमा सचेतनाको कमी रहेको छ।

साइवर अपराधलाई नियन्त्रण गर्नु, इन्टरनेटमा सबै स्थानीय बासीको पहुँच कायम गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्। सूचना तथा सञ्चार माध्यम खर्चिलो भएको र दक्ष मानविय श्रोत आवश्यक पर्ने भएकोले विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाहका लागि निरन्तर अद्यावधिक गर्नुपर्ने चुनौति रहेका छन्।

५.४.३ सोच

"सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका"

५.४.४ उद्देश्य

१. गाउँपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्नु।

५.४.५ रणनीति

१. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने।
२. गाउँपालिकावासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने।
३. क्षमता अभिवृद्धिमुलक कार्यक्रम संचालन गर्ने।

५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ५.१०: सूचना तथा सञ्चार उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
इन्टरनेट सेवा उपलब्ध घर परिवार	प्रतिशत	३०	३०	४०	५०	६०
गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली	संख्या	८	९	१०	१२	१३
इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय	प्रतिशत	७०	८०	९०	९५	१००

५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ५.११: सूचना तथा सञ्चार उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१५०२	२२५	१२७७	०	०	१५०२	०	०
२०८१/८२	१६९७	२५५	१४४३	०	०	१६९७	०	०
२०८२/८३	१८२७	२७४	१५५३	०	०	१८२७	०	०

५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ५.१२: सूचना तथा सञ्चार उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	सूचना प्रणाली सफ्टवेयर सञ्चालन, प्रविधि मैत्रि शासन प्रवर्द्धन सालवसाली कार्यक्रम	विद्युतीय सुशासन प्रवर्द्धन गर्नु	सालबसाली	५०२६	नगरपालिका कार्यालय, विषयगत शाखा र ११ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ।

५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

इन्टरनेट सेवामा सबैको पहुँच कायम हुनेगरी सर्वसुलभ भएको हुनेछ। मोवाइल तथा इन्टरनेट सेवाको गुणस्तर सुधार भएको हुनेछ। सचेतनाको कमीले साइवर अपराधमा वृद्धि, डिजिटल एडिक्सन र सूचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेदमा वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

६.१.१ पृष्ठभूमि

गाउँपालिकाको कूल भूभागको करीब ३६.०१ प्रतिशत भूभाग जङ्गलले ओगटेको छ भने झाडी तथा बुट्यानले ८.९८ प्रतिशत भू–भाग ओगटेको छ। यसअन्तर्गत गाउँपालिकामा ३७ वटा सामुदायिक वन उपभोक्ता समितिहरू, वडा नं २ र ४ मा दुई वटा धार्मिक वन र वडा नं १, ५ र ७ मा गरी ४ वटा कबुलियति वनहरू रहेका छन्। तथापि यस गाउँपालिकामा दिगो वन व्यवस्थापन प्रणाली लागू हुन सकेको छैन। दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ। अर्कोतर्फ यस गाउँपालिकामा वन क्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन प्रशस्त मात्रामा रहेकोले उक्त जमिनमा व्यापक जनपरिचालन गरी वृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रूपमा विकास गरी वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। त्यसैगरी पहाडी भू–भाग भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा पहिरो गई धनजनको क्षति हुने हुनाले भू–संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरूमा वृक्षारोपण, तारजाली र भू–संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। साथै भू–संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ।

६.१.२ समस्या तथा चुनौती

जडिवुट्टी प्रशोधनको व्यवस्था नहुनु, वातावरण संरक्षण वारे जनचेतना नहुनु, जलवायु परिवर्तनको असर बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख समस्या हुन।

वन अतिक्रमण, जैविक विविधताको ह्रास, आगलागी, अव्यवस्थित सडक लगायतका पूर्वाधार निर्माण वनजंगलका सम्पदाहरू चोरी शिकारी तथा निकासी हुने यस क्षेत्रका समस्याका रुपमा रहेको छ। वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियमित रूपमा गोडमेल गरी नियन्त्रणमा कमी रहेको छ। दिगोवन व्यवस्थापन तथा भू–संरक्षणका लागि प्राबिधिक जनशक्तिको कमी रहेको छ। जडिवुट्टी प्रशोधनको व्यवस्था नहुनु, वातावरण संरक्षण वारे जनचेतना नहुनु, जलवायु परिवर्तनको असर बढ्दै जानु यस क्षेत्रका समस्या हुन। इन्धनको प्राथमिक श्रोत काठ दाउरा रहेकोले वनमाथिको निर्भरता रहेको छ। सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेहीमा कमी रहेको छ।लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षणको कमी रहेको छ।

जलवायु परिवर्तनको असर कम गर्नु, विकास निर्माण र वातावरण वीच सन्तुलन कायम गर्नु, उत्पादनमूलक वन तयार गर्नु, वनमा बढ्दो इन्धन निर्भरता घटाउनु, प्राविधिक अध्ययन विना जथा भावी सडक निर्माण रोक्नु, जलाधार, जैविक विविधता र पानीका मुहानहरूको संरक्षण गर्नु, वन र वातावरण संरक्षणलाई आर्थिक कृयाकलाप सँग आवद्ध गर्नु, यस क्षेत्रका चुनौती हुन।

६.१.३ सोच

"जल, जमीन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि"

६.१.४ उद्देश्य

१. वन क्षेत्रको दिगोव्यवस्थापन गरी गाउँपालिकाको आर्थिक श्रोतको आधार बनाउनु।
२. वनको दिगो विकास सुनिश्चित गर्नु।
३. पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्नु।
४. जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने।

६.१.५ रणनीति

१. वनक्षेत्रको दिगो व्यवस्थापन गर्ने।

२. वनलाई आर्थिक श्रोतको आधार बनाउने।
३. खेर गैरहेको झाडी वुट्यान क्षेत्रलाई सदुपयोग गरी वनको क्षेत्रफल बढाइने।
४. वन संरक्षण कार्यक्रमहरू संचालन गर्ने।
५. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
६. सम्पुर्ण पहिरो र कटानग्रस्त क्षेत्रको अभिलेख संकलन गर्ने।
७. पहिरो र कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुसरण गर्ने।
८. जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने।
९. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने।
१०. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ६.१: वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
पार्क तथा उद्यान	संख्या	५	७	१०	१२	१५
संरक्षित तालतलैया पोखरी	संख्या	८	१०	१०	१२	१५
बृक्षरोपण गरिएको संख्या	संख्या	५०००	८०००	१५०००	२००००	४००००
नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई	किमि	२	५	१०	१५	२५
निजी तथा ब्यवसायिक वागवानी	घरधुरी					

६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ६.२: वन, हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१०००	१००	९००	०	०	१०००	०	०
२०८१/८२	११२९	११३	१०१६	०	०	११२९	०	०
२०८२/८३	१२१५	१२२	१०९४	०	०	१२१५	०	०

६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ६.३: वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	वन तथा हरियाली प्रवर्द्धन, नदि नियन्त्रणका लागि उपभोक्ता समिति परिचालन तथा सालबसाली कार्यक्रम		सालबसाली	३३४४	सामुदायिक वन तथा सार्वजनिक स्थलहरुमा १०००० बृक्षारोपण भएको हुनेछ।

६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

वन तथा भूसंरक्षण र नदी नियन्त्रणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ। खुला स्थानमा बृक्षरोपण तथा निजी तथा ब्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसके अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

६.२.१ पृष्ठभूमि

नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रूपमा उल्लेख गरिएको छ। तसर्थ यस गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। गाउँपालिकाले पार्क तथा हरित क्षेत्र विस्तार गर्न गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको छ भने पहिरो प्रभावित क्षेत्रमा वृक्षारोपण गरी भू–संरक्षण गर्ने नीति लिइएको छ।गाउँपालिकाका वन क्षेत्रमा पाइने जडीबुटी पहिचान गर्न विज्ञसँग परामर्श लिने नीति समेत गाउँपालिकाले लिएको छ। गाउँपालिकाका सार्वजनिक स्थल, नदी खोला किनार तथा अनुकूल स्थानमा वृक्षारोपण गरिएको छ । यस क्षेत्रमा यातायातका साधन र कलकारखानाहरू न्यून रहेका तथा हरियाली पर्याप्त भएका कारण तुलनात्मक रूपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको छ।

६.२.२ समस्या तथा चुनौति

वैज्ञानिक वन व्यवस्थापनका नाममा सामुदायिक वन जथाभावि फँडानी हुनु, प्राकृतिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोगमा कमी देखिएको छ। काठ दाउरालाई घरायसी इन्धनको रूपमा अत्यधिक प्रयोग गर्नाले घरायसी प्रदूषण बढेको छ। समयमै स्तरउन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधि कारण पोखरीहरू सुक्ने खतरा रहेको छ ।वन क्षेत्रमा डढेलो, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता र आमनागरिकमा वातावरण सचेतनाको कमी रहेको छ। गाउँपालिकाका लागि ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको संख्या बढ्दै जानु र ल्यान्डफिल्ड साइटको दिगो ब्यवस्थापन गर्न नसक्नु हो। जलवायू परिवर्तनको नकारात्मक प्रभाब कम गर्नु, ल्याण्डफिल साइटका लागि उपयुक्त जग्गा र पूर्वाधार विकास गर्नु र दिगो सञ्चालनका लागि स्रोतको व्यवस्था गर्नु, चुनौतिका रूपमा रहेका छन्।

६.२.३ सोच

गाउँपालिकाको शानः स्वच्छ, सफा, हराभरा ग्राम

६.२.४ उद्देश्य

१. जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने।
२. सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरण मैत्री बनाउने।

६.२.५ रणनीति

१. प्रदूषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने।
२. समुदाय वा टोल स्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने।
३. विकास निर्माणका कार्यक्रम गर्दा क्ष्भ्भ् कार्यन्वयन गर्ने।
४. ऐतिहासिक तथा सार्वजनिक स्थलहरूको दिगो विकास र संरक्षण गर्ने।

६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ६.४: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
ल्यान्डफिल्ड साइट	संख्या	१	१	१	२	२
फोहोर संकलन साधन	संख्या	०	१	१	१	२
आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने परिवार	प्रतिशत	२५	३०	३५	४०	५०
शौचालय प्रयोग गर्ने जनसंख्या	प्रतिशत	७८	८०	८०	८५	९०
स्रोतमानै फोहर वर्गीकरण, व्यवस्थापन गर्ने परिवार	प्रतिशत	३०	३५	४०	४५	५०
ल्याण्डफिल साइटको क्षेत्रफल	रोपनी	०	०			

६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय

तालिका ६.५: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१०००	५००	५००	०	०	१०००	०	०
२०८१/८२	११२९	५६५	५६५	०	०	११२९	०	०
२०८२/८३	१२१५	६०८	६०८	०	०	१२१५	०	०

६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ६.६: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	ल्याण्डफिल्ड साइट निर्माण तथा व्यवस्थापन	वातावरणीय सरसफाई प्रवर्द्धन गर्नु खुलादिशा तथा दुर्गन्ध रहित समुदाय विस्तार गर्नु	सालबसाली	३०००	कम्तिमा ३० वटा वस्तीमा वातावरणीय सरसफाईमा सुधार आएको हुनेछ।
२	फोहरमैला ब्यवस्थापन तथा स्वस्थ घर कार्यक्रम	वातावरणीय सरसफाई प्रवर्द्धन गर्नु खुलादिशा तथा दुर्गन्ध रहित समुदाय विस्तार गर्नु	सालबसाली	३४४	कम्तिमा ३० वटा वस्तीमा वातावरणीय सरसफाईमा सुधार आएको हुनेछ।

६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

फोहोरमैला ब्यवस्थापन सम्बन्धी नीतिगत ब्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला ब्यवस्थापन हुनेछ। फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय ब्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ।

६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

६.३.१ पृष्ठभूमि

भुकम्प, बाढी, पहिरो, नदी कटान, आगलागी, हावाहुरी, चट्याङ आदि प्रमुख प्रकोपका रुपमा रहेका छन्। विश्वव्यापी तापमान वृद्धि र जलवायु परिवर्तनका कारण विपद्का घटनाहरुमा वृद्धि हुँदै गएको छ। विकाससम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गरी कमभन्दा कम कार्वन उत्सर्जन गर्ने र बढीभन्दा बढी कार्वन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ। भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलोमात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। भिमसेनथापा गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ।

गाउँपालिकाले विपद्व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ। गाउँपालिकाले खाली सार्वजनिक ठाउँमा वृक्षारोपण, जोखिमयुक्त स्थानमा तारजाली, नदीखोला कटान क्षेत्रमा तटबन्धन निर्माण गरिरहेको छ। वडा नं ५ को जोखिमयुक्त क्षेत्र रिङ्ठेपानीबाट गाउँपालिकाबासीलाई मिलनबस्तिमा पुनर्वास

गरिएको छ ।अनियन्त्रित रुपमा उत्खनन् भइरहेका गिटी, बालुवा, तथा ढुङ्गा खानीलाई करको दायरामा ल्याइएको छ। डँढेलो नियन्त्रणका लागि सामुदायिक वनका प्रतिनिधिलाई अग्नि रेखा बनाउने तालिम दिइएको छ।गाउँपालिकामा विपत प्रतिकार्य योजना निर्माण गरी प्रभावकारी विपद व्यवस्थापन समिति गठन गरिएको छ। भुकम्प, कोभिड–१९, बाढी जस्ता प्रकोप नियन्त्रणका लागि गाउँपालिकामा आपतकालीन विपद व्यवस्थापन कोष स्थापना गर्न सकिने। विपद्पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको छ भने विपद्का बेला जम्मा हुने खुला स्थानहरु रहेका छन्।

६.३.२ समस्या तथा चुनौती

विपद्को पुर्व तयारी तथा सचेतना कमी प्रमुख समस्याका रुपमा रहेका छन् । स्थानीय भवन संहिता तर्जुमा नहुनु, प्राविधिक अध्ययन विना जथाभावी विकास सम्रचना निर्माण बढ्दै जानु, प्राकृतिक र गैह्र प्राकृतिक प्रकोपमा वृद्धि हुँदै जानु, अन्तर निकाय समन्वय नहुनु यस क्षेत्रका समस्याहरु हुन् । विपत् सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिए पनि आमसर्वसाधारण विपद् नपर्दासम्म संवेदनशील नबन्ने अवस्था रहेको छ । वडा नं १ को घ्याम्पेसाल, घोप्टे, घमाइलो पाखा र छापपाटा, वडा नं.५ को रिठ्ठेपानी र धरमपानी पहिरो तथा भूक्षयको जोखिममा रहेको छ । सामुदायिक वनहरूमा नयाँ घाँस तथा विरुवाका लागि गोप्य रुपमा जानीजानी डढेलो लगाइने प्रवृति रहेको छ । बुढीगण्डकी तथा दरैदी नदी आसपास रहेका बस्ती वर्षायाममा बाढी र कटानको जोखिममा रहेको छ ।बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू–क्षयकोसमस्या हुने गरेको छ ।

जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुनु, सडक निर्माणमा भुक्षयलाई नियन्त्रण गर्नु, मापदण्ड अनुसार सुरक्षित पूर्वाधार निर्माण गर्नु, भूकम्प प्रतिरोधी भौतिक सम्रचनाहरूको निर्माण गर्नु, भवन संहिता लागु गर्नु, झाडा पखाला लगायत स्वास्थ्यजन्य माहामारी रोक्नु, वाढी पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, विपद् व्यवस्थापनमा संलग्न बिभिन्न संघसस्था वीच समन्वय गर्नु र जोखिम युक्त वसोवास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु चुनौतीका रुपमा रहेका छन् ।

६.३.३ सोच

"विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माणमार्फत क्षति न्यूनीकरण"

६.३.४ उद्देश्य

१. प्राकृतिक तथा गैर प्राकृतिक विपद्घाट हुने क्षति न्युनीकरण गर्ने ।
२. विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।
३. पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्ने ।

६.३.५ रणनीति

१. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने ।
२. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने ।
३. विपद् व्यवस्थापन योजना निर्माण गर्ने ।
४. विपद् व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने ।

६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ६.७: विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
विपद्का कारण ज्यान गुमाउने	जनसंख्या	०	०	०	०	०
विपद्का घाइते हुने	जनसंख्या	०	०	०	०	०
तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता	संख्या					
विपद्घाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती)	रु. करोड					
सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल	संख्या	२०	२०	२५	३०	३५
विपद् व्यवस्थापन कोष रकम	रु. हजार	४०००	४५००	६०००	७५००	८५००
जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रम	संख्या	१०	१५	२५	३०	४०

६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ६.८: विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	१९९९	८००	१२००	०	०	१९९९	०	०
२०८१/८२	२२५९	९०४	१३५५	०	०	२२५९	०	०
२०८२/८३	२४३१	९७२	१४५९	०	०	२४३१	०	०

६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ६.९: विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र कार्यक्रम आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	विपद् पुर्वतयारी जोखिम न्यूनीकरण, उद्दार, राहत (कोष परिचालन) तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम	विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु	सालबसाली	६६८९	विपदबाट हुने क्षतिमा वार्षिक २० प्रतिशत कमी आउनेछ।

६.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार भई कार्यान्वयन भएको हुनेछ। विपद् तथा जलवायु परिवर्तनको प्रभाब सम्बन्धी सचेतना तथा जिम्मेवारपूर्ण व्यवहारमा अभिवृद्धि भएको हुनेछ। विपद् व्यवस्थापनमा अन्तर सरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ। प्राकितक प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ।

परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन

संस्थागत विकास तथा सुशासन क्षेत्र अन्तरगत नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षलाई समावेश गरिएको छ।

७.१ नीति, कानून, न्याय तथा सुशासन

७.१.१ पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ।राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी शासन, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संघीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुर्याउन सकिन्छ।

गाउँपालिकाले आफ्नो कार्य व्यवस्थापन गर्न कनून नीति निर्देशिका कार्यविधिहरु निर्माण गरेको छ। यसै गरि गाउँपालिकाको शाखाहरु र वडा कार्यालय सहितको संगठनात्मक संरचना स्वीकृत भई आवश्यक दरवन्दी कायम भएको छ। गाउँपालिकामा स्थानीय सञ्चित कोष स्थापना भई सुत्र (SuTRA) मा आधारमा वित्तीय कारोवार सञ्चालन भइरहेको छ। व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट "एप्स" हरू प्रयोग गरी सम्पादन गरी आएको छ। गाउँपालिकाले सेवाग्राहीको गुनासो सुनुवाइ संस्थागत प्रबन्धहरु समेत गरेको छ। गाउँपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, इन्टरनेट नेटवर्किङ मार्फत वडालाई गाउँपालिका केन्द्रसँग जोड्ने कार्य, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित र पारदर्शी बनाउनु आवश्यक छ।

७.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा आवश्यक पूर्वाधारको कमी, दरवन्दी अनुसार पदपूर्तिमा कमी, कर्मचारीहरूमा स्थायित्वको कमी, वैयक्तिक, संगठनात्मक र सस्थागत क्षमता कमजोर हुनु समस्याका रुपमा रहेको छ। समितिहरू क्रियाशीलतामा कमी रहको छ भने नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक एवं सामाजिक परीक्षण नियमितामा कमी रहेको छ। लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ संघीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास परिपक्क रुपमा हुन सकेको छैन। संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको कमी रहेको छ। गाउँपालिका केन्द्र/वडाकेन्द्रमा पर्याप्त भौतिक सामग्री (फर्निचर, कन्प्युटर, ल्यापटप आदि) उपलब्ध कमी रहेको छ।

जनचासो र जनगुनासोको समयमै सम्बोधन गर्नु, ससक्त स्थानीय न्याय प्रणाली विकास गर्नु, जनप्रतिनिधि तथा कर्मचारीतन्त्रको समन्वयलाई प्रभाबकारी गराउनु, जनउत्तरदायी शासन प्रणालीको विकास गर्नु, सबै कार्यालयलाई पूर्वाधार, जनशक्ति, सूचनामैत्री तथा प्रविधियुक्त बनाउनु, आन्तरिक राजस्व वढाउनु, सेवा तथा विकास कार्यक्रमको गुणस्तर कायम गर्नु चुनौतीका रुपमा रहेका छन्।

७.१.३ सोच

"गाउँपालिकाको सरोकार जनमुखी सरकार"

७.१.४ उद्देश्य

१. भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु।

७.१.५ रणनीति

१. जनचासोमा केन्द्रित जनमूखी सरकार महशुस हुने सेवा प्रणाली प्रर्वद्धन गर्ने।

७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ७.१: नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही	प्रतिशत					
स्वीकृत नीति, कानून र कार्यविधि	संख्या					
१. नीति	विषय					
२. ऐन	विषय					
३. नियम तथा विनियम	विषय					
४. निर्देशिका, कार्यविधि र मापदण्ड	विषय					
क्रियाशिल नीतिगत समिति र संयन्त्र	संख्या	३	४	५	७	८

७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७.२: नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	३९९८	३७९८	२००	०	३९९८	०	०	०
२०८१/८२	४५१८	४२९२	२२६	०	४५१८	०	०	०
२०८२/८३	४८६२	४६१९	२४३	०	४८६२	०	०	०

७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ७.३: नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र/कार्यक्रम/आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
१	न्यायीक सेवा कार्यक्रम	न्यायीक सेवा प्रवाह तथा कार्य सम्पादन क्षमताविकास गरी छरितो न्यायीक सेवा प्रदान गर्नु	सालबसाली	९०००	न्यायीक सेवा प्रवाहमा सुधार आएको हुनेछ।
२	नीति कानुन शुसाशन तथा न्याय प्रवर्द्धन सालवसाली कार्यक्रम	स्थानीय शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु	सालबसाली	४३७८	नीति, कानून तथा कार्यविधि तर्जुमा तथा परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ।

७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

नीति तथा कानूनको समय सापेक्ष परिमार्जन र यथोचित कार्यान्वयनलाई प्राथमिकता दिइएको हुनेछ। न्याय तथा सुशासन न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान भएको हुनेछ। जबाफदेही तथा पारदर्सी व्यवहारको प्रवर्द्धन हुन नसकेमा र न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान हुन नसक्ने जोखिम रहन सक्छ।

७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

७.२.१ पृष्ठभूमि

गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालय भवन खाञ्चोकमा निर्माणाधिन अवस्थामा रहेको छ। यसै गरि गाउँपालिकाको शाखाहरु र वडा कार्यालय सहितको संगठनात्मक संरचना स्वीकृत भई आवश्यक दरवन्दी कायम भएको छ। व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट "एप्स" हरू प्रयोग गरी सम्पादन हुँदै आएको छ। गाउँपालिकाले सेवाग्राहीको गुनासो सुनुवाइ संस्थागत प्रबन्धहरु समेत गरेको छ। गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि क्षमता विकास, कम्प्युटर सफ्टवेयर प्रणालीको उपयोग र प्रयोगमा ल्याइएको छ। हाल गाउँपालिकामा विषय क्षेत्रगतमा स्थाइ तथा करार गरी ७६ जना

कर्मचारी कार्यरत रहेका छन् । सेवा प्रबाहका लागि आवश्यक आधाभूत नीति, कानून, कार्यविधिहरु स्वीकृत भएका छन् भने सेवा प्रबाहमा सहजीकरणका लागि सूचना प्रविधिमा आधारित पद्धति उपयोगमा ल्याइएको छ ।

७.२.२ समस्या तथा चुनौती

दक्ष जनशक्तिको कमी, संस्थागत संरचनाको कमी, जनअपेक्षित सेवा प्रबाहमा कमी, नागरिक सचेतनाको कमी र कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धतिको कमी रहेको छ । गाउँपालिका तथा वडा कार्यालयहरुले मासिक रुपमा खर्च सार्वजनिक गर्ने परिपाटीलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । संस्थागत स्वमूल्यांकन कार्ययोजना तथा क्षमता विकास योजनालाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन थप सुधार गर्नुपर्ने छ । दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, सेवा प्रबाहलाई अधिकाधिक रुपमा जनमुखी गराउनु र संस्थागत संरचनालाई चुस्त तुल्याउन चुनौतीका रुपमा रहेका छन् ।

७.२.३ सोच

"गाउँपालिकाको चाह जनमुखी सेवा प्रवाह"

७.२.४ उद्देश्य

१. गाउँपालिकाबाट प्रबाहित हुने सेवाको गुणस्तर अभिवृद्धि गर्नु ।

७.२.५ रणनीति

१. सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने ।
२. गाउँकार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने ।
३. सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ७.४: संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
गाउँपालिकामा कार्यरत मानव संशाधन	संख्या	६५	७६	८५	९०	१०२
गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति	संख्या	८	८	१०	१२	१७
गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास	प्रतिशत	६०	६०	७०	८५	९५
मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू	प्रतिशत	०	३०	१००	१००	१००
संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत	प्रतिशत	६०	७४	८०	८५	९५

७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७.५: संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	११४६२९	११२३३६	२२९३	०	११४६२९	०	०	०
२०८१/८२	१२९५१४	१२६९२३	२५९०	०	१२९५१४	०	०	०
२०८२/८३	१३९३८७	१३६६००	२७८८	०	१३९३८७	०	०	०

७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ७.६: संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र /कार्यक्रम/आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
१.	संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम	स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु	सालबसाली	३८३५३०	कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ।

७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संगठन व्यवस्थापन, मानव संसाधन व्यवस्थापन र सेवा प्रवाहको गुणात्मक सुधारमा अन्तरसरकार सहकार्य र साझेदारीमा अभिवृद्धि भएको हुनेछ। गाउँपालिकाले प्रदेश, संघ तथा सरोकारवालाहरुको सहकार्यमा सुशासन तथा सेवा प्रबाहको अभिबृद्धि गरी अपेक्षित नतिजा हासिल हुनेछ। स्थानीय सरकारमा वृत्ति तथा क्षमता विकास र उत्प्रेरणाको कमीका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ।

७.३ राजस्व तथा स्रोत परिचालन

७.३.१ पृष्ठभूमि

राजस्वको श्रोतका रुपमा आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारको अनुदान र राजश्व बाँडफाँटको रकम नै मुख्य रुपमा रहेको छ। स्थानीय राजस्वको दर तथा दायरा वृद्धिका लागि गाउँपालिका निरन्तर रुपमा कृयाशिल रहेको छ। गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सवलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको भएता पनि यस चालु आर्थिक वर्षमा घटने संकेत देखिएको छ। राजश्व परामर्श समितिको बैठकबाट हरेक बर्ष पुष मसान्त भित्रमा आगामि बर्ष राजश्व प्रक्षेपण गर्नुपर्ने ब्यवस्थालाई निरन्तरता दिइएको छ। गाउँपालिकाको पछिल्लो आर्थिक वर्षको बजेट रु ६२ करोड २६ लाख रहेको छ।

७.३.२ समस्या तथा चुनौती

आम नागरिकको करप्रतिको धारणा सकारात्मक नहुनु, आन्तरिक राजस्वको श्रोत पहिचानमा कमी र राजश्व संकलन तथा श्रोतको परिचालनको कमजोर क्षमता समस्याका रुपमा रहेको छ। गाउँपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको अधिकतम राजस्व संकलन लक्ष्य प्राप्त गर्न समस्या देखिएको छ। दिगो राजश्वको श्रोत पहिचान गर्नु र श्रोतको आदर्श परिचालन गर्नु चुनौतीका रुपमा रहेका छन्।

७.३.३ सोच

"राजस्वको दायरा विस्तार समृद्ध गाउँको सपना साकार"

७.३.४ उद्देश्य

१. राजस्वमा वृद्धि तथा सुदृढ राजश्व प्रणाली तयार गर्नु,

७.३.५ रणनीति

१. राजस्वको दर तथा दायरा विस्तार गर्ने।
२. राजश्व परिचालनलाई प्रभाबकारी गराउने।
३. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने।

७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ७.७: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
प्रतिव्यक्ति बार्षिक बजेट लगानी	रु.हजार	२८	३१	३२	३४	३७
बार्षिक आन्तरिक आय रकम	रु.लाखमा	४०	४४	७०	७८	८६

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
कुल बार्षिक बजेट	रु.लाखमा	४७५९	६४००	५५८४	६३०९	६७९०
बेरुजु रकम	करोड	६.९	७.१	५.५	३.५	१.५

७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७.८: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	५०३	४५२	५०	०	५०३	०	०	०
२०८१/८२	५६८	५११	५७	०	५६८	०	०	०
२०८२/८३	६११	५५०	६१	०	६११	०	०	०

७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ७.९: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र/कार्यक्रम/आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु हजारमा)	अपेक्षित नतिजा
१.	राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम	आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र	सालबसाली	१६८२	इ ट्याक्स सिस्टम लागु भई आन्तरिक आय तथा राजस्वमा बार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ।

७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

राजश्व सुधार योजना बमोजिम राजश्वको दर तथा दायरा विस्तार भएको हुनेछ। कर सम्बन्धी सचेतना वृद्धि भएको हुनेछ। प्रचलित कानुन तथा स्थानीय आवश्यकताको आधारमा प्रगतिशील करको दर तय गरी राजस्व संकनल बृद्धि भएको हुनेछ। स्थानीय बासिन्दामा कर तथा शुल्क वाध्यकारी अवस्थामा बाहेक अरु बेला सालवसाली रुपमा मात्र तिर्ने वानी भएकोले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ।

७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

७.४.१ पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ। गाउँपालिकामा गरिने हरेक किसिमका कृयाकलापहरू र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिविम्वित गर्न मिल्दछ। तसर्थ हरेक कृयाकलापलाई परिमाणमा देखाउँदा विकास र सम्वृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा गाउँपालिकाको स्थितिवारे थाहा पाउन सकिन्छ। यसका लागि हरेक सूचनालाईअध्यावधिक गर्ने, सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ। अर्को तर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको श्रोत र साधनको दुरुपयोग हुन सक्ने जोखिम रहन्छ।
विकासलाई एक निश्चित सोच, लक्ष्य तथा उद्देश्य तर्फ डोर्‍याउन योजनावद्ध विकास आवश्यक पर्छ भने तथ्य परक योजना तर्जुमाको लागि व्यवस्थित तथ्याङ्क प्रणालीको विकास आवश्यक पर्छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ ले पनि स्थानीय तहले विभिन्न किसिमका योजना बनाई कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको छ।

७.४.२ समस्या तथा चुनौती

चुस्त तथ्याङ्कको कमी, नतिजामूखी योजनाको अभ्यास तथा अनुभवको कमी र अन्तरसरकार तथा अन्तर निकाय वीच समन्वयको कमी क्षेत्रका प्रमुख समस्या हुन। तथ्याङ्कको अद्यावधीकरण गर्नु, तथ्यमा आधारित योजना तर्जुमा तथा कार्यान्वयन गर्नु, आवधिक योजना एबम् वार्षिक योजना वीच तादाम्यता कायम गर्नु, प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान गर्नु प्रमुख चुनौती हुन्।

७.४.३ सोच

"चुस्त तथ्याङ्क तथा सूचना विकासका लागि नतिजामूखी योजना"

७.४.४ उद्देश्य

१. तथ्यमा आधारित नतिजामूलक योजना तर्जुमा गर्नु।
२. स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँचयोग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु।

७.४.५ रणनीति

१. सुदृढ सूचना अभिलेख प्रणालीको विकास गर्ने।
२. नतिजामुखी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।

७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ७.१०: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाइ	०७८/७९ सम्मको वास्तविक उपलब्धि	०७९/८० सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				०८०/८१	०८१/८२	०८२/८३
तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना	विषय	३	४	७	८	१०
गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था	संख्या	३०	३५	४०	४५	५०
सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास	प्रतिशत	५०	६०	८०	८५	९०
समयमा सम्पन्न आयोजना तथा कार्यक्रम	प्रतिशत	७०	७५	८५	९०	९४

७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७.११: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट अनुमान				बजेटको स्रोत			
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८०/८१	९१६	७३३	१८३	०	९१६	०	०	०
२०८१/८२	१०३५	८२८	२०७	०	१०३५	०	०	०
२०८२/८३	१११४	८९१	२२३	०	१११४	०	०	०

७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

तालिका ७.१२: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	उपक्षेत्र/कार्यक्रम/आयोजना	उद्देश्य	अवधि (सुरु समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१.	तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम	गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागिताममूलक तथा नतिजामूलक बनाउनु,	सालबसाली	३०६४	आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जमा तथा अद्यावधिक हुने र सो बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ।

७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

तथ्याङ्क संकलन, अद्यावधीकरण र व्यवस्थापन प्रभाबकारी भएको हुनेछ । तथ्याङ्क व्यवस्थापन प्रणाली तयारी र नतिजामूखी योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी तालिम, अभिमुखिकरण तथा विज्ञता सहयोग प्राप्त भएको हुनेछ । स्थानीय तहको कार्यक्षेत्र तथा काम कर्तब्य अधिकारका क्षेत्र असिमित भएकाले तथ्यांक व्यवस्थापन, दीर्घकालीन तथा मध्यमकालीन योजना र नतिजामूलक विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई संस्थागत गर्ने कार्य नविन एबम् जटिल प्रकृया भएकोले अपेक्षित नतिजा हासिल गर्नमा जोखिम रहन सक्छ ।

अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

क्र.सं.	समितिका पदाधिकारी	जिम्मेवारी
१	प्रमुख प्रशासकीय अधिकृत	संयोजक
२	प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा	सदस्य
३	प्रमुख, स्वास्थ्य शाखा	सदस्य
४	प्रमुख, आर्थिक प्रशासन शाखा	सदस्य
५	प्रमुख, कर्मचारी प्रशासन शाखा	सदस्य
६	प्रमुख, सामाजिक विकास शाखा	सदस्य
७	प्रमुख, कृषि शाखा,	सदस्य
८	प्रमुख, पशु सेवा शाखा	सदस्य
९	प्रमुख, पूर्वाधार विकास शाखा	सदस्य
१०	प्रमुख, वातावरण तथा विपद ब्यवस्थापन शाखा	सदस्य
११	प्रमुख, सूचना प्रविधि शाखा	सदस्य
१२	प्रमुख, राजश्व शाखा	सदस्य
१३	प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा	सदस्य
१४	प्रमुख, सामाजिक सुरक्षा पञ्जीकरण उपशाखा	सदस्य
१५	प्रमुख, उद्योग शाखा	सदस्य
१६	प्रमुख, योजना तथा अनुगमन शाखा	सदस्य सचिव

अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

पृष्ठभूमि

नेपालको संविधानले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको परिकल्पना गरेसँगै स्थानीय सरकार संचालनमा जनप्रतिनिधिले पहिलो कार्यकाल संरचनागत एवम् व्यवस्थापकीय क्षेत्रमा महत्वपूर्ण उपलब्धीका साथ पुरा गरिसकेको छ । वर्तमानमा स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धी हासिल गर्ने गति तिव्र बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ । संविधानले परिकल्पना गरेको तीनवटै तहबीचको सहकारीता, समन्वय र सहअस्थित्वको मर्मलाई आत्मसात गरिएको छ । स्थानीय सरकाले अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको साझेदारी र सहकार्यलाई प्रभाबकारी बनाउँदै लगेका छन् ।

स्थानीय सरकारले जनताको सबैभन्दा नजिकको सरकारका रूपमा नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तनको वस्तुपरक मार्गचित्र तयार गर्नु जरुरी देखिन्छ । संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था बमोजिम स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने प्रयत्न गर्नुपर्ने देखिन्छ । स्थानीय आवश्यकताको सम्बोधन गर्दै जनअपेक्षा बमोजिम राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ ।स्थानीय सरकारले विकास प्रकृयालाई निदृष्ट गन्तब्यतर्फ उन्मुख गराई अपेक्षित उपलब्धि हासिल गर्नसरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्न आवश्यक हुन्छ । दीर्घकालीन, आवधिक तथा विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहना सम्बोधन गर्ने गर्नुपर्दछ । योजनाले उपलब्ध हुने सक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेट बीचको खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ।

नेपालको संविधानले स्थानीय सरकारलाई दिएको अधिकार बमोजिम योजना तर्जुमा तथा कार्यान्वयनको महत्वपूर्ण जिम्मेबारी रहेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ ।

यस मार्गदर्शनको उद्देश्य नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत रहेको छ । आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय विषयगत समिति, पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाहरुलाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रकृया बमोजिम यस मार्गदर्शन अनुसार आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्नुपर्नेछ ।

कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम कोभिड १९ को सामाजिक आर्थिक प्रभाब न्यून गर्दै विश्वव्यापी आर्थिक सिथिलताको परिवेशमा प्रदेश तथा संङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समय तालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्य अनुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ । आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने सिकाई समेत भएको छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक बर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धी समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथासम्भव आयोजना र कार्यक्रमगत रूपमा नभएमा उपक्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नेछ ।

योजना तथा बजेट तर्जुमाका आधारहरू

मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधारका रुपमा लिइनेछ :

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)
२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली ।
३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)
४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)
५. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्यवको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)
६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)
७. सावर्जनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)
८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)
९. दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको साम्रदभिक बुँदाहरू
१०. गाउँपालिकाको आवधिक योजना, दीर्घकालीन नीति तथा कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना
११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

बजेट सीमा

बजेट वर्ष आ.व. २०८०/८१ सहित ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा देहायअनुसार निर्धारण गरिएको छ।

क्रस	विषयक्षेत्र/उपक्षेत्र	आर्थिक बर्ष	बजेट सिमा रु हजारमा				बजेटको श्रोत रु हजारमा			
			कुल	चालु	पुँजीगत	वित्तिय व्यवस्था	आन्तरिक श्रोत तथा राजश्व बाँडफाड	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
१	**आर्थिक विकास**	**२०८०/८१**	**५१३४८**	**३२८८७**	**१८४६१**	**०**	**१००६१**	**४१२८७**	**०**	**०**
		२०८१/८२	**५८०१५**	**३७१५७**	**२०८५८**	**०**	**१२८१८**	**४५१९७**	**०**	**०**
		२०८२/८३	**६२४३८**	**३९९९०**	**२२४४९**	**०**	**४४८५**	**५७९५३**	**०**	**०**
क	कृषि तथा खाद्य सुरक्षा	२०८०/८१	९३४८	६०७६	३२७२	०	०	९३४८	०	०
		२०८१/८२	१०५६२	६८६५	३६९७	०	०	१०५६२	०	०
		२०८२/८३	११३६७	७३८९	३९७९	०	०	११३६७	०	०
ख	पशु सेवा	२०८०/८१	८८५१	७०८१	१७७०	०	०	८८५१	०	०
		२०८१/८२	१००००	८०००	२०००	०	०	१००००	०	०
		२०८२/८३	१०७६३	८६१०	२१५३	०	०	१०७६३	०	०
ग	उद्योग ब्यापार ब्यवसाय	२०८०/८१	१५७९८	११०५९	४७३९	०	८४०९	७३८९	०	०
		२०८१/८२	१७८४९	१२४९५	५३५५	०	९४७७	८३७२	०	०
		२०८२/८३	१९२१०	१३४४७	५७६३	०	१५४४	१७६६६	०	०
घ	पर्यटन तथा संस्कृति	२०८०/८१	५५०१	१६५०	३८५०	०	१०००	४५०१	०	०
		२०८१/८२	६२१५	१८६४	४३५०	०	२२१५	४०००	०	०

क्रस	विषयक्षेत्र/उपक्षेत्र	आर्थिक बर्ष	बजेट सिमा रु हजारमा				बजेटको श्रोत रु हजारमा			
			कुल	चालु	पुँजीगत	वित्तिय व्यवस्था	आन्तरिक श्रोत तथा राजश्व वाँडफाड	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
		२०८२/८३	६६८९	२००७	४६८२	०	१५००	५१८९	०	०
ङ	भूमि ब्यवस्था सहकारी तथा वित्तिय व्यवस्था	२०८०/८१	३६५२	२९२२	७३०	०	६५२	३०००	०	०
		२०८१/८२	४१२६	३३०१	८२५	०	११२६	३०००	०	०
		२०८२/८३	४४४१	३५५३	८८८	०	१४४१	३०००	०	०
च	श्रम रोजगारी र गरिवि निवारण	२०८०/८१	८१९८	४०९९	४०९९	०	०	८१९८	०	०
		२०८१/८२	९२६२	४६३१	४६३१	०	०	९२६२	०	०
		२०८२/८३	९९६८	४९८४	४९८४	०	०	९९६८	०	०
२	**सामाजिक विकास**	**२०८०/८१**	**२९९५४१.८५**	**२४७९७९**	**५१५६३**	**०**	**५०८**	**२९९०३४**	**०**	**०**
		२०८१/८२	**३३८४३८**	**२८०१८०**	**५८२५८**	**०**	**६८९५**	**३३१५४३**	**०**	**०**
		२०८२/८३	**३६४२३९**	**३०१५४०**	**६२७००**	**०**	**५४२९**	**३५८८१०**	**०**	**०**
क	शिक्षा कला भाषा तथा साहित्य	२०८०/८१	२२५६०६	१९१७६५	३३८४१	०	०	२२५६०६	०	०
		२०८१/८२	२५४९०१	२१६६६६	३८२३५	०	०	२५४९०१	०	०
		२०८२/८३	२७४३३४	२३३१८४	४११५०	०	०	२७४३३४	०	०
ख	स्वास्थ्य तथा पोषण	२०८०/८१	६०४२२	५१३५९	९०६३	०	०	६०४२२	०	०
		२०८१/८२	६८२६८	५८०२८	१०२४०	०	०	६८२६८	०	०
		२०८२/८३	७३४७३	६२४५२	११०२१	०	०	७३४७३	०	०
ग	खानेपानी तथा सरसफाई	२०८०/८१	९६०५	१९२१	७६८४	०	०	९६०५	०	०
		२०८१/८२	१०८५२	२१७०	८६८२	०	५४२६	५४२६	०	०
		२०८२/८३	११६८०	२३३६	९३४४	०	५४२९	६२५१	०	०
घ	महिला बालबालिका सामाजिक समावेशीकरण	२०८०/८१	१५०८	१२८२	२२६	०	५०८	१०००	०	०
		२०८१/८२	१७०४	१४४८	२५६	०	१४६९	२३५	०	०
		२०८२/८३	१८३३	१५५८	२७५	०	०	१८३३	०	०
ङ	यूवा खेलकुद तथा नवप्रवर्तन	२०८०/८१	१३९६	६९८	६९८	०	०	१३९६	०	०
		२०८१/८२	१५७७	७८९	७८९	०	०	१५७७	०	०
		२०८२/८३	१६९८	८४९	८४९	०	०	१६९८	०	०
च	सामाजिक सुरक्षा पञ्जिकरण	२०८०/८१	१००५	९५५	५०	०	०	१००५	०	०
		२०८१/८२	११३६	१०७९	५७	०	०	११३६	०	०
		२०८२/८३	१२२२	११६१	६१	०	०	१२२२	०	०
३	**पूर्वाधार विकास क्षेत्र**	**२०८०/८१**	**८३४९६**	**३३८५**	**८०१११**	**०**	**०**	**५६६८१**	**२६८१५**	**०**
		२०८१/८२	**९४३३९**	**३८२५**	**९०५१४**	**०**	**०**	**५९८४३**	**३४४९६**	**०**
		२०८२/८३	**१०१५३१**	**४११६**	**९७४१४**	**०**	**०**	**६३५८५**	**३७९४६**	**०**
क	बस्ती विकास, आवास तथा भवन	२०८०/८१	३३९९७	१७००	३२२९७	०	०	२२१८२	११८१५	०
		२०८१/८२	३८४१२	१९२१	३६४९१	०	०	२८४५६	९९५६	०
		२०८२/८३	४१३४०	२०६७	३९२७३	०	०	३४१८६	७१५४	०
ख	सडक तथा यातायात	२०८०/८१	४६९९७	१४१०	४५५८८	०	०	३१९९७	१५०००	०
		२०८१/८२	५३१००	१५९३	५१५०७	०	०	२८५६०	२४५४०	०

क्रस	विषयक्षेत्र/उपक्षेत्र	आर्थिक बर्ष	बजेट सिमा रु हजारमा				बजेटको श्रोत रु हजारमा			
			कुल	चालु	पुँजीगत	वित्तिय व्यवस्था	आन्तरिक श्रोत तथा राजश्व बाँडफाड	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
		२०८२/८३	५७१४८	१७१४	५५४३४	०	०	२६३५६	३०७९२	०
ग	जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा	२०८०/८१	१०००	५०	९५०	०	०	१०००	०	०
		२०८१/८२	११२९	५६	१०७३	०	०	११२९	०	०
		२०८२/८३	१२१५	६१	११५५	०	०	१२१५	०	०
घ	सूचना, सञ्चार तथा प्रविधि	२०८०/८१	१५०२	२२५	१२७७	०	०	१५०२	०	०
		२०८१/८२	१६९७	२५५	१४४३	०	०	१६९७	०	०
		२०८२/८३	१८२७	२७४	१५५३	०	०	१८२७	०	०
४	**वन तथा वातावरण क्षेत्र**	**२०८०/८१**	**३९९८**	**१३९९**	**२५९९**	**०**	**०**	**३९९८**	**०**	**०**
		२०८१/८२	**४५१८**	**१५८१**	**२९३६**	**०**	**०**	**४५१८**	**०**	**०**
		२०८२/८३	**४८६२**	**१७०२**	**३१६०**	**०**	**०**	**४८६२**	**०**	**०**
क	वन, भूसंरक्षण र जैविक विविधता	२०८०/८१	१०००	१००	९००	०	०	१०००	०	०
		२०८१/८२	११२९	११३	१०१६	०	०	११२९	०	०
		२०८२/८३	१२१५	१२२	१०९४	०	०	१२१५	०	०
ख	वातावरण तथा फाहोरमैला व्यवस्थापन	२०८०/८१	१०००	५००	५००	०	०	१०००	०	०
		२०८१/८२	११२९	५६५	५६५	०	०	११२९	०	०
		२०८२/८३	१२१५	६०८	६०८	०	०	१२१५	०	०
ग	विपद जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलता	२०८०/८१	१९९९	८००	१२००	०	०	१९९९	०	०
		२०८१/८२	२२५९	९०४	१३५५	०	०	२२५९	०	०
		२०८२/८३	२४३१	९७२	१४५९	०	०	२४३१	०	०
५	**संस्थागत विकास क्षेत्र**	**२०८०/८१**	**१२००४६**	**११७३२०**	**२७२६**	**०**	**१२००४६**	**०**	**०**	**०**
		२०८१/८२	**१३५६३४**	**१३२५५४**	**३०८०**	**०**	**१३५६३४**	**०**	**०**	**०**
		२०८२/८३	**१४५९७४**	**१४२६५९**	**३३१५**	**०**	**१४५९७४**	**०**	**०**	**०**
क	नीति, कानून, न्याय तथा सुशासन	२०८०/८१	३९९८	३७९८	२००	०	३९९८	०	०	०
		२०८१/८२	४५१८	४२९२	२२६	०	४५१८	०	०	०
		२०८२/८३	४८६२	४६१९	२४३	०	४८६२	०	०	०
ख	संगठन, मानव संशाधन र क्षमता विकास	२०८०/८१	११४६२९	११२३३६	२२९३	०	११४६२९	०	०	०
		२०८१/८२	१२९५१४	१२६९२३	२५९०	०	१२९५१४	०	०	०
		२०८२/८३	१३९३८७	१३६६००	२७८८	०	१३९३८७	०	०	०
ग	राजस्व तथा श्रोत परिचालन	२०८०/८१	५०३	४५२	५०	०	५०३	०	०	०
		२०८१/८२	५६८	५११	५७	०	५६८	०	०	०
		२०८२/८३	६११	५५०	६१	०	६११	०	०	०
घ	तथ्याङ्क, योजना तथा विकास परिचालन	२०८०/८१	९१६	७३३	१८३	०	९१६	०	०	०
		२०८१/८२	१०३५	८२८	२०७	०	१०३५	०	०	०
		२०८२/८३	१११४	८९१	२२३	०	१११४	०	०	०
	जम्मा	**२०८०/८१**	**५५८४३०**	**४०२९७०**	**१५५४६०**	**०**	**१३०६१५**	**४०१०००**	**२६८१५**	**०**
		२०८१/८२	**६३०९४३**	**४५५२९६**	**१७५६४७**	**०**	**१५५३४७**	**४४११००**	**३४४९६**	**०**

क्रस	विषयक्षेत्र/उपक्षेत्र	आर्थिक बर्ष	बजेट सिमा रु हजारमा				बजेटको श्रोत रु हजारमा			
			कूल	चालु	पुँजीगत	वित्तिय व्यवस्था	आन्तरिक श्रोत तथा राजश्व वाँडफाड	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
		२०८२/८३	६७९०४४	४९०००७	१८९०३८	०	१५५८८८	४८५२१०	३७९४६	०

बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष २०८०/८१ र सहित आगामी दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही गाउँपालिकाको आवधिक योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।

३. गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति कार्यक्रम, विषयक्षेत्र रणनीतिक गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४. चालु आर्थिक बर्षमा संचालित स्थानीय गौरव, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ ।

६. गाउँपालिका स्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन् लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१२. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंङ्गिक समानता र सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रोइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा

कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक बर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/राय परामर्श गरीसहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्र अनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ ।

२२. योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल) स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन, कार्यसम्पादन मूल्यांकन, लैससास परीक्षण लगायत ले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्नु पर्नेछ ।

आज्ञाले,
चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

क्रस	कार्यक्रम आयोजना	आगामी पहिलो आ व २०८/०८१ को विनियोजन			आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण			आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण			सांकेतिकरण				
		कुल	चालु	पुंजीगत	कुल	चालु	पुंजीगत	कुल	चालु	पुंजीगत	रणनीतिक स्तम्भ	प्राथमिकिकरण	दिगो विकास लक्ष्य	लैंगिक संकेत	जलवायु संकेत
१	मकैबाली प्रवर्द्धन कार्यक्रम	९७५	६३४	३४१	१०००	६५०	३५०	१०००	६५०	३५०	1	P1	SDG2	सहयोगी	सान्दर्भिक
२	सुन्तलाजात पकेट विकास कार्यक्रम	३०००	१९५०	१०५०	३०००	१९५०	१०५०	३०००	१९५०	१०५०	1	P1	SDG2	सहयोगी	सान्दर्भिक
३	कृषि उपज वजार प्रवर्द्धन, सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	३०००	२४००	६००	३०००	२४००	६००	३०००	२४००	६००	1	P2	SDG12	तटस्थ	तटस्थ
४	सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	२३७३	१८९८	४७५	३५६२	२८५०	७१२	४३६७	३४९४	८७३	1	P2	SDG1	तटस्थ	सान्दर्भिक
५	कृतिभ गर्भाधान मिसन कार्यक्रम	१५०	१०५	४५	२००	१४०	६०	२००	१४०	६०	1	P1	SDG12	तटस्थ	तटस्थ
६	पशुपक्षी उपज बजार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	८७००	६०९०	२६१०	९८०१	६८६१	२९४०	१०५६४	७३९५	३१६९	1	P1	SDG1	सहयोगी	सान्दर्भिक
७	लघु तथा साना उद्योग विकास कार्यक्रम	१३००	३९०	९१०	१३००	३९०	९१०	१३००	३९०	९१०	1	P1	SDG1	सहयोगी	सान्दर्भिक
८	लघु, घरेलु तथा साना उद्योग तथा बजार प्रवर्द्धन सालवसाली कार्यक्रम	१४४९८	४३४९	१०१४९	१६५४९	४९६५	११५८४	१७९१०	५३७३	१२५३७	1	P2	SDG1	निर्दिष्ट	तटस्थ
९	भीमसेन थापा स्मृतिपार्क तथा संग्राहलय निर्माण आयोजना (गौरव), वडा नम्बर ८	५००	१५०	३५०	१०००	३००	७००	१०००	३००	७००	1	P2	SDG8	सहयोगी	सान्दर्भिक
१०	तान्द्राङकोट तथा मुडुलो थुम्को संरक्षण तथा प्रवर्द्धन आयोजना (गौरव), वडा नम्बर २, ३, ४	५००	४००	१००	१०००	८००	२००	१०००	८००	२००	1	P2	SDG12	तटस्थ	सान्दर्भिक
११	ठूलीपोखरी क्षेत्र संरक्षण तथा सतीडाँडा पिकनिक स्थल निर्माण आयोजना, वडा नम्बर १	५००	२५०	२५०	१०००	५००	५००	१०००	५००	५००	1	P2	SDG8	सहयोगी	सान्दर्भिक
१२	पशुपती धार्मिक क्षेत्र विकास आयोजना, वडा नम्बर ५	५००	२५०	२५०	१०००	५००	५००	१०००	५००	५००	1	P2	SDG8	सहयोगी	सान्दर्भिक
१३	एकीकरण पदमार्ग निर्माण आयोजना (१२ कि.मि.) गौरव, वडा नं. ६, ७, ८	५००	२५०	२५०	१०००	५००	५००	१०००	५००	५००	1	P2	SDG8	तटस्थ	सान्दर्भिक
१४	सल्लाघारी पार्क तथा पिकनिक, वडा नं. ६	५००	४२५	७५	५००	४२५	७५	५००	४२५	७५	1	P2	SDG8	तटस्थ	सान्दर्भिक
१५	शहिद स्मारक पार्क तथा जनयुद्ध संग्रहालय, वडा नम्बर २	५००	४२५	७५	५००	४२५	७५	५००	४२५	७५	1	P2	SDG8	तटस्थ	सान्दर्भिक
१६	पर्यटन तथा संस्कृति प्रवर्द्धन अन्य सालबसाली कार्यक्रम	२००१	१७०१	३००	२१४	१८२	३२	६८९	५८६	१०३	1	P2	SDG8	सहयोगी	सान्दर्भिक
१७	वित्तिय संस्था तथा सहकारी प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम	३६५२	३१०४	५४८	४१२६	३५०७	६१९	४४४१	३७७५	६६६	1	P1	SDG1	सहयोगी	तटस्थ
१८	प्रधानमन्त्री रोजगार कार्यक्रम	४६००	३९१०	६९०	१०००	८५०	१५०	१०००	८५०	१५०	1	P1	SDG1	निर्दिष्ट	तटस्थ
१९	रोजगार प्रवर्द्धन सालवसाली कार्यक्रम	३५९८	३०५८	५४०	८२६२	७०२३	१२३९	८९६८	७६२३	१३४५	1	P1	SDG1	सहयोगी	तटस्थ
२०	विद्यालय शिक्षा कार्यक्रम	२१५६००	१८३२६०	३२३४०	२२५०००	१९१२५०	३३७५०	२२५०००	१९१२५०	३३७५०	3	P1	SDG4	तटस्थ	तटस्थ

क्रस	कार्यक्रम आयोजना	आगामी पहिलो आ व २०८/०८१ को विनियोजन			आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण			आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण			सांकेतिकरण				
		कुल	चालु	पुंजीगत	कुल	चालु	पुंजीगत	कुल	चालु	पुंजीगत	रणनीतिक स्तम्भ	प्राथमिकिकरण	दिगो विकास लक्ष्य	लैंगिक संकेत	जलवायु संकेत
२१	विद्यालय पुर्वाधार सुधार कार्यक्रम	५०००	४२५०	७५०	५०००	४२५०	७५०	५०००	४२५०	७५०	3	P1	SDG4	तटस्थ	तटस्थ
२२	प्राविधिक शिक्षा कार्यक्रम	१५००	१२७५	२२५	१५००	१२७५	२२५	१५००	१२७५	२२५	3	P1	SDG4	निर्दिष्ट	तटस्थ
२३	शिक्षा भाषा कला तथा संस्कृति संरक्षण र प्रवर्धन तथा अन्य सालवसाली कार्यक्रम	३५०६	७०१	२८०५	२३४०१	४६८०	१८७२१	४२८३४	८५६७	३४२६७	3	P2	SDG4	तटस्थ	तटस्थ
२४	आधारभूत स्वास्थ्य सेवा प्रवाह	५५०००	११०००	४४०००	६००००	१२०००	४८०००	६००००	१२०००	४८०००	3	P1	SDG3	सहयोगी	तटस्थ
२५	स्वास्थ्य संस्था पुर्वाधार निर्माण कार्यक्रम	५०००	४२५०	७५०	५०००	४२५०	७५०	५०००	४२५०	७५०	3	P1	SDG3	तटस्थ	तटस्थ
२६	खोप सेवा र CBIMNCI कार्यक्रम तथा अन्य सालवसाली कार्यक्रम	४२२	३५९	६३	३२६८	२७७८	४९०	८४७३	७२०२	१२७१	3	P1	SDG3	सहयोगी	तटस्थ
२७	पालिकास्तरीय खानेपानी आयोजना	७५००	३७५०	३७५०	७५००	३७५०	३७५०	७५००	३७५०	३७५०	3	P1	SDG3	सहयोगी	तटस्थ
२८	खानेपानी सरसफाइ कार्यक्रम तथा पानी परीक्षण सालबसाली कार्यक्रम	२१०५	२०००	१०५	३३५२	३१८४	१६८	४१८०	३९७१	२०९	3	P1	SDG6	सहयोगी	सान्दर्भिक
२९	महिला सशक्तिकरण कार्यक्रम	३००	१५	२८५	४००	२०	३८०	४००	२०	३८०	4	P1	SDG5	निर्दिष्ट	तटस्थ
३०	दलित विशेष सशक्तिकरण कार्यक्रम	२५०	१३	२३८	५००	२५	४७५	५००	२५	४७५	4	P1	SDG5	निर्दिष्ट	तटस्थ
३१	जनजाति विशेष सशक्तिकरण कार्यक्रम	२५०	१३	२३८	२५०	१३	२३८	२५०	१३	२३८	4	P1	SDG5	निर्दिष्ट	तटस्थ
३२	अल्पसङ्ख्यक विशेष सशक्तिकरण कार्यक्रम	२५०	८	२४३	२५०	८	२४३	२५०	८	२४३	4	P1	SDG10	निर्दिष्ट	तटस्थ
३३	अपाङ्ग लक्षित सशक्तिकरण कार्यक्रम	१५०	५	१४६	१५०	५	१४६	१५०	५	१४६	4	P1	SDG10	निर्दिष्ट	तटस्थ
३४	अपांगता, जेष्ठनागरिक, दलित, जनजाति सिमान्तकृत विपन्न बर्ग उत्थान तथा अन्य सालबसाली कार्यक्रम	३०८	९	२९९	१५४	५	१४९	२८३	८	२७५	4	P1	SDG10	निर्दिष्ट	तटस्थ
३५	राष्ट्रपति रनिङ्ग शिल्ड	५००	२५	४७५	५००	२५	४७५	५००	२५	४७५	3	P2	SDG10	तटस्थ	तटस्थ
३६	एक वडा एक खेलकुद कार्यक्रम लगायत खेलकुद विकास तथा आविश्कार कार्यक्रम प्रवर्द्धन कार्यक्रम	८९६	१३४	७६२	१०७७	१६२	९१५	११९८	१८०	१०१८	3	P2	SDG8	सहयोगी	तटस्थ
३७	सामाजिक सुरक्षण क्षमता विकास कार्यक्रम तथा अन्य सालवसाली कार्यक्रम	१००५	१०१	९०५	११३६	११४	१०२२	१२२२	१२२	११००	3	P1	SDG11	निर्दिष्ट	तटस्थ
३८	प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन आयोजना	१००००	५०००	५०००	१००००	५०००	५०००	१००००	५०००	५०००	2	P2	SDG11	तटस्थ	तटस्थ
३९	वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्भार	८०००	३२००	४८००	१००००	४०००	६०००	१००००	४०००	६०००	2	P2	SDG11	तटस्थ	तटस्थ
४०	सार्वजनिक निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम	१५९९७	१५१९७	८००	१८४१२	१७४९१	९२१	२१३४०	२०२७३	१०६७	2	P2	SDG11	सहयोगी	तटस्थ
४१	भिमसेनथापा चक्रपथको तेस्रो खण्ड	८०००	७८४०	१६०	१००००	९८००	२००	१००००	९८००	२००	2	P2	SDG11	तटस्थ	तटस्थ
४२	बोर्लाङ्ग-ऐरिभञ्याङ्ग-महादेवटार सडक स्तरोन्नती	१००००	९०००	१०००	१००००	९०००	१०००	१००००	९०००	१०००	2	P2	SDG9	तटस्थ	तटस्थ
४३	लामाचौर-काशीघाट सडक स्तरोन्नती	५०००	४०००	१०००	५०००	४०००	१०००	५०००	४०००	१०००	2	P2	SDG9	तटस्थ	तटस्थ
४४	सडक निर्माण मर्मत सम्भार सालवलासी कार्यक्रम	१८९९७	१७०९७	१९००	२३१०१	२०७९१	२३१०	२७१४८	२४४३३	२७१५	2	P2	SDG9	तटस्थ	तटस्थ

क्रस	कार्यक्रम आयोजना	आगामी पहिलो आ व २०८/०८१ को विनियोजन			आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण			आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण			सांकेतिकरण				
		कुल	चालु	पुंजीगत	कुल	चालु	पुंजीगत	कुल	चालु	पुंजीगत	रणनीतिक स्तम्भ	प्राथमिकिकरण	दिगो विकास लक्ष्य	लैंगिक संकेत	जलवायु संकेत
४५	पक्की झोलुङ्गे पुल निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम	५०००	४०००	१०००	५०००	४०००	१०००	५०००	४०००	१०००	2	P1	SDG7	तटस्थ	तटस्थ
४६	नविकरणिय उर्जा प्रविधि तथा विद्युतिय चुलो सुधारिएको चुलो लगायत वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन सालवसाली कार्यक्रम	१०००	९००	१००	११२९	१०१६	११३	१२१५	१०९४	१२२	2	P1	SDG16	तटस्थ	अत्यन्त सान्दर्भिक
४७	सूचना प्रणाली सफ्टवेयर सञ्चालन, प्रविधि मैत्रि शासन प्रवर्द्धन सालवसाली कार्यक्रम	१५०२	१२०२	३००	१६९७	१३५८	३३९	१८२७	१४६२	३६५	2	P2	SDG15	तटस्थ	अत्यन्त सान्दर्भिक
४८	वन तथा हरियाली प्रवर्द्धन, नदि नियन्त्रणका लागि उपभोक्ता समिति परिचालन तथा सालबसाली कार्यक्रम	१०००	९००	१००	११२९	१०१६	११३	१२१५	१०९४	१२२	5	P1	SDG13	तटस्थ	अत्यन्त सान्दर्भिक
४९	ल्याण्डफिल्ड साइट निर्माण तथा व्यवस्थापन	८००	६४०	१६०	१०००	८००	२००	१०००	८००	२००	5	P1	SDG13	तटस्थ	अत्यन्त सान्दर्भिक
५०	फोहरमैला ब्यवस्थापन तथा स्वस्थ घर कार्यक्रम	२००	१८०	२०	१२९	११६	१३	२१५	१९४	२२	5	P1	SDG16	तटस्थ	अत्यन्त सान्दर्भिक
५१	विपद् पुर्वतयारी जोखिम न्यूनीकरण, उद्दार, राहत (कोष परिचालन) तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम	१९९९	१५९९	४००	२२५९	१८०७	४५२	२४३१	१९४५	४८६	5	P1	SDG17	सहयोगी	अत्यन्त सान्दर्भिक
५२	न्यायीक सेवा कार्यक्रम	३०००	२७००	३००	३०००	२७००	३००	३०००	२७००	३००	6	P1	SDG17	सहयोगी	तटस्थ
५३	नीति कानुन शुसाशन तथा न्याय प्रवर्द्धन सालवसाली कार्यक्रम	९९८	७९८	२००	१५१८	१२१४	३०४	१८६२	१४९०	३७२	6	P2	SDG16	सहयोगी	तटस्थ
५४	संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम	११४६२९	१०३१६६	११४६३	१२९५१४	११६५६३	१२९५१	१३९३८७	१२५४४८	१३९३९	6	P2	SDG17	सहयोगी	तटस्थ
५५	राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम	५०३	४०२	१०१	५६८	४५४	११४	६११	४८९	१२२	6	P2	SDG17	सहयोगी	तटस्थ
५६	तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम	९१६	८२४	९२	१०३५	९३२	१०४	१११४	१००३	१११	6	P2	SDG16	सहयोगी	तटस्थ
	जम्मा	**५५८४३०**	**४२१५५२**	**१३६८७८**	**६३०९४३**	**४६५०६७**	**१६५८७६**	**६७९०४४**	**४९३२१७**	**१८५८२७**					

अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा तस्वीरहरु

भिमसेनथापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खान्चोक, गोरखा, गण्डकी प्रदेश, नेपाल।

२०८०